CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

५८

पूर्णाङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५।२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलगाइदिनुहोला ।]

पूर्णिमा

१५ वर्ष

२ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक-

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक-

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १७।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

			पृष्ठ
१.	के श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन–मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त ?	– महेशराज पन्त	१–२९
२.	श्री ५ रणबहादुर शाहका नौवटा अप्रकाशित लालमोहर	– दिनेशराज पन्त	३०–४४
३.	बूढाकाजी अमरसिंह थापा परलोक भएको कुरा परेका, पाँचवटा तात्कालिक अप्रकाशित पत्र	– महेशराज पन्त	४५–६१
	पशुपतिको भित्री उत्तरद्वारको तोरणको रजताभिलेख		५६–५८
	भक्तवीर थापाले काजी रणध्वज थापालाई वि. सं. १८७२ भदौ २ गते लेखेको चिठी		५८–६०
	ज. भीमसेन थापा र काजी रणध्वज थापाले कर्नेल भक्तवीर थापालाई वि. सं. १८७३ वंशाख ४ गते लेखेको अप्रकाशित चिठी		६१-६३
४.	श्री ५ गीर्वाणको स्वर्गवास भएको कुरा परेको तात्कालिक अप्रकाशित पत्र	– महेशराज पन्त	६२–६३

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२	२४	नेपालीका	नेपालीमा	३९	१३	°बहादुर्समसेरजङ°	°बहादूर्सम्सेर्जङ्°
४	२८	२०३९	२०३८	४०	१	ढिलाउन	पनि ढिलाउन
२४	१८	°परिको	°पारिको	४०	१७	तिमी°	तिमि°
२८	१७	नीलसरस्वती	नीलसरश्वती	४२	१	आव	आवस्
३१	१३	भारदार°	भारादार°	४२	१०	बकस्या	बक्स्या
३१	१८	देश°	देश°	४२	२१	सुषिमले	सुषिम्ले
३२	१२	कमायको	कमायाको	४३	११	मद्दत	मद्दत्
३२	१७	तिम्बु	लिम्बु	४३	२२	भ्युं कवरं	भ्यु कंवरं
३२	२१	फनि	भनि	४४	१३	मद्दत	मद्दत्
३४	७	ठेगान	ठेगान्	४४	२०	गएर	गयेर
३४	१४/१५	गरि	गरी	४४	२१	हामिलाई	हामिलाइ
३४	१५	मन्डन्	मन्ढन्	४६	२७	न पाइएका	न पाइयेका
३५	९	पठाञ्युं	पठाञ्यु	४९	१०	बडियै	बढियै
३५	२०	°संग	°सग	५१	७	तिन्हेरू	तिन्हेरु
३५	२२	सरुपको	सरुप्को	५२	७	तांहीसम्म	ताहीँसम्म
३५	२५	तिमीहरूको	तिमिहरूको	५२	१०	वांही	वाहीँ
३७	१७	वँरि	वँरि हट्या.	५३	६	उंहो	उहीँ
३७	१८	°लाई	°लाइ	५३	१२	जेठंदेषी	जेठँदेषी
३८	१३	राषा	राष	५४	१९	उंहीं	उंही
३८	२७	तरफ°	तरफ्°				

CC-0. Nepal Sanskrit Academy, Kathmandu

के श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन–मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त ?

कमलप्रकाश मल्लजी,

नमस्कार ।

नेपाल र एशियाली अनुसन्धानकेन्द्रबाट प्रकाशित हुने *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्* (नेपालविषयक विद्यासम्बन्धी लेख) भन्ने पत्रिकाको वि. सं. २०४० पौषमा छापिएको अङ्कमा अर्थात् एघारौं वर्षको पहिलो अङ्कमा परेको आफ्नो लेख तपाईंले मकहां यही माघ २२ गते पठाइदिनुभएको रहेछ । सम्झना राख्नुभएकोमा कृतज्ञ छु ।

त्यस लेखमा तपाईंले श्रीमेरी शेफर्ड स्लसरको *नेपाल् मण्डल* भन्ने पुस्तकको गुणदोषको विवेचना गर्न खोज्नुभएको रहेछ । लेख निकै चाख मानी पढें । पढ्दा मनमा कुरा खेल्ने नै भए । तपाईंले लेख्नुभएको एउटा कुराको त जवाफ पनि दिइहाल्नुपर्ने ठहराएँ ।

हुनत *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्*मा छापिएको तपाईंको त्यस लेखको विषयमा लेखिएको मेरो यो टिप्पणी त्यहीं नै छपाउन दिनुपर्ने हो तापनि मैले त्यसो गर्न सकिनँ । त्यसो गर्न नसक्नाका दुइटा कारण छन् । त्यो पनि तपाईंलाई बताइहालूं । पहिलो त त्यस पत्रिकामा कतिको भीडभाड छ, त्यो मलाई थाहा छैन । मेरो लेख छापिन जुग बिताउनुपर्ने हो कि भन्ने शङ्का पनि लाग्यो । अर्को कारणचाहिं के हो भने जुनसुकै पत्रिकाका पनि आफ्ना यस्ता नीति हुन्छन्, तिनमा धक्का पर्ने लेख आफ्नो पत्रिकामा नछपाउने अधिकार सम्पादकको हुन्छ । दृष्टिभेदअनुसार एउटै कुरा पनि कसैलाई राम्रो, कसैलाई नराम्रो लाग्न सक्ने हुनाले मेरो लेख त्यस पत्रिकाका प्रधान सम्पादक हुनुभएका तपाईंलाई राम्रै लाग्छ भन्न पनि म सक्दिनँ । यसैले यस लेखलाई छिटै छपाउनु मेरो अभीष्ट भएकोले आफ्नै पत्रिका *पूर्णिमा*मा छपाउने विचार गरी त्यसै गर्दैछु ।

तपाईंको त्यस लेखको विरोधमा लेख्न सकिने विषय एक होइन, अनेक छन् । यसो भए तापनि म अहिले लेख्नै पर्ने, नलेखी नहुने खालि एक विषयलाई मात्र ओगट्दैछु । फुर्सत भए, इच्छा भए पछि अरू विषयमा पनि लेखुँला ।

पिताजी नयराज पन्त, गुरु देवीप्रसाद भण्डारी, सहपाठी गौतमवज्र वज्राचार्य र भाइ दिनेशराज पन्तले मिलेर तयार गरेको[१] *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*लाई तपाईंले त्यस लेखमा निकृष्ट ग्रन्थ ठह्र्याउनुभएको रहेछ । सबभन्दा पहिले त्यस विषयमा तपाईंको भनाइ यहां उताछुं—

---

१. त्यहां परेका पृथ्वीनारायण शाहसम्बन्धी चिठीपत्रको सम्पादनचाहिं गुरु धनवज्र वज्राचार्यले गर्नुभएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

··· द बिब्लिअग्रफि इज् एक्स्टेन्सिभ्, पर्टिक्युलर्लि इन् लिस्ट्इङ द पब्लिकेशन्ज् अफ् द संशोधन मण्डल । ह्वेर्, फर् द फर्स्ट् टाइम्, इज् ए बुक् इन् ह्विच् ए वेस्टर्न् स्कलअर् ग्रेट्फुल्लि याक्नलइजिज् द कन्ट्रिब्युशन्ज् मेड् बाइ नेपालीज् स्कलअर्ज् । इन् द पास्ट्, बुक्स् अन् नेपालीज् हिस्टरि यान्ड कल्चर् रिटन् बाइ अथर्इटिज् अन् नेपाल्—वेस्टर्न् याज् वेल् याज् नेपालिज्—यूज्ड् टु बी समअरिज् अफ् द राइटिङज् अफ् ब्रिट्इश्-इन्डिअन् सिभ्इल्/मेडिइकल्/मिल्इटरि काडर् । इट् इज् ग्याट्इफाइङ टु सी द्याट् दिस् इज् नो लङअर् पस्इब्ल् । दि याक्नलइज्मेन्टस् टु नेपालिज् सोर्स् इज् आर् याम्प्ल्, यान्ड् इन् ए फ्यू केस्इज्, फल्सम् । टु गिभ् जस्ट् वन् एग्जाम्प्ल्, स्लसर् सिङ्गल्ज् आउट् *श्री पाँच प्रिथ्विनारायण शाहाको उपदेश* (पाटन् : जगदम्बा प्रेस्, १९६८) एड्इट्इड् बाइ नय राज् पन्त् यान्ड् अदअर्ज् याज् "यान् आउटस्टयान्ड्इङ कन्ट्रिब्युशन् अन् द हिस्टरि अफ् नेपाल् आफ्टर् ए. डी. १७६९" (पी. ७८, फुट्नोट् १६८) । इट् इज् यान् एडिशन् अफ् ए लेट् म्यानुस्क्रिप्ट् अफ् १० पेज्इज् इन् लेङ्थ् । दि एडिशन् इज् इन् फाइभ् पार्ट्स्, रन्इङ् टु ए टोटल् अफ् १३५० पेज्इज्,— द *म्याग्नम् ओपस्* अफ् द ग्रूप्, अकर्ड्इङ् टु इट्स् प्रिन्सिपल् एड्इटर् (प्रेफ्इस्, पी. ४) । द फर्स्ट् पार्ट्, अड्लि इनफ्, बिगिन्ज् विथ् यान् अनोमिक् भर्सिफाइड् इन्टर्प्रिटेशन् अफ् प्रिथ्विनारायन् शाह् बाइ नय राज् पन्त्, डिस्प्लेइङ द ल्याट्अर्'ज् कम्पिटन्स् इन् स्यान्स्क्रिट् प्रस्अडि । देन् कम्ज् द प्रोज् भर्शन्, नट् अफ् द टेक्स्ट्, बट् अफ् द पोइम् । दि याक्ट्यु्अल् टेक्स्ट् अफ् *उपदेश* द बुक पर्पर्ट्स् टु इड्इट् इज् इन् यान् अपेन्डिक्स् बिट्वीन् पेज्इज् ४१३–४३१! दि एडिशन् इन्क्लूड्ज् ए १०९-पेज् इरेटा यान्ड् अडेन्डा । ए ग्रेट्अर् पार्ट् अफ् द १३५० पेज्इज् इज् प्याड्इड् विथ् एक्स्ट्र्याक्ट्स् फ्रम् दि १८७८ *भाषा वम्शावली* । कम्पेर् दिस् यान्टिडिल्यूभिअन् "टेक्सट्यु्अल्/क्रिट्इक्अल् एडिशन्" विथ् फादर् ल्युड्विग् स्टिलर्'ज् *प्रिथ्वि नारायण शाह इन् द लाइट् अफ् हिज् दिव्य उपदेश* (रांची : १९६८) । ए स्लिम् भल्युम् अफ् बेर् ७८ पेज्इज्, इट् कन्टेन्ज् नट् ओन्लि यान् एमइनन्ट्लि रीड्एब्ल् इङ्लिश् ट्रान्स्लेशन् अफ् दि *उपदेश* टेक्स्ट्, बट् अल्सो वन् अफ् द बेस्ट् अमेल्एब्ल् इन्टर्प्रिटेशन्ज् अफ् इट्, क्लीर्लि यान्ड् कन्साइस्लि ब्रिङ्इङ आउट् द लाइफ् यान्ड् टाइम्ज् अफ् द ग्रेट् सोल्जर्-स्टेट्स्म्यान् । स्लसर्'ज् याड्युलेशन् अफ् संशोधन मण्डल इज् अन्डर्स्टयान्ड्एब्ल्, बट् ह्वाइ शी चोज् सच् याज् इनेप्ट् स्पेस्इमिन् अफ् देर् स्कलअर्सिप् टु डू सो इज् इन्कम्प्रिहेन्सिब्ल् ।[२]

*पूर्णिमा*का पाठक सबैले अङ्ग्रेजी बुझ्छन् नै भन्ने नियम नभएकोले तपाईंको विचार तिनीहरूछेउ पुऱ्याउन नेपालीका माथिका वाक्यको उल्था पनि गर्छु—

[नेपाल *मण्डल*को] सन्दर्भग्रन्थसूची विस्तीर्ण छ, खास गरी संशोधन-मण्डलका कृतिहरूको फिरिस्त दिंदा । यो यस्तो किताब हो, जहाँ नेपाली विद्वान्हरूले गरेका अवदानलाई पहिलो पटक पश्चिमा विद्वान्ले कृतज्ञ

२. ११२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भई स्वीकार गरेको छ। अघिअघि नेपालविषयका पत्रिमा र तीबाहेकका नेपाली प्रमाणपुरुषहरूले लेखेका नेपाली इतिहास र संस्कृतिका पुस्तक ब्रिटिश भारतमा निजामती, डाक्टरी र जङ्गी काम गर्नेहरूका लेखका सारांश हुन्थे। यो अब सम्भव छैन भन्ने देख्दा खुशी लाग्छ। [यहाँ] नेपाली लेखहरूलाई मनग्यसँग स्वीकार गरिएको छ, कहीँ कहीँ त अति भई यसले विरक्तै गराउँछ। उदाहरणको लागि नयराज पन्त र अरूहरूले सम्पादन गरेको, पाटनबाट जगदम्बा छापाखानाद्वारा[३] वि. सं. २०२५ मा प्रकाशित भएको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*लाई वि. सं. १८२६ पछिको नेपालको इतिहासमा विशिष्ट महत्त्व भएको अवदान (७८ पृष्ठ, १६८ टिप्पणी) भनी स्लसरले छान्नुभएको छ। यो, १० पृष्ठ भएको, पछिको लेखोट पुस्तकको संस्करण हो। यो संस्करण पाँच भागमा छ, जम्माजम्मी गर्दा यो संस्करण १३५० पृष्ठसम्म पुगेको छ।[४] यसका मुख्य सम्पादकअनुसार यो, सो जमातको ठूलो कृति हो (वक्तव्यको ४ पृष्ठ)। यसको पहिलो भाग अनौठो लाग्ने गरी नयराज पन्तको संस्कृतको छन्दःशास्त्रमा अधिकार भएको देखाउँदै पृथ्वीनारायण शाहको उहाँले गर्नुभएको रगतै नभएको (ओज नभएको) पद्यबद्ध व्याख्याबाट शुरू हुन्छ। त्यसपछि गद्यमा गरिएको रूपान्तर आउँछ, उपदेशको मूलपाठको होइन, त्यही काव्यको। भन्न त उपदेशको मूल पाठको सम्पादन गरिएको हो भनी भनिएको छ, खुद उपदेशको मूल पाठ भने परिशिष्टको रूपमा त्यस पुस्तकमा ४१३ र ४३१ पृष्ठको बीचमा पो[५] आउँछ! त्यस संस्करणमा १०९ पृष्ठको[६] शुद्धिपत्र र थुप्रै कुरा गाभिएको छ। १३५० पृष्ठको धेरै जसो भाग वि. सं. १९३५ को *भाषावंशावली*बाट झिकिएका उद्धरणले भरी किताब मोटो पारिएको छ। यो पुरानो खालको "मूलपाठविषयक/परीक्षणात्मक संस्करण" लाई राँचीबाट वि. सं. २०२६ मा छापिएको, पादरी ल्युड्विग स्टिलरको *प्रिथ्वि नारायण् शाह इन् द लाइट् अफ् हिज् दिव्य उपदेश्*[७] (आफ्नो दिव्य उपदेशबाट हेर्दा पृथ्वीनारायण शाह) भन्ने पुस्तकसँग दाँजेर हेर्नुहोस्। खालि ७८ पृष्ठ[८] मात्र भएको यो सानो पुस्तकमा उपदेशको मूल पाठको ज्यादै चाख लाग्ने पाराले गरिएको अङ्ग्रेजी उल्था मात्र नभई ती ठूला सैनिक-राजनीतिज्ञको चरित्र र जमानामा स्पष्टसँग र छोटकरीमा प्रकाश पनि पार्ने, उपदेशका पाइएसम्मका अत्युत्तम व्याख्यामध्ये एक पनि परेको छ। संशोधन-मण्डलको स्लसरले गरेको चापलूसी त बुझ्न सकिन्छ, त्यसो गर्न उहाँले तिनीहरूको विद्वत्ताको यस्तो अनुपयुक्त नमूना किन छान्नुभयो भन्ने कुरा भने बुझ्न सकिएन।

---

३. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को प्रकाशक जगदम्बा छापाखाना होइन, जगदम्बा-प्रकाशन हो। छापिएको पनि जगदम्बा छापाखानामा होइन, नेपाल प्रेसमा हो।

४. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को जम्माजम्मी पृष्ठसङ्ख्या १३५१+१३८+११=१५०० छ।

५. उपदेशको मूल पाठ ४१३ र ४३१ पृष्ठको बीचमा होइन कि ३१४ र ३३१ पृष्ठको बीचमा दिइएको छ।

६. वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणी परेको भागको ३९ पृष्ठदेखि अन्तिम पृष्ठ अर्थात् १४६ पृष्ठसम्म शुद्धिपत्र र टिप्पणी परेका छन्। तर त्यहाँ ६४ पृष्ठपछि ६५ हुनुपर्नेमा भूलले ७३ हुन गई एवं रीतले त्यसपछिको पृष्ठसङ्ख्या बिग्रिएकोले जम्मा पृष्ठसङ्ख्यामा ८ पृष्ठ बढ्न गएको छ। फेरि क देखि ट पृष्ठसम्म शुद्धिपत्र र टिप्पणी परेको छ। यसरी शुद्धिपत्र र टिप्पणीको जम्माजम्मी पृष्ठसङ्ख्या १११ हुन गएको छ।

७. श्रीस्टिलरको पुस्तकको शुद्ध नाउँ *पृथ्वीनारायण शाह् इन् द लाइट् अफ् दिव्य उपदेश्* हो, तपाईँले भने जस्तो *प्रिथ्वि नारायण् शाह इन् द लाइट् अफ् हिज् दिव्य उपदेश्* होइन।

८. श्रीस्टिलरको सो पुस्तक तपाईँले भने जस्तो ७८ पृष्ठको होइन। मूल ग्रन्थ ७४ पृष्ठको र माथिको पृष्ठसङ्ख्या ८ भएकोले त्यसको जम्माजम्मी पृष्ठसङ्ख्या ८२ छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संशोधन-मण्डलले तयार गरेको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* राम्रो पुस्तक होइन भन्ने तपाईंको विचार रहेछ भन्ने कुरा यताबाट बुझिएको छ। यति मोटो पुस्तक केलाई तपाईंले परीक्षा गर्न खोज्नुभएकोमा तपाईंलाई सबभन्दा पहिले धन्यवाद दिन्छु। त्यस ग्रन्थको विषयमा तपाईंलाई केही बताउनु मैले आफ्नो कर्तव्य ठानेकोले अब त्यसै गर्छु।

हुनत तपाईंले सारा नेपालीहरूको त होइन, नेवारहरूको विद्यापरम्पराको गौरव गाउनु भए तापनि[९] नेपालमा विद्याको परम्परा त्यति छैन भन्ने धारणा नै हाम्रो छ। हुनत तपाईंले पनि एक ठाउँमा नेपालमा बुद्धिको दारिद्रय छ भनी नलेख्नुभएको पनि होइन।[१०] हाम्रो यस धारणा कुनै पूर्वाग्रहमा अडेको नभई इतिहासको मननमा अडेको छ। त्यसै गरी अरू अरू विषयमा पनि नेपालले गर्व गर्ने कुरा छैन भन्ने हाम्रो धारणा छ। यसो भए तापनि पृथ्वीनारायण शाहको उदयले नेपालमा जुन जागर्ति आयो, त्यो जागर्ति भरतखण्डकै इतिहासमा नौलो थियो। सारा भारतवर्षलाई एकएक गरी वशवर्ती पार्दै गएका अङ्ग्रेजहरूलाई नेपाल खान बाधक केही थियो भने त्यो, पृथ्वीनारायण शाहकै नीति थियो। आफूसँग मिल्न आएको खण्डमा राजासम्म बनाइदिने लोभ दिँदा पनि गोरखाली भारादारहरूलाई आफूले फसाउन नसकेको देखेर खुद अङ्ग्रेज नै जिल्लिएका थिए। आफ्ना छिमेकी मल्लराज्य र सेन आदि राज्यका धनी धनी भारादारहरूलाई उनीहरूको धनको सुरक्षा गरिदिने लोभ देखाई तिनीहरूलाई आफूपट्टि मिलाउन सकेका पृथ्वीनारायण शाहलाई क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई दवलथ् कामाउन नदिनु. आदमी हेरी हुर्मत् मात्रै राषीदिनु. क्यान भनौला दवलथ् भयाकाले तरवारमा पसि मर्न मार्न सकैनन् र हरिपको चपक् हुन्छ.[११] भनी बोल्न बाध्य हुनुपरेको थियो। जसरी मैले मेरा शत्रुराज्यका धनी धनी भाइभारादारहरूलाई धनको सुरक्षा गरिदिने लोभ देखाई फसाउन सकें, मेरा भाइभारादार धनी भए भने धन जोगाउने र बढी धन कमाउने इच्छाले तिनीहरू त्यसै गरी शत्रुको प्रलोभनमा फस्न सक्छन् भन्ने उनको विचार भएकोले नै भाइभारादारहरूलाई धन कमाउन उनले दिएनन्। त्यसैले गर्दा थोरै साधनले र थोरै खर्चले जिन्दगी चलाउन बानी परी असीमित होइन कि सीमित इच्छा भएका गोरखाली भारादारहरूले तरवारमा पसी मर्न मार्न सके र हिमवत्खण्डका सानातिना धेरै राज्यलाई जोडेर राष्ट्रको रूप दिन सके।

पृथ्वीनारायण शाहको त्यही नीतिको विषयमा प्रामाणिक ढङ्गले बुझाउन नै *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* भन्ने त्यो मोटो पुस्तकको सृष्टि भएको हो भन्ने मलाई लाग्छ।

यस विषयमा त्यस ग्रन्थका मुख्य रचयिताको विचार पनि लामै भए पनि यस प्रसङ्गमा उद्धरण गर्नु मनासीब नै ठहर्ला—

३०, ३२ वर्ष जति अगाडिको कुरो हो। एक दिन काठमाडौं हनूमानढोका देगुतलेको अगाडिको प्रताप-

---

९. वि. सं. २०३९ मा काठमाडौंबाट एडचुकेशनल इन्टरप्राइज प्राइभेट लिमिटेडद्वारा प्रकाशित तपाईंको *क्ल्यासिकल् नेवारी लिट्रेचर : ए स्केच्* (प्राचीन नेवारीवाङमयको खाका) भन्ने पुस्तकको दि इन्टिलेक्टचुअल् ट्रेडिशन्ज् अफ् द नेवार्ज् (नेवारहरूको विद्यापरम्परा) भन्ने अध्याय, सो ग्रन्थका १८-२७ पृष्ठ।

१०. वि. सं. २०३० मा काठमाडौंबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित *नेपाल् इन् परस्पेक्टिभ्*को २६३ पृष्ठ।

११. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ३२५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्लको स्तम्भको अभिलेखलाई म एकलै सार्न लागिरहेको थिएँ। त्यस वेला श्रीबखतमानसिंह बस्न्यात मकहाँ आई मेरो कुरामा सोधपूछ गर्न लाग्नुभयो। मैले उहाँलाई उस बेलाभन्दा १२ वर्ष जति अगाडि स्रेस्ता पाठशालामा पढ्दा सहपाठेको रूपमा चिनेको थिएँ। त्यसपछि उहाँको र मेरो सङ्गत भएको थिएन। शिलापत्रहरू सार्दा नानाथरीका मान्छेहरू आई यताउताका कुरा गरी काममा अलमल पारिदिने गरेकाले त्यस वेला सकभर बस्न्यातजीबाट परै बस्न मैले उद्योग गरें। तर बस्न्यातजीले यस्ता शिलापत्रहरू तपाईंलाई चाहिने भए म धेरै ठाउँमा देखाइदिन्छु, मसँग पुराना कागतपत्रहरू पनि छन् भनी भन्नुभएको र मैले प्रतापमल्लको सो अभिलेख सार्न लागेको २, ३ घण्टाको समयसम्म पनि डेग नचली मकहाँ नै उहाँ बसीरहनुभएकोले उहाँको साथ लागी नारायणहिटीको नारायण मन्दिरमा रहेको धौकलसिंह बस्न्यातको अभिलेख हेर्न म गएँ। सो अभिलेख पढेर मैले सारें। 'यसको अर्थ मलाई लेखिदिनुहोस्' भनी बस्न्यातजीले भन्नुभएकोले धौकलसिंहको सो अभिलेखको अर्थ नेपालीमा लेखी मैले उहाँलाई दिएँ। यसपछि बिस्तारै उहाँबाट मैले केही कागतपत्र पाएँ। तिनको उल्लेख ती ती कागजपत्र प्रकाश गराउँदा ती ती ठाउँमा परेका छन्। उहाँलाई पनि मैले थाहा पाएसम्मका उहाँका वंशसम्बन्धी वर्णन लेखी दिएको छु। यसै प्रसङ्गमा नेपाली काँचो कागतमा लेखिएको पृथ्वीनारायण शाहको उपदेश मैले बखतमानसिंहबाट पाएँ। त्यसलाई सारी मैले लिएँ। मैले सारी लिएको प्रति मसँग छँदैछ।

पृथ्वीनारायण शाहको उपदेशलाई म बारंबार पढ्न लागें। भाषाको विभिन्नताले गर्दा जम्मैको ठीक अर्थ मलाई लागेन।

सूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाह नामक ग्रन्थमा ख. बाबुरामबाट पाएको भनी सो उपदेशको चर्चा परेको छ। सो उपदेशको अलिकता भागको त्यहाँ व्याख्या पनि गरिएको छ। त्यत्तिबाट पृथ्वीनारायण शाहको सो उपदेशको अर्थ गर्न सम्भव भएन।

बिस्तारैसँग सो उपदेशको गाँठो फुकाउन भनी सकेसम्म उद्योग गर्न म लागें। वि. सं. १९९६ मा पृथ्वीनारायणको सो उपदेशको विषयलाई मुख्य गरी लिई एउटा काव्य नेपालीमा लेखी प्रकाश गर्न म लागें। तर ने. भा. प्र. समितिको बन्धनले यो प्रकाश गराउन मैले सकिनँ। श्री ३ पद्मको अलि उदार दृष्टि भएकोले श्री प्रा. तोत्रराजसँग मिली नेपालको संक्षिप्त इतिहास प्रकाश गराउन वि. सं. २००४ मा म सफल भएँ। त्यहाँ पृथ्वीनारायणको उपदेशको बुझिएको अलिकता अर्थ प्रकाश गरिएको छ।

प्रजातन्त्र आयो। पृथ्वीनारायणको उपदेशको चर्चा यताउता सुनिन लाग्यो। ऐतिहासिकशिरोमणि बाबुराम आचार्य र योगी नरहरिनाथले मिली पृथ्वीनारायणको सो उपदेशको आफ्नो बुद्धिअनुसारको व्याख्या वि. सं. २०१० मा प्रकाश गराउनुभयो। म पनि त्यस वेला सो उपदेशलाई संस्कृतमा पद्यानुवाद गरी संस्कृत-सन्देशमा प्रकाश गराउन लागेको थिएँ। स्रग्धरा छन्दका जम्मा १३४ श्लोकमा मैले सो उपदेशको सम्पूर्ण भागलाई अनुवाद गरी वि. सं. २०१०-११ को संस्कृत-सन्देशमा त्यसलाई प्रकाशित गराएको छु। त्यहाँ मैले आफ्नो बुद्धिअनुसारको व्याख्या गरेको छु। त्यति भएर पनि पृथ्वीनारायण शाहको हृदयलाई मैले ठीकसँग बुझ्न सकेजस्तो मलाई लागेन।

चलाक भनी कहलाएका मानिसहरूमा भन्ने एक थोक र गर्ने अर्को थोक प्रायः देखिन्छ। पृथ्वीनारायणको उपदेशसँग उनले गरेका कामलाई तुलना गर्न उनले लेखेका चिट्ठीपत्रहरूलाई पाएसम्म परिश्रम गरी खोजी सकेसम्म पढेर मैले पढेको छु। यसो गर्दा पृथ्वीनारायणको उपदेश उनको हृदयको सच्चा प्रतिबिम्ब हो भन्ने कुरा मैले संझे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाललाई स्वतन्त्र राष्ट्रको रूपमा खडा गराई उत्तर दक्षिण दुवैको दवाबबाट बचाइराख्न विचार गरिएको युक्ति यो उपदेशको सार हो भन्ने कुरा मैले सम्झेको छु।[१२]

पृथ्वीनारायण शाहको यस उपदेशलाई पढे गुनेका नेपालीले मनन गर्नु बढिया छ

पृथ्वीनारायण शाहले २० वर्ष मिहिनेत गरी मकवानपुरलाई आफ्नो राज्यमा मिलाए। नेपालको उन्नति हुनु भारतमा बसेका साम्राज्यवादीहरूलाई मन पर्ने कुरो थिएन र त्यहाँका साम्राज्यवादी मुसलमान र अंग्रेजहरूले पृथ्वीनारायणलाई निमोठ्न खोजे। पृथ्वीनारायणले लडी तिनीलाई धपाउनुपर्‍यो। यति गरेपछि उनले नेपाल-खाल्डोलाई जिते। त्यसपछि पूर्वका दुइ सेन राज्यलाई जिती पृथ्वीनारायणले पूर्वमा सुखिमसँग नेपालको सीमाना जोडे। यति गरी पश्चिमतिरका राज्यमा आँखा लगाई पृथ्वीनारायण नुवाकोट गएका थिए अकस्मात् उनलाई त्यहीँ ठूलो रोग लाग्यो। त्यस वेला उनको उमेर ५२ वर्षको मात्र थियो। त्यस उमेरमा गइहाल्छु भन्ने कुरा चिताउन विशेष संभव नभएकोले आफूपछिको बन्दोबस्त त्यस उमेरमा मानिसले गरिसकेको प्रायः हुँदैन। यस कारण पृथ्वीनारायणको मनमा रहेका अनेक योजनाहरू त्यसै अलपत्र पर्न संभव भयो। योग्य बाबुको योग्य छोरा हुन्छ भन्ने कुराको नियम छैन। यस कारण अब नेपाल राज्यको अवस्था के हुन्छ भन्ने कुराको चिन्ता अंग्रेज जस्तो शत्रु भएको नेपालको शासकले विचार गर्नु अपरिहार्य थियो। यस अवस्थामा पृथ्वीनारायणले आफ्नो अनुभव र योजना सुनाई आफ्ना भारदारहरूलाई उपदेश दिई तिनबाट आफ्ना सन्तानलाई उपदेश दिलाउन भनी जुन कुरा बोले सोही कुरा यो उपदेश हो।

दुर्भाग्यले गर्दा हाम्रो देशमा उचित शिक्षाको प्रबन्ध थिएन तथा छैन। यस कारण एउटाले अनुभव गरेको कुरा अर्कोले जान्न पाउँदैन र हामीहरूको ज्ञान विश्रृङ्खल भई हाम्रो विद्यापरम्परा चलन सकेको छैन। यस अवस्थामा यो उपदेशले नेपाली राजनीतिको भूमिका बसाउनुसिबाय केही गर्न सकेन। तैपनि कथा सुनीकन विद्वान् बन्ने चलन भएको हाम्रो देशमा गोरखाली राजवंशका भारदारहरूलाई एक पुस्तासम्म यस उपदेशले प्रेरणा दिँदै रह्यो र उनीहरूले शत्रुसँग भिडिदै देश विजय गर्दै गए। पृथ्वीनारायणको साक्षात् संसर्ग नपाएका भीमसेन थापाको हातमा अधिकार आएपछि यो उपदेश काम नलाग्ने भयो र नेपालले हराएका अंग्रेजले नेपाल जितियो।

यति कुराको सार यस उपदेशभित्र गोरखाली विजययात्राको र नेपालको एकीकरणको रहस्य लुकेको छ भन्ने कुरा देखिन आउँछ। यस कारण हामीले अब कि त दुइ शय वर्षभन्दा बढ्ता पुरानो अवस्थामा गई साना साना राज्यमा बाँडिई बस्नुपर्छ अथवा विदेशी साम्राज्यमा मिली नेपाल राष्ट्रको अस्तित्वलाई मिटाइदिनुपर्छ अथवा नेपालको एकीकरण कुन सिद्धान्तमा भएको थियो र हाम्रो कस्तो अवस्था थियो तथा छ भन्ने कुरामा विचार गर्नुपर्छ। पहिलेका दुइटा कुरा गर्न मन नपराउने नेपालीहरूले यस राजनीतिको दर्शनको विषयमा मनन गर्नु आवश्यक छ। नत्र हामीले मन नपराएका कुराले हामीलाई मन पराउनेछन्।[१३]

---

१२. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणी परेको ग्रन्थको ४–६ पृष्ठ।

१३. उसैका ८–९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायण शाहले लेखेका र उनलाई अरूले लेखेका जम्मै पत्रहरू, उनका विषयमा तात्कालिक र अलि-पछिका मानिसहरूले लेखेका जम्मै लेखलाई सङ्ग्रह गरी प्रकाश गर्ने लोभमा पर्दा यस पुस्तकको आकार बढ्दै गयो। यति नगरी पृथ्वीनारायणको विचार बुझ्न सकिदैन र उनको उपदेशको भाव राम्ररी बुझिन्न भन्ने मेरो भाव छ। त्यसैअनुसार मैले उनको उपदेशको पद्यात्मक व्याख्या गरेको हुं।[१४]

हाम्रा छैनन् विश्वविख्यात विद्वान्,
हाम्रा छैनन् दूरदर्शी कलावान्।
हाम्रो आफ्नो छैन केही पदार्थ,
जेले पारौं विश्वमा उच्च माथ ।।१।।

हाम्रो यस्तो दीनता क्यै हटाई
हामीलाई हौसला क्यै दिलाई।
पार्ने हाम्रो चित्तमा सद्विवेक
जन्मेका छन् राजनीतिज्ञ एक ।।२।।

भित्री आस्था ली तिनैका पदार्थ
गुन्दै जाने जत्ति गर्दै यथार्थ।
धेरै धेरै वर्ष मैले बिताएँ
जस्ता हुन् यी पद्यलाई उभ्याएँ ।।३।।

जल्ले हेर्छन् भित्र राम्रो गढेर
जल्ले गुन्छन् पक्षलाई त्यजेर।
त्यस्तालाई ग्रन्थ यो हात जोर्छ
तो जाँचून् यो ठीक बेठीक जे छ ।।४।।[१५]

श्री ५ पृथ्वीनारायण शाहको उपदेश भन्ने मोटो ग्रन्थको रचना पृथ्वीनारायण शाहको दर्शन सकेसम्म स्पष्ट पार्न गरिएको हो भन्ने कुरा तपाईंलाई स्पष्ट होओस् भनेर यहाँ मैले पिताजीको लेखबाट यति लामो उद्धरण गरेको हुं।

*श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को पहिलो भाग अनौठो लाग्ने गरी नयराज पन्तको संस्कृत-को छन्दःशास्त्रमा अधिकार भएको देखाउँदै पृथ्वीनारायण शाहको उहाँले गर्नुभएको अनोमिक (ओज

---

१४. उसैका १२–१३ पृष्ठ।
१५. उसैको १५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नभएको) पद्यबद्ध व्याख्याबाट शुरू हुन्छ भनी तपाईंले लेख्नुभएको रहेछ । यसैले यस विषयमा केही लेखिहाल्नु-परेको छ ।

कुनै पनि दर्शनलाई जनसाधारणमा भिजाउन त्यस दर्शनलाई विभिन्न शैलीमा प्रस्तुत गर्ने चलन पहिले पनि नभएको होइन, अहिले पनि नचलेको होइन । यस्तो चलन नभएको भए विभिन्न दर्शनका मूल ग्रन्थबाहेक अरू ग्रन्थ बन्नै बन्ने थिएनन् । यसैले पृथ्वीनारायण शाहको दर्शनलाई जनसाधारणमा भिजाउने विचारले पद्य सुन्दा कानलाई आनन्द लाग्ने र गद्यभन्दा पद्य याद गर्न सजिलो पनि हुने हुनाले पिताजीले उपदेशलाई पद्यबद्ध गर्नुभएको हो जस्तो मलाई लाग्छ । यस कारण *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को पहिलो भाग अनौठो लाग्ने गरी नयराज पन्तले गर्नुभएको पद्यबद्ध व्याख्याबाट शुरू हुन्छ भनी लेख्नुभएको कुरामा मैले केही तथ्य देखिनँ ।

फेरि नयराज पन्तको संस्कृतको छन्दःशास्त्रमा अधिकार भएको प्रदर्शन यस पद्यबद्ध व्याख्याबाट भएको छ भनी तपाईंले उडाएर लेख्नुभएको रहेछ । छन्दःशास्त्रमा अधिकार भएको देखाउन ती पद्य लेखिएका होइनन् । तीन सय एकहत्तर पद्यमध्ये धेरैजसो पद्य नेपाली जनसाधारणमा भिजेको शार्दूलविक्रीडितमा छन्, खालि छन्दै नमिलाउन सक्दा मात्र अरू अरू छन्दको सहारा लिइएको छ ।

तपाईंको दृष्टिमा ती पद्य अनीमिक ठहरिएछन् । के कति कारणले ती पद्य अनीमिक ठहरिए, त्यो कुरा त तपाईंले खुलाउनुभएको छैन । हो, ती पद्य कल्पनामा उडेका छैनन् , तथ्यमा अडेका छन् । तथ्यमा अडेर लेखिएका पद्य अनीमिक ठहरिन्छन् भने कमलप्रकाशजी, मलाई केही भन्नु छैन ।

यस प्रसङ्गमा मलाई २४ वर्ष पुरानो कुराको सम्झना आयो । त्यो पनि तपाईंलाई सुनाइहालूँ । त्यस बेला आइ. ए. मा नेपालीका पाठ्यपुस्तकमध्ये नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित भएको *नेपाली पद्य-संग्रह*को दोस्रो भाग पनि थियो । त्यस पुस्तकको टीका गरी श्रीहरिहर शास्त्री (अब स्वर्गवासी) ले वि. सं. २०१६ मा सो टीका प्रकाश गराउनुभएको थियो । *नेपाली पद्य-संग्रह*को दोस्रो भागमा परेको पिताजीको बहादुर शाहको आखिरी तरङ्ग भन्ने काव्यलाई श्रीहरिहर शास्त्रीले टीका गर्न बस्दा भरौटे प्रयास भनी विनाप्रमाण लाञ्छना लगाउनुभएको थियो । श्रीहरिहर शास्त्रीले यस्तो लाञ्छना लाउनमा त कारण परेको थियो, त्यो पनि म तपाईंलाई बताइहाल्छु । उहाँले पिताजीबाट आफ्नो लेखमा सहयोग खोज्नुभएको थियो । केही सहयोग पाए पनि चिताए जति सहयोग नपाएकोले श्रीहरिहर शास्त्री पिताजीसँग अप्रसन्न हुनुभयो । अनि सारा विद्यार्थीहरूमा पिताजीको काव्यउपर अश्रद्धा फैलाउन बहादुर शाहको आखिर तरङ्ग भन्ने पिताजीको काव्यलाई विनाप्रमाण भरौटे प्रयास भनी उहाँले साटो फेर्नुभएथ्यो ।[१६] तपाईंले त पिताजीबाट त्यस्तो आशा गर्नुभएको जस्तो मलाई लाग्दैन । यसैले के कति कारणले तपाईंले पृथ्वीनारायण शाहको उपदेशको पिताजीले गर्नुभएको पद्यबद्ध व्याख्यालाई अनीमिक भन्नुभएको हो, प्रमाण दिई खुलाइदिनु भए कृतार्थ हुन्थें ।

अनि तपाईंले त्यसपछि गद्यमा गरिएको रूपान्तर आउँछ, उपदेशको मूल पाठको होइन, त्यही काव्यको भनी लेख्नुभएको रहेछ ।

---

१६. वि. सं. २०१६ मा पिताजीले लेख्नु र प्रकाश गर्नुभएको *विद्या-रक्षा* २ संख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताक परे तेवारी, नत्र गोतामे नीति लिई दुनियाँको दृष्टिमा सफल देखिएकाहरू जुन बेला जे बोल्दा फाइदा हुन्छ, त्यही बोल्छन् । त्यस्तै उनीहरूका लेख पनि रङ्गीबिरङ्गीका देखिन्छन् । त्यस्ता मानिसहरूको लागि लेख त तत्काल माथि उठ्ने साधनमध्ये एक हुने हुनाले उनीहरूलाई आफ्ना लेखको खास मोह पनि हुँदैन । कहिलेकहीँ त उनीहरूलाई आफ्ना पुराना लेखले पोलेको पनि देखिएको छ । सारा जिन्दगी नै विद्याको साधनामा होमेका मानिसहरूका लेख निकै परिश्रमले निस्कने हुनाले त्यस्ता मानिसहरूको भने आफ्नो लेखमा ज्यादै मोह हुन्छ । यसैले कति ग्रन्थकारहरूले आफूले ज्यादै परिश्रम गरी तयार गरेको ग्रन्थको पछिकाले दश थरी अर्थ ननिकालून् भन्ने आशयले आफ्नो ग्रन्थको आफैँ व्याख्या पनि गरेर गएका छन् । यस कारण पद्यमा पिताजीले जे बोल्नुभयो, त्यसको ठीक अर्थ आओस् भनेर नै ती पद्यका भावार्थ दिनुपरेको हो जस्तो मलाई लाग्छ ।

उपदेशको मूल पाठको गद्यमा अर्थ नदिई आफ्नै पद्यको गद्यमा अर्थ दियो भनी तपाईंले दोष लाउन खोज्नुभएको रहेछ । उपदेशको मूल पाठको गद्यमा अर्थ भनेर तपाईंले के भन्न खोज्नुभएको हो, मैले बुझिनँ । पृथ्वीनारायण शाहको मूल उपदेश पद्यमा होइन, गद्यमै छ भन्ने कुरा त तपाईंलाई जरूर याद हुनुपर्ने हो । तपाईंले त्यस बेलाको नेपाली भाषालाई आजभोलिको नेपालीमा गरिने रूपान्तर भन्न खोज्नुभएको हो भने त्यस्तो रूपान्तर त माथि नै भइसकेको छ भन्ने कुरा म तपाईंलाई सम्झाउँछु । किनभने कुनै पनि प्रकरणका पद्य दिनुभन्दा अगाडि उपदेशको त्यस प्रकरणको मूलपाठ र त्यस मूलपाठको प्रचलित नेपाली भाषाअनुसारको रूप दिएको कुरा तपाईंले बिर्सनुभयो कि क्या हो ?

त्यसपछि तपाईंले लेख्नुभएको रहेछ—भन्न त उपदेशको मूल पाठको सम्पादन गरिएको हो भनेर भनिएको छ, खुद उपदेशको मूल पाठ भने परिशिष्टको रूपमा त्यस पुस्तकमा ४१२ र ४३१ पृष्ठको बीचमा पो आउँछ । यो वाक्य टुङ्गिँदा तपाईंले त्यहाँ विस्मयबोधक चिह्न पनि ठड्याउनुभएको रहेछ । पिताजीहरूले *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* भन्ने जुन ग्रन्थ तयार गर्नुभयो, सो ग्रन्थ उपदेशको मूल पाठको मात्र सम्पादन गर्न भनेर निस्केको जस्तो मलाई लाग्दैन । सो ग्रन्थको रचना मैले बुझेसम्म पृथ्वीनारायण शाहको उपदेशलाई जनसाधारणमा भिजाउने र उनले बोलेको र गरेको कुरालाई दाँजेर हेर्ने विचारले गरिएको हो । त्यसैले त्यहाँ पृथ्वीनारायण शाहसँग सम्बद्ध सबै सामग्री हालिएका हुन् ।

त्यसपछि *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को दोष देखाउने प्रसङ्गमा त्यहाँ १०९ पृष्ठको शुद्धिपत्र र थपुवा कुरा गाभिएको छ भनी तपाईंले लेख्नुभएको रहेछ । शुद्धिपत्र र थपुवा कुरा हुनु कुनै पनि ग्रन्थको गुण होइन, अवगुण हो । यसमा दुइ मत हुन सक्दैन । तर शास्त्रीय ग्रन्थ छपाउने परम्परा नबसिसकेको हाम्रो देशमा प्रूफका गलती अपवाद होइनन्, नियम नै हुन् भन्दा बढ्ता बोलेको ठहरिनेछैन । त्यस्तै भन्नुपर्ने जति कुरा र दिनुपर्ने जति प्रमाण मूल ग्रन्थमै दिनुपर्ने हो । तर खोज्दै जाँदा पढ्दै जाँदा मूल ग्रन्थमा पनि थपथाव गर्नुपर्ने अवस्था आइपर्छ । यो, ग्रन्थको दोष हो तापनि ग्रन्थकारको अध्यवसायको परिणाम पनि हो । अफसेटबाट पुस्तक छपाउँदा यो दोषको संशोधन मूल पुस्तकमै गर्न मिल्छ र साधनसम्पन्न मानिसहरू यसै गरी आजभोलि यस्ता दोषको निवारण गर्छन् । जो साधनसम्पन्न भने छैनन्, तर आफ्नो ग्रन्थ बढीसेबढी शुद्ध र पूर्ण होस् भन्ने इच्छा गर्छन्, त्यस्ताको लागि यसको विकल्प छैन जस्तो मलाई लाग्छ ।

*श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का मुख्य रचयिताले आफ्नो ग्रन्थमा भएको यस कमजोरीको विषयमा भनेको कुरा पनि यस प्रसङ्गमा उतार्नु अप्रासङ्गिक ठहरोइन—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हामी ग्रन्थ छपाउँदै जान्छौं । आफ्ना ग्रन्थमा अलि अलि अशुद्धि पनि देख्छौं । ती अशुद्धिको संशोधन गर्न शुद्धिपत्र दिइएको छ । छापाखानासम्बन्धी अशुद्धिको पनि शुद्धिपत्र दिन यहाँ प्रयत्न गरिएको छ । यस ग्रन्थमा देखिन आएका दोषलाई सप्रमाण देखाई प्रकाश गरी वा अप्रकाशित रूपमा हामीकहाँ सूचना पठाइदिने कृपा सज्जनहरूले गरिदिनुभएमा आगामी भागमा सधन्यवाद उहाँहरूको नामसाथ हामी आफ्नो दोष सच्याउनेछौं ।

यस ग्रन्थलाई प्रकाश गर्दा हामीले आफ्नो भएभरको योग्यताबाट काम लिएका छौं तथा पाइएसम्मका सामान-लाई छोडेका छैनौं । यसै कारणले एकै संख्याको पनि क, ख आदि गर्नुपरेको छ ।[१७]

यसपछि तपाईंले १३५० पृष्ठको धेरैजसो भाग वि. सं. १९३५ को *भाषावंशावली*बाट झिकिएका उद्धरणले भरी किताब मोटो पारिएको छ भनी लेख्नुभएको रहेछ । पक्कै पनि ५४४ पृष्ठदेखि ९२६ पृष्ठसम्म वंशावलीखण्ड परेकोले १३५१ पृष्ठमा ३८३ पृष्ठ वंशावलीले ओगटेको छ । तर तपाईंले भने जस्तो, वंशावलीका उद्धरणले भरी किताब मोटो पारिएको भने जरूर होइन ।

वंशावली पछिल्ला कालमा लेखिएका भए पनि पुरानो परम्पराको आधारमा ती लेखिएका हुनाले तिनमा पुराना प्रमाण अनुश्रुति थोरथोर सुरक्षित नरहेका छैनन् । फेरि हाम्रो देशमा वंशावली र इतिहास पर्यायको रूपमा धेरै अगाडिदेखि रहिआएका छन् । पछि गएर इतिहासको लागि नभई नहुने तात्कालिक सामग्रीको सुरक्षा गरेर राख्ने सङ्कुचित परम्परा अझै नबसिसकेको हाम्रो देशमा वंशावलीलाई वास्ता नगर्ने हो भने इतिहासका कति कडी छुट्ने र नबुझिने हुन पुग्छन् । तात्कालिक प्रमाणबाट सिद्ध गर्न नसकिएका निकै घटनाको बयान वंशावलीमा सुरक्षित रहेको र अहिले खोजी गर्दै जाँदा ती घटनाका तात्कालिक प्रमाण पाइँदै गइरहेकाले वंशावली पूरापूर बालुवामा खडा भएको महल हो भन्ने धारणा खण्डित हुँदै गइरहेको छ । यस कारण वंशावली छोडेको खण्डमा पृथ्वीनारायण शाहको चरित्रका निकै अंश अस्पष्ट मात्र होइनन्, लुप्त पनि भएर रहन्छन् । यसैले पिताजीहरूले तयार गर्नुभएको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*मा गोरखा राज्यका संस्थापक द्रव्य शाहदेखि पृथ्वीनारायण शाहसम्मको वंशावलीको खण्ड हालिएको हो जस्तो मलाई लाग्छ ।

यहाँनिर एउटा अर्को कुरा पनि तपाईंलाई भन्नु छ । हुनत नेपालका वंशावली प्रकाशित गर्न थालेको सय वर्ष पनि नाघिसक्यो तापनि वंशावलीमा लेखिएका कुरालाई तात्कालिक प्रमाणसँग दाँजेर हेर्ने काम सोही *श्री ५ पृथ्वी-नारायण शाहको उपदेश*मा मात्र भएको छ । यसै ताका यसतर्फ अलिकता दृष्टि श्रीनयनाथ पौडेल र श्रीदेवीप्रसाद लम्सालले सम्पादन गरी नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित गरेको *भाषावंशावली*मा दिइएको छ । होइन भने वंशावलीका अरू अरू सम्पादकहरूले यसतर्फ दृष्टि दिएको देखिएको छैन । यस कारण *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*मा हालिएको वंशावलीखण्डले वंशावलीको सम्पादन कसरी गर्नुपर्छ भन्ने विषयमा बाटो देखाउने काम पनि गरेको छ जस्तो मलाई लाग्छ ।

पिताजीहरूले तयार गर्नुभएको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*मा तपाईंले भने जस्तो, खालि उपदेशको

१७. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणी परेको खण्डको १४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल पाठ, उपदेशको पद्यात्मक व्याख्या, पद्यका भावार्थ, वंशावलीखण्ड, शुद्धिपत्र र थपुवा कुरा मात्र परेका छैनन् । मूल उपदेशमा परेका सबै शब्दहरू अकारादि क्रममा राखी ती शब्दको प्रामाणिक अर्थ भएको कोष ३३२ पृष्ठदेखि ३८७ पृष्ठसम्म दिइएको छ । त्यसै गरेर पृथ्वीनारायण शाहको चिना, उनका दरबारिया कविहरूले उनको विषयमा लेखेका काव्य, अरू तात्कालिक वा केही पछिकाले उनको विषयमा लेखेका कुराका मूल नेपाली उल्थासहित ३८८ पृष्ठदेखि ५४३ पृष्ठसम्म दिइएका छन् । त्यसपछि मात्र आउँछ, तपाईंले हियाउनुभएको वंशावलीखण्ड । वंशावलीखण्ड सिद्धिएपछि ९२७ पृष्ठदेखि १२०६ पृष्ठसम्म श्री ५ पृथ्वीनारायण शाहविषयका पत्रहरू भन्ने खण्ड आउँछ । त्यस खण्डमा वि. सं. १७९६ देखि वि. सं. १८३१ सम्मका गोरखाली राजकाजसँग सम्बन्ध भएका, पाइएसम्मका सबै चिठीपत्र व्याख्यासहित छापिएका छन् । त्यसपछि शुरू हुन्छ, उपदेशको मूल भागको ऐतिहासिक व्याख्या । त्यो खण्ड साँच्चै भन्ने हो भने सो ग्रन्थका रचयिताहरूको शास्त्रीय पाण्डित्यको कसी हो । दुर्भाग्यले गर्दा सो खण्ड पूरा छापिएन । *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का रचयिताहरूको इच्छा पृथ्वीनारायण शाहका दौंतरी विदेशीहरूले उनलाई कुन दृष्टिले हेर्थे भन्ने विषयमा विचार गर्ने पनि थियो ।[१८] यस प्रसङ्गमा पृथ्वीनारायण शाहको समयका विदेशीहरूका लेख सङ्ग्रह गरी तिनको नेपालीमा उल्था गर्ने काम पनि केही चलिसकेको थियो । त्यो खण्ड भने कति पनि प्रकाशमा आउन सकेन । त्यस्तै विस्तृत उपोद्घात पनि केही लेखिसकिएको थियो । त्यसको माथिल्लो अलिकता अंश मात्र वक्तव्यको रूपमा छापिएको छ । अरू खण्ड पूरा भएपछि त्यो उपोद्घात प्रकाशित गर्ने विचार पिताजीको थियो ।[१९] मैले देखेको त्यस ग्रन्थको सबभन्दा ठूलो दोष त्यो अपूरो हुनु हो, तपाईंले देखेको जस्तो त्यो मोटो हुनु होइन ।

तपाईंले कोष, चिठीपत्रहरूको चर्चा किन गर्नुभएन, मलाई आश्चर्य लाग्यो । कता कता पिताजीहरूले तयार गर्नुभएको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को महत्त्व घटाउनु तपाईंको अभीष्ट हो कि भन्ने चोसो पनि मेरो मनमा पस्यो ।

*महाभारत*को बयानमा यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्[२०] (यहाँ जे छ, त्यो अन्त छ; यहाँ जे छैन, त्यो कहीँ छैन) भनेर भने जस्तै पृथ्वीनारायण शाहको विषयमा आकरग्रन्थ तयार गरी उनको कथनी र करनी दाँजेर हेर्ने प्रबल इच्छाले पिताजीहरूले त्यो ग्रन्थ तयार गर्नुभएको हो । कारणवश चिताए जति रूपमा सो पुस्तकलाई पूरा पार्न सकिएन, त्यो अर्कै कुरा हो । तर त्यो ग्रन्थ तपाईंले भन्नुभए जस्तो, संशोधन–मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना भने जरूर होइन ।

पिताजीहरूको यस उपदेशलाई तपाईंले श्रीलुड्विग स्टिलरको *पृथ्वीनारायण शाह इन द लाइट अफ् दिव्य उपदेश्*सँग दाँजन पुगी श्रीस्टिलरको ग्रन्थलाई पिताजीहरूको पुस्तकभन्दा निकै गतिलो ठहऱ्याउनुभएको रहेछ । ती दुइ पुस्तकमा कुन उत्कृष्ट, कुन निकृष्ट भन्ने पचेडामा पर्ने मलाई अहिले इच्छा पनि छैन, फुर्सत पनि छैन । यसो

---

१८. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ८१९ पृष्ठ ।

१९. उसैको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणी परेको खण्डको १३ पृष्ठ ।

२०. वि. सं. १९९० मा पूनाबाट भाण्डारकरप्राच्यविद्या-संशोधन-मन्दिरद्वारा प्रकाशित, विष्णु सुक्थङ्कर-द्वारा सम्पादित *महाभारत* आदिपर्वको परीक्षणात्मक संस्करणको ५६ अध्यायको ३३ श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भए तापनि एउटा सानो कुरा भने यस प्रसङ्गमा नभनी रहन सक्दिनँ। त्यो के हो भने पृथ्वीनारायण शाहको उपदेशको श्रीस्टिलरले गरेको उल्थाको तपाईंले निकै तारीफ गर्नुभएको रहेछ। तर त्यो उल्था ठीक छैन, त्यहाँ प्रशस्त ठाउँमा गलती छन् भन्ने कुरा मलाई अहिले होइन, त्यो पुस्तक निस्केकै बेलामा लागेको थियो। श्रीस्टिलरले गर्नु-भएको उपदेशको उल्थामा परेका गलतीहरूको संशोधन गर्ने हो भने एउटा राम्रै लेख तयार हुन्छ।

विद्वान्हरूले वर्षौं लगाई लेखेका कुरामा सरसरी हेरेको भरमा यो किताब राम्रो, यो किताब नराम्रो भनेर निर्णय दिई न्यायाधीशको आसनमा बस्ने रहर तपाईंलाई भए तापनि न्यायाधीश हुने ल्याकत तपाईंमा कति पनि छैन भन्ने कुरा देखाउन पनि श्रीस्टिलरले गर्नुभएको उल्थाबाट एक अंश यहाँ उतारी नदेखाई भएको छैन।

भात पकाउँदा मान्सेले भात पाक्यो कि पाकेन भनी हेर्न चुल्हामै राखिएको कसौंडीबाट एक दुइ सिता झिकेर औंलाले यसो थिचेर हेर्ने चलन छ। यसरी थिचेर हेर्दा ती सिता पाकेका भए पूरा कसौंडीभरिको भात पाक्यो भनी मान्सेले चुल्हाबाट कसौंडी ओह्राल्छ, होइन भने फेरि केही बेर कसौंडी आगोमै राख्छ। कुनै कुराको एक अंशको परीक्षा गरी मत निर्णय गर्ने पद्धतिलाई यही सिता जाँच्ने नियमको आधारमा स्थालीपुलाकन्याय अर्थात् कसौंडीको सिताको नियम भन्ने चलन छ। हामी पनि अब लमछटमा नलागी यही स्थालीपुलाकन्यायले श्रीस्टिलरको उल्थाको परीक्षा गरौं।

चीन र भारतसँग नेपालको कस्तो नीति हुनुपर्छ भन्ने विषयमा र किल्लाको व्यवस्थाको विषयमा पनि पृथ्वी-नारायण शाहले आफ्नो उपदेशमा बोलेका छन्। हामी हाम्रो स्थालीपुलाकन्यायको आधार त्यस प्रकरणका केही वाक्यलाई बनाऔं।

पृथ्वीनारायण शाह भन्छन्—

उप्रान्त ।। यो राजे दुई ढुंगाको तरूल जस्तो रहेछ. चीनबादसाहसित ठुलो घाहा राष्नु. दषिनको समुन्द्रका बादसाहसित घाहा ता राष्नु. तर त्यो महाचतुर छ. हिन्दुस्थाना दबाईराषेछ. सरजिमीमा परिरहेछ. हिन्दुस्थाना जाग्यो भन्या कठिन् पर्ला भनि किल्ला षोजन आउन्याछ. सन्धीसर्पन् हेरि गडि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो बल आउन्याछ. जाइ कटक् नगर्नु. झिकी कटक् गर्नु र चुरेघाटिमा षुपै काटिन्याछ. पाच सात पुस्तालाई षजना पनि मिल्नेछ. श्रीगङ्गाजिको साध पनि लाग्नेछ. लडाईमा पुकेन भन्या लोलोपोतो अनेक कल छल गरिकन पनि यो नेपालको तषत किल्ला हो. यो किल्ला पायो भन्या चारै बादसाहलाई वह्राला लाउनैछ. इस्वरले रचना गन्याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ. ...[२१]

यसको उल्था श्रीस्टिलरले यसरी गर्नुभएको छ—

दिस् कन्ट्रि इज लाइक् ए गोर्ड् बिट्वीन् टू रक्स्। मेन्टेन् ए ट्रीटि अफ् फ्रेन्डशिप् विथ् दि एम्परर्अर् अफ् चाइन। कीप् अल्सो ए ट्रीटि अफ् फ्रेन्डशिप् विथ् दि एम्परअर् अफ् द सदअर्न् सी (द कम्पनि)। ही ह्याज् टेक्न् द प्लेन्ज्। हो विल् रिअलाइज् द्याट् इफ् हिन्दुस्तान् यूनाइटस्, इट् विल् बी डिफ्इकल्ट्, यान्ड् सो ही विल् कम् सीक्इङ प्लेस्इज् फर् फोर्ट्स्। प्रेप्अर् फोर्ट्स्, विद्आउट् बर्ड्न्इङ् द पीप्ल्। सेट् ट्र्याप्स् इन् द ट्रेल्ज्। वन्

---

२१. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३२२ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दे द्याट् फोर्स् विल् कम् । डू नट् गो डाउन् टु द प्लेन्ज् टु फाइट् । विथ्ड् टु द हिल्ज् टु फाइट् । चुरे पास् विल् बी मच् यूज्ड् । स्टोर् आर्म्ज् यान्ड् याम्युनिश्अन् देर् फर् फाइभ् टु सेभ्न् जेनरेशन्ज् । द गङ्गा इज् अल्सो ए लाइन् अफ् डिफेन्स् । इफ् दिस् डज् नट् सफाइस् इन् द वर्, रिगार्ड्लेस् अफ् ट्रिक्अरि अर् स्कीम्ज्, द स्ट्रेङ्थ् अफ् नेपाल् लाइज् इन् हर् फोर्ट्स् । इफ् ही टेक्ज् दीज्, द फोर् एम्परअर्ज् विल् कम् । गड् ह्याज् गिभ्न् अस् द प्लेसइज् फर् दीज् फोर्ट्स् । देर् इज् नो नीड् टु आस्क् ह्वर् ।...[२२]

पृथ्वीनारायण शाहले चीनबादसाहसित ठुलो घाहा राषनु भनी बोलेकोमा श्रीस्टिलरले मेन्टेन् ए ट्रीटि अफ् फ्रेन्ड्शिप् विथ् दि एम्परअर् अफ् चाइन (चीनका बादशाहसित मित्रता गरी सन्धि गरिराख) भनी गर्नुभएकोले ठुलो शब्दको अर्थ उहाँले उल्था गर्दा छुटाउनुभएको देखिन्छ ।

दषिनको समुन्द्रका बादसाहासित घाहा ता राषनु. तर त्यो महाचतुर छ. हिन्दुस्थाना दबाईराषेछ. सरजिमीमा परिरहेछ भनी पृथ्वीनारायण शाहले बोलेको कुराको कीप् अल्सो ए ट्रीटि अफ् फ्रेन्ड्शिप् विथ् दि एम्परअर् अफ् द सदर्अर्न् सी (द कम्पनि)। ही ह्याज् टेक्न् द प्लेन्ज् (दखिनको समुद्रका बादशाह (कम्पनी) सित पनि मित्रता गरी सन्धि कायम राख । उसले मैदान लिएको छ) भनेर मात्र श्रीस्टिलरले उल्था गर्नुभएकोले त्यो महाचतुर छ भन्ने र सरजिमीमा परिरहेछ भन्ने अङ्ग्रेजको प्रसङ्गमा पृथ्वीनारायण शाहले बोलेका दुइ वाक्यको उल्था उहाँले नगर्नुभएको स्पष्ट देखिएको छ ।

सन्धीसर्पन् हेरि गडि तुलयाई राष्नु भन्ने पृथ्वीनारायण शाहको वाक्यलाई श्रीस्टिलर प्रेप्अर् फोर्ट्स्, विद्आउट् बर्ड्नइङ द पील्(दुनियाँलाई अल्झो नलाईकन गढी तुल्याइराख) भनी अर्थ गर्नुहुन्छ । सन्धीसर्पन् हेरिको अर्थ विद्आउट् बर्ड्नइङ द पील् (दुनियाँलाई अल्झो नलाईकन) भन्ने कसरी हुन्छ भन्ने कुरा श्रीस्टिलर र उहाँको उल्थाका प्रशंसक तपाईंलाई नै थाहा होला । यहाँ आएको सन्धीसर्पन् भन्ने शब्द गौंडो भन्ने अर्थमा छ । यस अर्थमा सन्धिसर्पन आजभोलि पनि चलेकै छ । त्यति सामान्य शब्दको अर्थ गर्न नसकी त्यसको यस्तो उटपटाङ अर्थ श्रीस्टिलरले निकाल्नुभएको यताबाट स्पष्ट हुन्छ ।

चुरेघाटिमा षुबै काटिन्याछ. पाच सात पुस्तालाई षजना पनि मिल्नेछ भन्ने पृथ्वीनारायण शाहको वाक्यलाई चुरे पास् विल् बी मच् यूज्ड् । स्टोर् आर्म्ज् यान्ड् याम्युनिश्अन् देर् फर् फाइभ् टु सेभ्न् जेनरेशन्ज् (चुरेघाटी खूबै काममा आउनेछ । त्यहाँ पाँच सात पुस्ताको लागि हातहतियार र खरखजाना जम्मा गरी राख) भनी श्रीस्टिलरले उल्था गर्नुभएको छ ।

दक्षिणको मैदानबाट बढ्दै बढ्दै आएको अङ्ग्रेजो सैन्यलाई पहाडमा मात्र लड्ने बानी परेका आफ्ना सैनिकहरूले तराईमा रोक्न नसक्लान् भन्ने ठानी पृथ्वीनारायण शाहले चुरे काटी पहाडखण्डमा पस्न नदिने र त्यहीं गिरिदुर्गको आड लिएर अङ्ग्रेजी सैन्यको संहार गर्नुपर्छ भन्ने नीति लिएका थिए भन्ने कुरा नबुझिने होइन ।

---

२२. पृथ्वीनारायण् शाह इन् द लाइट् अफ् दिव्य उपदेश्को ४२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिंधुलीको लडाईंमा अङ्ग्रेजी सैन्यलाई हराई अङ्ग्रेजी हातहतियार खोसी लिन सकेकाले[२३] अङ्ग्रेजी हातहतियारमा आँखा गडेका पृथ्वीनारायण शाहले नेपाल हान्न ठूलो फौज लिएर आउने अङ्ग्रेजी सैन्यलाई चुरेघाटीमा छप्काई उनीहरूको प्रशस्त हातहतियार लुटेर लिने नीति लिएका थिए भन्ने यताबाट बुझिन्छ । फेरि त्यहाँ पाच सात पुस्तालाई षजना पनि मिल्नेछ भनी भविष्यत्कालको राम्रै प्रयोग भएको छ, श्रीस्टिलरले अर्थ गरे जस्तो विध्यर्थक क्रियाको प्रयोग पनि भएको छैन । यताबाट चुरेघाटीमा पांच सात पुस्ताको लागि हातहतियार र खरखजाना जम्मा गरी राख भनी श्रीस्टिलरले गरेको अर्थ सोह्रै आना गलत देखिएको छ ।

पृथ्वीनारायण शाहको श्रीगंगाजिको साध पनि लाग्नैछ भन्ने वाक्यको उल्था श्रीस्टिलरले द गङ्गा इज् अल्सो ए लाइन् अफ् डिफेन्स् (गङ्गा पनि आड किल्ला हो) भनी गर्नुभएको छ । यो वाक्य उल्था गर्न बस्दा श्रीस्टिलरलाई गोरखालीहरूको विजिगीषाको सीमा यस वाक्यमा झल्किएको पत्तै भएन । चुरेघाटीमा अङ्ग्रेजी सैन्यको संहार गरेर उनीहरूलाई लखेट्तै लखेट्तै गई विहारका केही इलाका पनि अँठचाई नेपालको वर्तमान तराईभन्दा पनि पर गोरखाली राज्य पुऱ्याएर गङ्गाजी सांध लाउने उनको धोको थियो भन्ने यताबाट नबुझिने होइन ।

पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहको पालामा वि. सं. १८४९ मा नेपालको राज्यविस्तार गङ्गाजीको सहायक नदी अलकन्दासम्म भएको थियो । यसै कुरामा गर्व गरी बहादुर शाहले

गङ्गा सीमा समासीत्तदवसरसमायातचीनाधिपोपि
नेपालध्वंसनोद्यन्मतिरतिबहलान्ध्वंसितान्स्वान्विलोक्य ।।
अङ्के तं स्थापयित्वा शिशुमवनिपतिं श्रीबहादूरसाहे
भैरव्युद्दामधामप्रकटितसुमतौ शासति प्रद्रुतोस्मिन् ।।६।।

[भैरवीको ठूलो भक्तिभावले असल बुद्धि प्रकट भएका यी बहादुर शाहले ती बालक राजा (रणबहादुर शाह) लाई काखमा राखी शासन चलाएको बेलामा गङ्गा सांध लागेको थियो । त्यसै वेला नेपाललाई ध्वस्त पार्ने विचारले आएका चीन–बादशाह आफ्नो धेरै फौज नाश भएको देखेर भागे ।।६।।][२४]

भनी गङ्गाजी सांध लागेको कुरा आफूले राखेको नुवाकोट भैरवीको वि. सं. १८४९ को सुवर्णपत्रमा लेखाएको

---

२३. तिन चार पल्टन् लिएर सिडुलि गढिमा हांडीसाहेब चढचो र वा वाही पनि काटि पथर्काला च्याति ल्याञा र.

(*श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ३३० पृष्ठबाट)

२४. वि. सं. २०३२ मा कीर्तिपुरबाट नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *नुवाकोटको ऐतिहासिक रूपरेखा* ऐतिहासिक सामग्रीखण्डका ३८–३९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि यस प्रसङ्गमा स्मरणीय छ । यो असिल् हिन्दुस्थाना हो[२५] भनी आफ्नो मुलुकको हिन्दूत्वमा गर्व गर्ने पृथ्वीनारायण शाहलाई हिन्दूहरूको पवित्रतम नदी गङ्गाजीसम्म आफ्नो राज्यविस्तार गर्ने धोको हुनु अस्वाभाविक होइन ।

यो नेपालको तषत किल्ला हो भन्ने पृथ्वीनारायण शाहको वाक्यलाई श्रीस्टिलरले द स्ट्रेङ्थ् अफ् नेपाल् लाइज् इन् हर् फोर्टस् (नेपालको बल उसका किल्लामा रहेको छ) भनी उल्था गर्नुभएको छ । तषत भनेको सिंहासन हो । यो फारसी तख्तबाट आएको हो । यताबाट यो नेपालको तषत किल्ला हो भन्ने वाक्यको अर्थ यो नेपालको सिंहासन किल्ला हो भन्ने बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने चारैतिर पहाडैपहाडले घेरिएको नेपालखाल्डोलाई गिरिदुर्गको रूपमा पृथ्वीनारायण शाहले बयान गरेका छन् । यो कुरा इस्वरले रचना गर्‍याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ भन्ने उनका वाक्यबाट झन् स्पष्ट हुन्छ । श्रीस्टिलरले भने यो नबुझी नेपालको बल उसका किल्लामा रहेको छ भन्ने अनौठो अर्थ निकाल्नुभएको छ ।

त्यसपछि यो किल्ला पायो भन्या चारै बादसाहलाई वह्लाला लाउनैछ भन्ने वाक्यको अर्थ गर्न बस्दा पनि श्रीस्टिलरले बिराउनुभएको छ भन्ने कुरा इफ् ही टेक्स् दीज्, द फोर् एम्परअर्ज् विल् कम् (उसले यी लियो भने चारै बादशाह आउनेछन्) भनी लेख्नुभएकोबाट बुझिन्छ । वह्लाला अर्थात् ओह्लालो लाउनु भनेको खेद्नु भन्ने हुन्छ । यस कारण यस वाक्यको भाव यो किल्ला पाएको खण्डमा चारै बादशाहलाई हराउन सकिन्छ भन्ने हो । यसैले वह्लाला लाउनैछको अर्थ आउनेछन् भनी श्रीस्टिलरले गर्नुभएको कति पनि ठीक छैन ।

इस्वरले रचना गर्‍याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ भन्ने पृथ्वीनारायण शाहको वाक्यको उल्था श्रीस्टिलरले गड् ह्याज् गिभ्न् अस् द प्लेसिज् फर् दीज् फोर्ट्स् । देर् इज् नो नीड् टु आस्क् ह्वेर् (ईश्वरले हामीलाई यो किल्लाको लागि ठाउँ दिएका छन् । कहाँ भनेर सोध्नै पर्दैन) भनेर हाँसउठ्तो ढङ्गले गर्नुभएको छ । पृथ्वीनारायण शाहको स्वधनुलाई आजभोलिको सोध्नु भनी श्रीस्टिलरले ठान्नुभएकोले यो अनर्थ भएको हो । संस्कृतको शुध् धातुबाट शोधयति बन्छ । शोधयतिको अर्थ सफा गर्छ भन्ने हुन्छ । यही शुध् धातुबाटै शुद्ध, शुद्धि, शोध, शोधन आदि रूप पनि बन्छन् । यो कुरा थाहा नभएकोले होला, श्रीस्टिलरले स्वधनुपर्ने रहेनछको अर्थ सफा गर्नुपर्ने अर्थात् मरमरम्मत गर्नुपर्ने रहेनछ भन्ने कुरा बुझ्ने सक्नुभएन । यस वाक्यको मतलब नेपालखाल्डोको रक्षाको लागि ईश्वरले नै किल्ला बनाइदिएका छन्, त्यसको विशेष मरमरम्मत गर्नुपर्ने जरूरत छैन भन्ने हो ।

तपाईंले राम्रो ठान्नुभएको श्रीस्टिलरको उल्था कति गलतीले भरिएको रहेछ भन्ने कुरा अब त तपाईंलाई पनि स्पष्ट भयो होला ।

पिताजीहरूले आफ्नो *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*लाई उपदेशको मूल पाठको परीक्षणात्मक संस्करण भन्ने दावा कतै गर्नुभएको छैन । तर तपाईंले दिस् यान्टिडिलूभिअन् ''टेक्सच्चुअल/क्रिट्इकल्

---

२५. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ३२५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एडिशन्'' (यो पुरानो खालको ''मूलपाठविषयक/परीक्षणात्मक संस्करण'' भन्ने उपाधि पिताजीहरूको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*लाई दिनुभएको रहेछ । ''टेक्सट्च्‌अल/क्रिट्इक्अल् एडिशन्'' (मूलपाठविषयक/परीक्षणात्मक संस्करण) भन्ने शब्दलाई उद्धरणचिह्नभित्र तपाईंले राख्नुभएकोले सो ग्रन्थका रचयिताहरूले हाम्रो ग्रन्थ पृथ्वीनारायण शाहको उपदेशको मूल पाठको परीक्षणात्मक संस्करण हो भनी दावा गरेको जस्तो देखाउन तपाईंले खोज्नुभएको हो कि जस्तो मलाई लाग्यो ।

प्राचीन यूनानी र ल्याटिन पुस्तकका मूल पाठको निर्णय गर्ने जुन सिद्धान्त पश्चिममा विकसित भयो, त्यसले पछि गएर भिन्नै विद्याको रूप लियो भनेर भने पनि हुन्छ । पाश्चात्त्य ग्रन्थको मूल पाठको निधो गर्ने सिद्धान्तबाट भारतीय ग्रन्थ सम्पादन गर्न बस्दा आइपर्ने सबै अप्ठ्याराको हल हुन सक्दैन भन्ने विचार गरी पाश्चात्त्य ग्रन्थको मूल पाठको निधो गर्ने सिद्धान्तमा थपघट गरी विद्वान्‌हरूले भारतीय ग्रन्थको सम्पादन गर्ने सिद्धान्त बनाए ।[२६] नेपाली विद्वान्‌हरूले प्राचीन ग्रन्थ सम्पादन गर्न थालेको धेरै नभए तापनि ४६ वर्ष भइसक्यो तापनि ग्रन्थको मूल पाठको निर्णय गर्दा पूरापूर त्यस सिद्धान्तअनुसार प्राचीन ग्रन्थको सम्पादन कसैले गरेको जस्तो मलाई लाग्दैन । फेरि त्यो सिद्धान्त पनि सर्वमान्य छैन भन्ने कुरा विश्वविख्यात संस्कृतज्ञहरूले सतचालीस वर्ष लगाई सम्पादन गरेको *महाभारत*को परीक्षणात्मक संस्करण सुद्धा पनि एक थरी विद्वान्‌हरूको दृष्टिमा परीक्षणात्मक हुन नसकेको कुरा यहाँनिर हामीले सम्झनुपरेको छ ।[२७] *महाभारत*को उदीच्य र दाक्षिणात्य पाठहरू जस्तै, परीक्षणात्मक भनी कहलिएको सो पाठ पनि परीक्षणात्मक नभई पूनापाठ मात्र हो भनी केही विद्वान्‌हरूले *महाभारत*को सो परीक्षणात्मक संस्करणको खिल्ली उडाएको पनि नसुनिएको होइन । भारतीय ग्रन्थहरूको मूल पाठको परीक्षण गर्नको लागि पर्याप्त र सर्वमान्य सिद्धान्त अझै बनिसकेको छैन भनेर विद्वान्‌हरूले नभनेको पनि होइन ।[२८] यस अवस्थामा

---

२६. उदाहरणार्थ–वि. सं. १९९० मा पूनाबाट भाण्डारकरप्राच्यविद्या–संशोधन-मन्दिरद्वारा प्रकाशित, विष्णु सुक्थङ्करद्वारा सम्पादित *महाभारत*को आदिपर्वको परीक्षणात्मक संस्करणमा परेको विष्णु सुक्थङ्करको प्रोलेगमइन (प्रस्तावना) ।

वि. सं. २०११ मा पूनाबाट डेक्कन कलेज पोस्टग्र्याजुएट यान्ड रिसर्च इन्स्टिटच्‌टद्वारा प्रकाशित, सुमित्र मङ्गेश कत्रेको *इन्ट्रडक्शन् टु इन्डिअन् टेक्सट्युअल् क्रिट्इसिज्म्* (भारतीय ग्रन्थहरूको मूल पाठको परीक्षणको परिचय) को दोस्रो संस्करण ।

२७. वि. सं. २०३७ मा दाङबाट संस्कृत अध्ययन संस्थान र काठमाडौंबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित *प्रसीड्इङ्ज् अफ् द फर्स्ट् सिम्पोजिअम् अफ् नेपाली यान्ड् जरमन् स्यान्स्क्रिटिस्ट्स् १९७८* (वि. सं. २०३५ मा भएको नेपाली र जर्मन संस्कृतज्ञहरूको पहिलो भेलाका कार्बाइ)मा छापिएको ओस्कर फन हिन्यूइबरको रिमार्क्स् अन् द प्रब्लेम्ज् अफ् टेक्सट्च्अल् क्रिट्इसिज्म् इन् एड्इट्इङ अननूइमस् स्यान्स्क्रिट् लिटअर्इचर् (अज्ञातकर्तृक संस्कृतवाङमयको सम्पादन गर्दा आउने ग्रन्थको मूल पाठको परीक्षणसम्बन्धी प्रश्नमा चर्चा) भन्ने निबन्ध, सो ग्रन्थको ३३ पृष्ठ ।

२८. अप् टु नाउ नो याड्इक्विट् यान्ड् यूनिभर्सल्लि अडप्ट्इड् थीओरि अफ् इन्डिअन् टेक्सट्च्अल् क्रिट्इसिज्म् ह्याज् बीन् डिभेल्अप्ड् ।

(सोही लेख, २९ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायण शाहको उपदेशको मूल पाठको पिताजीहरूको सम्पादनपद्धतिलाई के कति कारणले तपाईंले मन नपराउनुभएको हो, मैले केही बुझ्न सकिनँ ।

यहाँसम्मका कुराबाट पिताजीहरूले तयार गर्नुभएको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को उपादेयताको विषयमा तपाईंलाई भ्रम परेको भए त्यो भ्रम अवश्य हट्नेछ । तर तपाईंको लेखाइको हिसाबबाट तपाईंलाई भ्रमभन्दा बढी तपाईंको स्वार्थ परेकोले तपाईंले *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को विषयमा ती वाक्य लेख्नुभएको हो भन्ने मलाई लागेको छ । यसले अब त्यस विषयमा केही लेख्नुपरेको छ ।

हाम्रो यतातिर चलेको शिक्षापद्धतिबाट विषयको गहिरो ज्ञान भएका प्रौढ पण्डितभन्दा टप्पर्टुर्‍याँ नै बढी निस्केर गएको अनुभव गरेर पिताजीले आफ्नो ज्यादै नजीकको सम्पर्कमा आएका केही विद्यार्थीहरूलाई प्रचलित परीक्षाप्रणालीमा नलगाई आफैंले तयार गरेको पाठचक्रमअनुसार वि. सं. १९९७ देखि पढाउन लाग्नुभयो । पिताजीले चलाउनुभएको त्यस पढाइमा संस्कृतभाषाको माथिल्लो ज्ञानमा निकै नै जोड दिइएकोले त्यो पढाइ पढ्ने विद्यार्थीहरूको संस्कृतमा निकै नै राम्रो अधिकार भयो । यसले गर्दा संस्कृतवाङमयमा तिनीहरूको अनायास प्रवेश भयो । उतातिर पिताजीले वि. सं. १९९२ देखि नै नेपालको इतिहासको नियमित रूपले परिशीलन गर्न थालिसक्नुभएको थियो । यसले पछि पिताजीले आफ्ना ती विद्यार्थीहरूलाई पनि नेपालको इतिहासको पढाइमा प्रवृत्त गराउनुभयो । संस्कृतभाषामा राम्रो अधिकार भएका ती विद्यार्थीहरूलाई उहाँले नेपालमा चलेका थरीथरीका पुराना लिपि पनि बिस्तारै सिकाउँदै जानुभएकोले तिनीहरू नेपालमा पाइएका जतिसुकै पुराना अभिलेख पनि पढ्न सक्ने भए । ती विद्यार्थीहरूमध्ये केही सरकारी पाठशालामा पिताजीसँग ज्यौतिष पढेर आएका पनि थिए । ज्यौतिष पढिसकेका ती विद्यार्थीहरूलाई अभिलेखका तिथिमितिको गणना गर्ने पद्धति उहाँले सिकाउनुभयो । केही विद्यार्थी नेवार भएकाले नेवारी भाषामा लेखिएका अभिलेखहरूको अर्थ गर्ने काम पनि बिस्तारै चल्दै गयो । परीक्षाप्रणालीबाट प्रौढ विद्वान् निस्कन गाह्रो छ भन्ने धारणाले अनुप्राणित भई परीक्षाप्रणालीबाट पराङमुख भई विद्या हासिल गरेका ती विद्यार्थीहरूबाट नेपालको इतिहासको शोध गराउने विचार गरी पिताजीले वि. सं. २००९ देखि तिनीहरूलाई *इतिहास-संशोधन* निकाल्ने काममा लाउनुभयो । विद्वान् कहलाएका मानिसहरूले नेपालको इतिहासको विषयमा गरेका गलतीको सप्रमाण निराकरण ती *इतिहास-संशोधन*हरूमा गरिएकाले त्यस बेला त्यो काम निकै चर्चाको विषय बन्न पुगेको थियो । नेपालको इतिहास लेखनको लागि चाहिने योग्यता भने नभएका, इतिहास लेखी झटपट धनमान कमाउने अभिप्रायले यतातिर लागेका मानिसहरूलाई बिक्रोस् भनी कहीं कहीं ती *इतिहास-संशोधन*हरूमा कडा शब्दको पनि प्रयोग गरिएको थियो । *इतिहास-संशोधन*को यस कामले नेपालको इतिहासका कयन् विषयमा प्रकाश पर्न गई नेपालको शुद्ध र सम्पूर्ण इतिहास तयार पार्ने काममा ठूलो सघाउ पुग्न गयो । यस कामको सबभन्दा ठूलो अवदान त हामीले उचित ढङ्गले शिक्षा पाई इतिहासको खोजी गर्दै गयौं भने आफ्नो देशको प्रामाणिक इतिहास तयार पार्न हामी आफैं सक्छौं, विदेशीहरूले धेरैअगाडि लेखेका पुस्तकको सारांश खिंचेर इतिहास लेख्ने जमाना अब बितिसक्यो भन्ने भावना यस विषयसंग सम्बद्ध नेपालीहरूमा जगाइदिनु नै हो । अर्कोतिर, विद्वान् कहलाई हिंडेका मानिसहरूको मानमर्दन यस कामबाट भएकोले तिनीहरू यस संशोधनमार्गको भयङ्कर विरोधी भई निस्के । त्यस्ता मानिस ठूला ठूला पदमा बसेकाले तिनीहरूले यसलाई फस्टाउन नदिने जाल गर्न थाले । यसो हुँदा धेरैजसाले आजित भई यो काम छोडे तापनि केहीले नेपालको इतिहासको यो शोधकार्य चलाई नै रहे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाँकी रहेका हामीहरूले वि. सं. २०१५ देखि हरेक शनिवार कहिले कतै, कहिले कतै गई अभिलेख पढ्ने, सार्ने र तिनको छापा लिने काम गर्न थालेकाले हामीसँग निकै अप्रकाशित अभिलेख जम्मा हुन गए। ती खोजीका केही परिणाम *इतिहास-संशोधन*का विभिन्न सङ्ख्यामा देखा परे तापनि ती अभिलेखको प्रकाशन नियमित ढङ्गले गर्ने विचार गरी वि. सं. २०१८ देखि हामीले *अभिलेख-संग्रह* नाउँले त्रैमासिक पत्रिका चलाउन थाल्यौँ। त्यही बेलादेखि *संशोधन-मण्डल*को नाउँले सङ्गठित भई हामीले काम गर्न पनि थाल्यौँ। *अभिलेख-संग्रह*मा पहिले प्रकाशित नभएका मूल अभिलेख मात्र छाप्दै, *इतिहास-संशोधन*मा चाहिँ अशुद्धिका संशोधन गर्दै र नयाँ नयाँ विषयमा प्रकाश पार्दै तीन वर्ष हामीले बितायौँ। अब यस कामलाई अझ राम्रो रूप दिने विचारले वि. सं. २०२१ देखि *पूर्णिमा* नाउँ राखी हामीले इतिहास-प्रधान त्रैमासिक पत्रिका चलाउन थाल्यौँ।

यसै बीचमा तपाईँ पनि अङ्ग्रेजी शिक्षा हासिल गरी विद्वान् बन्नुभयो र लेख लेख्ने छपाउने कामतिर पनि लाग्नुभयो। यसै प्रसङ्गमा वि. सं. २०३० मा तपाईँको निकै नै परिश्रम परेको *नेपाल् इन् परस्पेक्टिभ्* भन्ने पुस्तक आर्थिक विकास तथा प्रशासन केन्द्रद्वारा प्रकाशित भयो। आफ्नो देशको भुवनकोश, नृतत्त्व, इतिहास, संस्कृति र धर्म, कला र वास्तुकला, भाषा, वाङ्मय आदिको विषयमा तत्तद्विषयका विशेषज्ञहरूको के विचार छ भन्ने कुरा संसारलाई देखाउन विभिन्न विषयका विशेषज्ञहरूद्वारा तयार गरिएको भनी दावा गरिएको त्यस पुस्तकमा मैले इतिहाससम्बन्धी धेरै नै अशुद्धि देखेँ। त्यस पुस्तकका दुइ जना सम्पादक-मध्ये एक तपाईँ हुनुहुन्थ्यो। त्यहाँ तपाईँका आफू एकलैका दुइटा लेख र अर्का सम्पादकसँग मिली लेखेको एउटा लेख पनि परेका थिए। संसारलाई नेपालको परिचय दिन कमर कसेका विशेषज्ञ भनाउँदा-हरूको ज्ञान कुन तहको छ भन्ने कुरा लोकलाई देखाउन ती अशुद्धिको सप्रमाण खण्डन गर्नु मैले जरूरी ठहऱ्याएँ। त्यसैअनुसार वि. सं. २०३१ माघमा छापिएको *पूर्णिमा* ३२ अङ्कका २५० पृष्ठदेखि २६५ पृष्ठसम्म मैले त्यस पुस्तकको आलोचना गरी छपाएँ। नमूनाको लागि मैले त्यस लेखमा तपाईँहरू दुइ जना सम्पादकले मिलेर लेखेको लेखको मात्र आलोचना गरेको थिएँ। मेरो त्यस लेखबाट तपाईँहरू कति थोरै ज्ञानको भरमा विश्वलाई नेपालको परिचय दिन हतारिनुभएको रहेछ भन्ने कुरा *पूर्णिमा*का पाठकहरूले राम्ररी नै बुझे। यो, तपाईँलाई राम्रो लाग्ने कुरा जरूर थिएन।

विक्रमसंवत्को राष्ट्रिय मान्यता खारेज गरी त्यसको सट्टा नेपालसंवत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ भन्ने माग केही वर्ष यतादेखि एक थरीले गर्दै आइरहेका छन्। जब यस्ता माग पूरा हुँदै जान्छन्, तब यस्ता अरू अरू माग बढ्दै जान्छन् र हाम्रा पुर्खाहरूले निकै कष्टले आर्जेको हाम्रो देशको एकतामा खलल पर्न जान्छ भन्ने देखी एक जना ऐतिहासिकको नाताले यस विषयमा बोल्नु मैले जरूरी ठहऱ्याएँ। यसै प्रसङ्गमा *मानस* साप्ताहिक पत्रिकाका प्रति-निधिले मलाई यस विषयमा केही प्रश्न सोध्नुभयो र मैले एकजना विशुद्ध ऐतिहासिकको नाताले यस विषयमा आफ्नो विचार वि. सं. २०३८ मा नेपालसंवत् फेरिएताका सो पत्रिकामा प्रकाश गराएँ। लहरो तान्दा पहरो गर्जन्छ भन्ने उखानलाई चरितार्थ गर्दै नेपालसंवत्को राष्ट्रिय मान्यताका पक्षपातीहरूले मेरो वक्तव्यको आलोचना गरे। त्यस्तै मैले पनि जवाफ दिँदै गएँ। एवं रीतले वादविवाद चर्किंदै गयो।

नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यको विषयमा पत्रपत्रिकामा छापिएका मेरा लेखको सङ्ग्रह *नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य* भन्ने नाउँले वि. सं. २०३९ को वैशाख लाग्ने सङ्क्रान्तिको दिन संशोधन-मण्डलद्वारा प्रकाशित भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसपछि वि. सं. २०३९ मा नेपालसंवत् फेरिने दिन तपाईंको द रेल्इभन्स् अफ् नेपाल संवत् (नेपालसंवत्को औचित्य) भन्ने लेख प्रकाश भयो । त्यस लेखमा तपाईंले मेरो नाउँ नलिईकनै मेरा लेखमा परेका कुराको ओठे जवाफ दिने कोशिश गर्नुभएको रहेछ । त्यसको लागि तपाईं झूटो कुराको पनि सहारा लिन पुग्नुभएको रहेछ । उदाहरणको लागि नेपालसंवत्को चलनचलती रोकी विक्रमसंवत्को चलनचलती सरकारी तहमा चन्द्रशमशेरको पालामा वि. सं. १९६० देखि शुरू भयो भनी तपाईंले त्यहाँ लेख्नुभएको रहेछ।[२९] तपाईंको यस लेखबाट नेपालसंवत्को चलनचलती हटाई विक्रमसंवत्को चलनचलती गरिन थालेको ८० वर्ष मात्र भयो भन्ने बुझिन्छ ।

लेख यसै लामो भइसक्यो । यसैले म कुरा दोहर्याउन्नँ । *नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य* भन्ने मेरो पुस्तकमा यस विषयमा भन्नुपर्ने जति कुरा मैले भनिसकेको छु । नेपालसंवत् पहिले पनि नेवारराज्यभित्र मात्र चलेको थियो, पछि नेपाल राज्य एक हुँदै गएपछि यस संवत्को चलनचलती झन् झन् घट्दै गयो भनेर मैले त्यहीँ प्रमाण दिएर लेखिसकेको छु । फेरि त्यसमाथि, विक्रमसंवत्को चलन नेपाल एक हुनुभन्दा अगाडिका एक होइन, अनेकन् राज्यमा सयौं वर्ष अगाडिदेखि थियो, नेवार राजाहरूका राज्यमा पनि विक्रमसंवत् नौलो थिएन भन्ने कुरा पनि प्रमाण दिई त्यहाँ मैले लेखिसकेको छु ।

तपाईं कहाँसम्म फटाहा कुरा लेख्न पुग्नुभएको छ भने राणाहरूले खालि आफ्नो वंशगौरव बढाई चढाई आफूलाई सूर्यवंशी रजपूत सिद्ध गर्न नेपालमा विक्रमसंवत् चलाएका हुन् भनी तपाईंले त्यहाँ लेख्नुभएको रहेछ ।[३०] तर राणाहरूको रजाइँ हुनुभन्दा निकै निकै अगाडिदेखि नेपालमा विक्रमसंवत्को चलनचलती भएर आएको कुरालाई तपाईंले परालले आगो छोपे जस्तो गरी छोप्न खोज्नुभएको छ ।

कर्नालीप्रदेशका खस राजा पृथ्वी मल्ललाई आफ्नो अभिलेखमा विक्रमसंवत् हाल्न चन्द्रशमशेरका कुनचाहिं पुर्खा दाप्न पुगेका थिए, त्यसको केही प्रमाण तपाईंले पाउनुभएको छ कि ? नेपालखाल्डो र वरपरका इलाकामा राज्य गर्ने स्थितिराज मल्लका र उनका छोरा धर्म मल्लका पालाका अभिलेखमा विक्रमसंवत् हाल्न जोर गर्न चन्द्रशमशेरका अर्का कुनचाहिं पुर्खा पुगेका थिए ? त्यस्तै बाइसी चौबीसीका विभिन्न राज्यका राजाहरूलाई र भक्तपुरका

---

२९. दि अफिशअल् बइकट् अफ् नेपाल संवत्, यान्ड् अडप्शन् अफ् द विक्रम ईरअ बिग्यान् इन् ए. डी. १९०३, डच् रङ्ग द फेटफुल् रेन् अफ् चन्द्र शुम्शेर राणा (१९०१–१९२९) ।

[वि. सं. २०३९ मा काठमाडौंबाट गंगा क्लबद्वारा प्रकाशित *नेपालसंवत् ११०३ न्हू दँया भिंतुना* (नयाँ वर्ष नेपालसंवत् ११०३ को शुभकामना) को ४ पृष्ठ ।]

[नेपालसंवत्को सरकारी बहिष्कार र विक्रमसंवत्को अङ्गीकार वि. सं. १९६० मा चन्द्रशमशेर (वि. सं. १९५८–१९८६) को भाग्यनिर्णायक शासनकालमा शुरू भयो ।]

३०. ...इन् नेपाल्, द राणाज् अडप्ट्इड् विक्रम ईरअ मोर्लि टु फ्ल्याट्अर् देर् फ्यामइलि प्राइड् यान्ड् प्रूभ देर् "रजपूत्" अर् सोलर् अरइजिन्स् ।

(त्यसैको ४ पृष्ठ ।)

[नेपालमा राणाहरूले खालि आफ्नो वंशगौरवको वृथा अभिमानलाई सन्तुष्ट पार्न र आफू "रजपूत" वा सूर्यवंशी भनी सिद्ध गर्न विक्रमसंवत् लिए ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवार राजाहरूलाई विक्रमसंवत् चलाउनैपर्छ भनेर चन्द्रशमशेरका अर्का कुनचाहिँ च्यापजूले जोड गरेका थिए ? गोरखाका राजा पृथ्वीनारायण शाह र काठमाडौंका राजा जयप्रकाश मल्लले सन्धि गर्दा राणाहरूको राज्य चल्न झण्डै नब्बे वर्ष बाँकी थियो। तर तिनीहरूको सन्धिपत्रमा विक्रमसंवत् हाल्न चन्द्रशमशेरका कुप्रा बराजु रामकृष्ण कुंवरले पृथ्वीनारायण शाह र जयप्रकाश मल्ललाई करेपेका थिए भन्ने प्रमाण तपाईंले भेट्टाउनुभएको छ कि ? रणबहादुर शाहले वि. सं. १८६२ मा दुनियाँको बिर्ता हरेका थिए। त्यो बिर्ताहरण बासट्ठीहरणको नाउँले जनजिब्रोमा चलेको छ। बासट्ठीहरण भनेर त्यस घटनाको सम्झना गराउन चन्द्रशमशेरका बाजे बालनरसिंहले गरेको दाउको प्रमाण तपाईंले भेट्टाउनुभएको छ कि ? होइन भने चन्द्रशमशेरले विक्रमसंवत् चलाए भन्ने कुराको के प्रमाण छ ?

नेपाल राज्य एक हुनुभन्दा अगाडि र पछाडिका दुवै समयमा विक्रमसंवत्को प्रचार यहाँ हुंदा हुँदै पनि चन्द्रशमशेरले विक्रमसंवत् चलाए भनी तपाईं किन लेख्नुहुन्छ ? पुरानो कुरा छोडिदेऊँ, पृथ्वीनारायण शाहदेखिका शाह राजाहरूकै कुरा लिऔं। चन्द्रशमशेर श्री ३ महाराज हुँदा पृथ्वीवीरविक्रम शाह श्री ५ महाराजाधिराज थिए। पृथ्वीनारायण शाहदेखि पृथ्वीवीरविक्रम शाहसम्मका राजाहरूका रासका रास लालमोहरहरूमध्ये कतिवटामा विक्रमसंवत्बाहेक अरू संवत् तपाईंले भेट्टाउनुभएको छ ?

पश्चिमका खस राजाहरूका अभिलेखमा नेपालसंवत्को गन्ध पनि पाइँदैन। त्यस्तै बाइसी चौबीसी राज्यमा पनि त्यसको कति पनि प्रसङ्ग आउँदैन। खालि नेपालखाल्डोमा राजधानी भएका नेवार राजाहरूको र नेपाल-खाल्डोबाट बाहिरफेर गएर बसेका नेवारहरूका अभिलेखमा मात्र नेपालसंवत्को प्रसङ्ग आउँछ। विक्रमसंवत्लाई भारतीय उत्पत्तिको भन्ने लाञ्छना लगाई हटाएर नेपालसंवत् चलाउन कमर कस्नुभएका तपाईंहरूको यो चाल देवनागरी लिपिमा लेखिएको नेपाली भाषालाई राष्ट्रभाषा मान्नाले देवनागरी लिपि भारतीय मूलको भएको र भारतको राष्ट्रभाषा पनि देवनागरी लिपिमा लेखिने हुनाले र नेपाली भाषा भारतका हिन्दी बङ्गाली आदि भाषाको नजीकको हुनाले र भारतको एक राज्यको राज्यभाषा पनि भइसकेकोले देवनागरी लिपिमा लेखिने नेपाली भाषालाई राष्ट्रभाषाबाट हटाई अन्त कतै नचलेको, नेवारी लिपिमा लेखिने नामै नेपालभाषा भएको नेवारी भाषालाई राष्ट्रभाषा मान्नुपर्छ भन्ने मागको पूर्वरूप हो भन्ने कुरा प्रबुद्ध नेपालीहरूले नबुझेका छैनन्।

तपाईंको सो लेख निस्कँदा म यहाँ थिइनँ, जर्मनीमा थिएँ। त्यसैले त्यस बेला तपाईंको लेखको जवाफ दिन मैले सकिनँ। अहिले तपाईंको लेख पुरानो भइसक्यो। त्यसैले त्यसमा परेका अरू अरू कुराको विषयमा अहिले लेख्दा त्यति मजा पनि आउँदैन। खालि प्रसङ्ग परेकोले मात्र यति लेखेको हुँ।

हुनत गाईजात्रामा लेखेको कुरा उठायो भन्नु होला। तपाईंका भाइले चलाउनुभएको इनाप भन्ने नेवारी साप्ताहिक पत्रिकाको यस पालिको गाईजात्रे अङ्कमा श्री ५ को सरकार सूचनाविभागबाट चार हजार रुपैयाँ खाई मैले नेपालसंवत्को राष्ट्रिय मान्यताको विरोध गरेको हो भनी लेखिएको रहेछ।[३१] त्यो पनि जर्मनीबाट फर्केर

---

३१. नेपाल सम्वतयात सरकारी मान्यता

ये।

श्री ५ या सरकारं जनताया सः कंदरयाना नेपाल सम्वतयात राष्ट्रिय मान्यता ब्यूगु दु।

मंका खलकं सरकारया पलाःया लसकुस यासें थ्व स्वयां न्ह्यः हे नेपाल सम्वतयात सरकारं छाय् मान्यता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आएपछि मात्र मैले चाल पाएँ ।

सांच्चि भन्ने हो भने नेपालसंवत्को राष्ट्रिय मान्यताको मागको जुन विरोध मैले गरें, त्यो मैले आफ्नो अन्तःकरणको भावनालाई दबाउन नसकी गरेको थिएँ । कसैबाट निर्दिष्ट भई त्यो काम मैले गरेको थिइनँ । मैले त्यो काम गर्दा न कसैले मलाई पैसा दिएको थियो, न मैले कसैबाट पैसा पाउने आशा नै राखेको थिएँ । पैसा नखाई

मब्यूगु खः धकाः न्यंगु न्ह्यसःया लिसलय् छम्ह अधिकारीं थथे धया दिल– सम्वतया विषयं खँ वय् वं थ्व सम्वत राष्ट्रिय खः वा मखु धकाः इतिहासकारपि भाजु टपरी व भाजु बोटायाकें न्यना स्वः बलें आपालं विरोध जुगुलिं थौं तक लिकुना च्वंगु खः । हानं उगु हे इलय थःत इतिहासकार धकाः धकु त्वःतीह्म भाजु मदेश दाश पन्तं नेपाल सम्वतया विरोधय् आजु दे हाः हाला च्वंगुलिं सरकारयात छुं याये मछ्यूगु खः ।

थुयाय् लाक भाजु मदेश दाश पन्त छगू वक्तव्यय् नेपाल सम्वतया विरोध थः यस्सें यानागु मखसें नक्साः लिकसं च्वंगु पुखूया लुँब्यांचात त्वारा त्वारा हाला ध्वारा ध्वारा हाःगुलिं फताह खँ च्वयागु खः धकाः आत्म आलोचना याः गु दु ।

नापं भाजु पन्तं धया दिल– छुयाय् ? जातं ब्यूगु बानि दक्षिणा फयगु धाल धायवं जनैया इजारं चोमासां सहयाय् माः । नेपाल सम्वतया विरुद्धय् च्वसा च्वंयाः जित घण्टाघर लिकसं च्वंगु रचना विभागं प्यद्वः दां ब्यूगु खँ सत्य खः ।

(वि. सं. २०४० भदौ ८ गते बुधवारको दिन छापिएको *इनाप*को १ वर्षको ३३ अङ्कबाट)

[नेपालसंवत्लाई सरकारी मान्यता

काठमाडौं ।

श्री ५ को सरकारले जनताको आवाजलाई कदर गरेर नेपालसंवत्लाई राष्ट्रिय मान्यता दिएको छ ।

मंकाः खलकले सरकारको कदमको स्वागत गर्दै यसभन्दा अगाडि नै नेपालसंवत्लाई सरकारले किन मान्यता नदिएको हो भनी सोधिएको प्रश्नको उत्तरमा एक जना अधिकारीले यस्तो भन्नुभयो– संवत्को विषयमा कुरा आउँदा यो संवत् राष्ट्रिय हो कि होइन भनी इतिहासकार श्रीटपरी र श्रीबोहतासित सोधेर हेर्दा निकै विरोध भएकोले आजसम्म त्यसै रहिरहेको हो । फेरि त्यही समयमा, आफूलाई इतिहासकार भनी धक्कु छोड्ने श्रीमदेशदास पन्तले नेपालसंवत्को विरोधमा आजु दे हाः भनी कराइरहेकोले सरकारलाई केही गर्न अप्ठ्यारो भएको हो ।

यसै बेला श्रीमदेशदास पन्तले एउटा वक्तव्यमा नेपालसंवत्को विरोध आफ्नै इच्छाले गरेको नहुँदा नक्साल-सँग रहेको पोखरीका सुनका भ्यागुता ट्वार्र ट्वार्र गर्दै घ्वार्र घ्वार्र कराएकाले फटाहा कुरा लेखेको हो भनी आत्मा-लोचना गरेका थिए ।

साथै श्रीपन्तले भन्नुभयो– के गरूँ? जातले दिएको बानी । दक्षिणा थाप्ने भन्नेबित्तिकै जनैको इंजारले बाँध्नु-परे पनि सहनुपर्छ । नेपालसंवत्को विरुद्धमा लेख लेखेर मलाई घण्टाघरसँगै रहेको रचनाविभागले चार हजार रुपैयाँ दिएको कुरा सांचो हो ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डेग नचल्ने परिस्थितिमा हुर्केकाहरूको दिमागले यो कुरा विचार गर्न सकेन र विनाप्रमाण मेरो चरित्रमा दाग लाउने कुचेष्टा गर्न तिनीहरू पुगे । प्रमाण र तर्कले भरिएका मेरा लेख काट्ने हुति नभएकाहरूले मेरो लेखमा अप्रामाणिकता ल्याउन यस्तो चाल खेल्नुपर्‍यो । अरू अङ्कमा छाप्यो भने कानूनी बाधा आउला भन्ने डरले जातिगत भ्रम फैलाउनेहरूले गाईजात्रे अङ्कमा मेरो चरित्रमा लाञ्छना लाउन पुगे, किन कि गाईजात्रे पत्रिकालाई जे पनि लेखन छूट छ । नेपालसंवत्‌को राष्ट्रिय मान्यताका पक्षपातीहरूमा सत्यमा आस्था भएको भए लुकीछिपी दोष लाउन जरूरतै पर्दैनथ्यो ।

मौका विचार गरी कलम चलाउनेहरूको लागि लेख त तत्काल माथि उठ्ने साधनमध्ये एक हुने हुनाले उनीहरूका लेख पनि रङ्गीबिरङ्गीका हुन्छन् भनी मैले माथि एक ठाउँमा लेखिसकेको छु । अब म त्यसको उदाहरण तपाईं मै घटाउँछु । बिन्ती छ, नरिसाउनुहोला ।

जुन बेला तपाईं शासनमा घुसिसक्नुभएको थिएन, शासनको छतरीमुनि बस्ने तयारी गर्दै हुनुहुन्थ्यो, त्यस बेला तपाईंको पनि सम्पादनमा आर्थिक विकास तथा प्रशासनकेन्द्रबाट *नेपाल् इन् परस्पेक्टिभ्* निस्कियो । त्यहाँ तपाईंले यस्तो लेख्नुभयो—

इन् द काठ्‌मान्डु भ्यालइ नेपाली ह्याड् अल्सो बीन् इन् फ्रीक्वन्ट् यूस् इन् द लेट्अर् मल्ल पीरइअड्, मेन्लि याज् ए भर्न्याक्युलर् ।[३२]

[काठमाडौं खाल्डोमा पछिल्लो मल्लकालमा नेपालीको पनि खास गरी जनभाषाको रूपमा प्रशस्त चलनचलती भइसकेको थियो ।]

पछि तपाईं शासनमा घुसी केही वर्ष तपाईंले रमझम पनि गर्नुभयो । अनि शासनबाट कुन्नि किन हो, तपाईं हटाइनुभयो । त्यसपछि तपाईंको प्राचीन नेवारी वाङमयको खाका भन्ने पुस्तक प्रकाशित भयो । त्यहाँ तपाईं यस्तो लेख्न पुग्नुभयो—

द नेपाल् भ्यालइ वज् ए मेल्टइङ पट्, एथ्‌निकल्लि याज् वेल् याज् लिङ्ग्विस्टइकल्लि, ड्यूरङ. द मेड्इईभल् पीरइअड् । इन् द पास्ट्, सम् स्कल्अरज् ह्याभ् ड्रन् हेस्टि कन्क्लूझन्ज् अबाउट् द लिङग्विस्टइक् सिट्‌युएशन् अन् द बेसिस् अफ् आइसोलेटइड् इन्स्टन्स्इज् । आचार्य (रिपर्टइड् इन् क्लार्क, १९५७) मेड् ए फ्यान्सिफुल् क्लेम् ह्वेन् ही सेड्

ह्वेन् प्रताप् मल्ल कन्स्ट्रक्टइड् द रानि पोखरी तीर्थ, ही सेट् अप् यान् इन्स्क्रिप्शन् इन् स्टोन् सो द्याट् द न्यूज् अफ् द तिर्थ शुड् स्प्रेड् अल् ओभर् द कन्ट्रि, टु द ईस्ट् यान्ड् द वेस्ट्; यान्ड् बिकज् नेवारी, द ल्याङ्ग्विज् अफ्

---

३२. *नेपाल् इन् परस्पेक्टिभ्*को २७१ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द क्यापिटल्, वज् नट् फरअन्ट् इन् द ईस्ट् यान्ड् द वेस्ट्, ही मेड् यूस् अफ् खस् भाषा इन् दिस् इन्स्क्रिप्शन्, देर्बाइ याक्नलेज्इङ इट् टु बी द न्याश्अनल् ल्याङ्ग्विज् ।

क्लार्क् (१९५७) – रिलाइइङ परह्याप्स् अन् हिज् इन्फर्मयान्ट्स्– क्लेम्ड् द्याट् ए लार्ज् पोर्शन् अफ् द पीप्ल् अफ् द भ्यालइ स्पोक् खस् कुरा इन् द १७थ् सेनचुरइ यान्ड् द्याट् "देर् वेर् मेन्इ नेपाली-स्पोक्अर्ज् पर्मनन्ट्लि रेजिडेन्ट् देर् याट् दिस् टाइम्, यान्ड् द्याट् द टू ल्याङ्ग्विज्इज् (नेपाली यान्ड् नेवारी—केपीएम्) वेर् इन् यूस् कन्करएन्ट्लि, बोथ् इन् द कोर्ट् यान्ड् इन् द सिट्इ" । (क्लार्क् १९५७ : १८५) । वी डू नट् नो ह्वेदअर् क्लार्क् स प्रताप् मल्ल'ज् हनुमान् धोका इन्स्क्रिप्शन् ह्वेर् ईभ्न् फ्रेन्च् वर्डज् वेर् यूज्ड् याज् अर्लि याज् ए. डी. १६५४ अर् ह्वेदअर् द लेट् बाबुराम् आचार्य ह्याड् यान् अपरट्यूनइटि टु गो थ्रू द मल्ल ड्रामज् इन् मैथिली अर् द प्लेज् इन् बेङगली रिट्न् इन् द मल्ल कोर्ट्स् । दि एग्जिस्टेन्स् अफ् दिज् डक्युमन्ट्स् नो मोर् प्रूभ्ज् द्याट् देर् वेर् मेन्इ फ्रेन्च्, मैथिली अर् बेङगली स्पोक्अर्ज् "पर्मनन्ट्लि रेजिडेन्ट्" इन् द नेपाल् भ्यालइ । देर् सर्टिन्लि वेर् सम् हिल् ब्राह्मिन्ज् पर्टिक्युलर्लि इन् कान्ठ अर् आउट्स्कर्ट्स् अफ् द भ्यालइ यान्ड् ए फ्यू इन् द सिट्इ हू कुड् कम्पोज् इन्स्क्रिप्शन्ज् इन् नेपाली जस्ट् याज् देर् वेर् स्काइब्ज् हू कुड् इन्स्काइब् इन् फ्रेन्च् यान्ड् ल्याटइन टु सेट् अप मल्टिलिङग्वल् इन्स्क्रिप्शन्ज् अर् कम्पोज् मल्टिलिङ्ग्वल् प्लेज् इन् द कोर्ट् ।

ह्वाट् इज् अफ्न् मिसअन्डरस्टुड् अबाउट् द लिङग्विस्ट्इक् सिट्चुएशन् इन् द लेट् मेड्इईभल् नेपाल् इज् द फ्याक्ट् द्याट् द रइअल्टि अडप्ट्इड् ए भेर्इ लिब्अर्अल् याटइट्युड् टु ल्याङ्ग्विज् जस्ट् याज् दे डिड् टु रिलिजन् यान्ड् कल्चर् ।[२३] ...

[नेपालखाल्डो मध्यकालमा विभिन्न जातिको र विभिन्न भाषाहरूको मिलनस्थल थियो। उहिले केही विद्वान्हरूले भाषासम्बन्धी स्थितिको विषयमा फाटफुट उदाहरणका भरमा हतारिएर निष्कर्ष निकालेका छन् । बाबुराम आचार्यले (वि. सं. २०१४ मा क्लार्कले लेखेअनुसार) देहायका कुरा भन्दा यस्तो कल्पनामय दावा गरे—

प्रताप मल्लले रानीपोखरी तीर्थ बनाउँदा तीर्थको खबर मुलुकभर पूर्वपश्चिममा फैलियोस् भनी शिलालेख राखेका थिए । राजधानीको भाषा अर्थात् नेवारी पूर्वपश्चिममा नचल्ने हुनाले उनले खस भाषालाई राष्ट्रिय भाषा स्वीकार गरेर त्यस भाषामा शिलालेख राखे ।

आफूलाई खबर दिनेहरूको भर परेर होला, क्लार्कले वि. सं. २०१४ मा नेपालखाल्डोका निकै नै मान्छेहरूले विक्रमको अठारौं शताब्दीमा खस कुरा बोल्थे र "त्यहाँ नेपालीभाषाभाषी धेरै मानिसहरू स्थायी बासिन्दा थिए र

---

२३. *क्ल्यासइकल् नेवारी लिट्अरइचर् : ए स्केच्*का ३१–३२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुवै भाषा अर्थात् नेपाली र नेवारीको दुवै ठाउँमा अर्थात् दरबारमा र शहरमा साथसाथै चलती थियो" भन्ने दावा गरे। (वि. सं. २०१४ मा छापिएको क्लार्कको लेख, १८५ पृष्ठ)। वि. सं. १७१० मा फ्रेन्चको सुद्धा शब्द परेको, प्रताप मल्लको हनूमान्ढोकाको अभिलेख क्लार्कले देखे कि देखेनन् भन्ने कुरा हामीलाई थाहा छैन। त्यस्तै स्वर्गवासी बाबुराम आचार्यलाई मल्लकालका मैथिली नाटक वा मल्लदरबारमा लेखिएका बङ्गाली नाटक पढ्ने मौका मिल्यो कि मिलेन भन्ने कुरा पनि हामीलाई थाहा छैन। यो लिखत हुँदैमा फ्रेन्च, बङ्गाली र मैथिलीभाषाभाषी धेरै मानिस यहाँ काठमाडौंखाल्डोमा "स्थायी बासिन्दा" थिए भन्ने कुरा सिद्ध हुँदैन। पर्कै पनि केही पर्वते बाहुन खास गरी कांठमा थिए। धेरै भाषा भएका अभिलेख राख्न फ्रेन्च र ल्याटिनमा लेख्न सक्ने वा धेरै भाषा भएका नाटक बनाउन सक्ने मानिस दरबारमा भए जस्तै शहरमा बस्ने ज्यादै थोरैले नेपालीमा अभिलेख लेख्न सक्थे।

पछिल्लो मध्यकालको नेपालमा भाषासम्बन्धी स्थितिको विषयमा अक्सर गलत ढङ्गले अर्थ्याइएको तथ्य के हो भने राजाहरूले धर्म र संस्कृतिमा जस्तै भाषामा पनि ज्यादै उदार प्रवृत्ति लिएका थिए।]

नेपालखाल्डोमा पछिल्लो मल्लकालमा नेपालीको पनि खास गरी जनभाषाको रूपमा प्रशस्त चलनचलती भइसकेको थियो भनी वि. सं. २०३० मा लेख्ने तपाईं वि. सं. २०३८ मा गएर नेपालखाल्डोमा मल्लकालमा नेपाली भाषाको केही प्रभाव थिएन; प्रताप मल्लले आफ्ना अभिलेखमा फ्रेन्च र ल्याटिनका शब्द हाले जस्तै नेपालीमा अभिलेख राखेका हुन्; फ्रेन्च र ल्याटिन लेख्न सक्ने, मैथिली र बङ्गालीमा नाटक लेख्न सक्ने मानिस नेपालखाल्डोमा भए जस्तै केही थोरै मानिसले नेपालीमा अभिलेखको पाठ तयार गर्न सक्थे भनी लेख्न पुग्नुभयो।

नेपाली भाषा मल्लकालमा नेपालखाल्डोमा जनभाषा थियो भनी आठ वर्षअघि शासनको छत्रच्छायामा रहेको संस्थाबाट छापिएको पुस्तकमा तपाईंले लेख्नुभएको थियो भने शासनबाट तपाईं फालिएपछि तपाईंले लेख्नुभएको पुस्तकमा नेपाली भाषा त्यही नेपालखाल्डोमा र त्यही मल्लकालमा सात समुद्रपारिको फ्रेन्च र ल्याटिन जस्तो बिरानो भाषासरह थियो भनी छापियो।

नेपाली भाषा मल्लकालमा नेपालखाल्डोमा जनभाषा थियो भनी आठ वर्षअघि भन्ने तपाईंको दृष्टिमा आठ वर्षपछि त्यही नेपाली भाषा मल्लकालमा नेपालखाल्डोमा फ्रेन्च र ल्याटिन जस्तो विदेशी भाषासरहको जनसाधारणमा चलती नभएको भाषा हुन कसरी पुग्यो ?

काठमाडौंखाल्डोमा राजधानी भएका मल्लराज्यमा नेपाली भाषा र नेपालीभाषाभाषीको स्थितिको विषयमा हामीहरूले वि. सं. २०११ देखि लेख्दै आइरहेका छौं। श्रीबालचन्द्र शर्मा (अब स्वर्गवासी) को नेपालको *ऐतिहासिक रूपरेखा*मा मल्लकालमा नेपाली भाषाले नेपालखाल्डोमा जनभाषाको रूपमा प्रवेश पाएको थिएन, पृथ्वीनारायण शाहको विजयको साथै यस भाषाको विस्तार हुन लाग्यो भन्ने लेखिएको कुराको सप्रमाण खण्डन श्रीलक्ष्मण सत्याल र श्रीअक्रूर कुइँकेल (अब स्वर्गवासी) को वि. सं. २०११ मा छापिएको चौथो *इतिहास-संशोधन*मा परेको छ। त्यस्तै श्रीभैरवबहादुर प्रधान (अब स्वर्गवासी) को *मध्यकालीन नेपाल*मा मल्लकालमा नेपालमा ब्राह्मणहरूमा देवभाजू, भट्ट, तेह्रौंते र अरू नेवारीभाषाभाषी मानिस मात्र थिए भन्ने लेखिएको कुराको सप्रमाण खण्डन श्रीरामजी तेवारी (अब स्वर्गवासी), श्री देवीप्रसाद भण्डारी र श्रीशङ्करमान राजवंशीको वि. सं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०१२ मा छापिएको दोस्रो *इतिहास-संशोधन*मा परेको छ। पछि हामीहरूले (श्रीधनवज्र वज्राचार्य, श्रीरामजी तेवारी, श्रीदेवीप्रसाद भण्डारी, श्रीभोलानाथ पौडेल, श्रीशङ्करमान राजवंशी, श्रीगौतमवज्र वज्राचार्य, महेशराज पन्त र श्रीनयनाथ पौडेलले) वि. सं. २०१९ मा छापिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा बढी सामान दिई नेवारराज्यमा नेपाली भाषा र नेपालीभाषाभाषीको स्थितिको विषयलाई बढी स्पष्ट पारेका छौं। अरू नयां पाइएका सामग्री पनि केलाई नेवारराज्यमा नेपाली भाषा र पर्वतेहरूको स्थिति भन्ने विषयमा म चार बर्ष यतादेखि लेख लेखदैछु। त्यस लेखले सानोतिनो पुस्तकको रूप लिइसकेको छ तापनि एउटै काम खटिएर गर्ने मेरो स्थिति र बानी पनि नभएकोले त्यो लेख पूरा भएको छैन। यसो भए तापनि एक दुइ वर्षभित्र त्यो लेख पूरा होला जस्तो मलाई लाग्छ। यस कारण यस विषयमा यहाँ म बढी लेख्तिनं। माथि मैले जो लेखें, त्यो त तपाईंको चमेरो-नीति देखाउनको लागि मात्र लेख्नुपरेको हो।

असत्य कुरा प्रचार गरी आफ्नो दुनो सोझ्याउनेहरूलाई संशोधन-मण्डलको कामबाट केही असजिलो पर्न गए झैं तपाईंलाई पनि हाम्रो कामबाट केही अप्ठ्यारो जरूर परेको छ। यो मैले नबुझेको पनि होइन। यस कारण संशोधन-मण्डलको अवदानलाई सकेसम्म घटाउने कुचक्र त्यस्तो अप्ठ्यारो परेकाहरूले अहिले मात्र होइन, पहिल्यै-देखि गर्दै आइरहेका छन्। यसैले कसैले संशोधन-मण्डलको प्रशंसा गरिहाल्यो भने त्यस्तालाई मन नपर्नु मानिसको स्वभावको विपरीत पनि होइन। यसै कारणले, श्रीमेरी स्लसरले संशोधन-मण्डलको अवदानको प्रशंसा गरेको तपाईंलाई मन नपरेको जस्तो मलाई लाग्यो। यसैले संशोधन-मण्डलका पुस्तकमध्ये सबभन्दा मोटो र संशोधन मण्डलका प्रवर्तकको निकै नै परिश्रम परेको *श्री ५ पृथ्वीनारायण शाह*को *उपदेश*लाई नराम्रो किताब भनी हल्ला पिटाउन छिन्ने मूले नैव शाखा न पत्रम् (जरै काटिदिए न हाँगा न पात) भने झैं गरी तपाईंले *श्री ५ पृथ्वीनारायण शाह*को *उपदेश*लाई कुम्टन पुग्नुभएको हो कि जस्तो पनि लाग्यो।

तपाईंले पृथ्वीनारायण शाहको उपदेशलाई ए लेट् म्यानुयुस्क्रिप्ट् (पछिको लेखोट पुस्तक) भन्ने विशेषण लगाई निकै चाल खेल्नुभएको छ। सबभन्दा पहिले पृथ्वीनारायण शाहको उपदेशको जुन लेखोट पुस्तक छ, त्यसको कालनिर्णय हुन बाँकी नै छ। फेरि त्यो लेखोट पुस्तक पछिको ठहरिए पनि मूल ग्रन्थ पुरानो हुनामा के कति आपत्ति छ, त्यो तपाईंले खुलाउनुपर्ने अवस्था आएको छ। होइन भने पृथ्वीनारायण शाहको उपदेशमा ए लेट् म्यानुयुस्क्रिप्ट् भन्ने विशेषण लगाई तपाईंले के बुझाउन खोज्नुभएको हो, त्यो स्पष्ट पार्नुपर्ने अवस्था आएको छ।

तपाईंले श्रीमेरी स्लसरको *नेपाल् मण्डल*को महत्त्व घटाउन निकै कोशिश गर्नुभएको छ भन्ने कुरा तपाईं-को त्यस लेखबाट नबुझिने होइन। तर सो पुस्तकको सबभन्दा ठूलो दोषमा तपाईंले आंखा चिम्लनुभएको देखेर मलाई आश्चर्य त लागेन, तर तपाईंउपरको मेरो जुन धारणा छ, त्यो झन् बलियो भयो। त्यो पनि तपाईंलाई सुनाइहालूं।

नेपाल भन्नु नै नेपालखाल्डो हो भन्ने धारणाको विरुद्ध सबभन्दा पहिले वि. सं. २००४ मा छापिएको आफ्नो *नेपालको संक्षिप्त इतिहास*मा श्रीतोत्रराज पाण्डेय र पिताजी नयराज पन्तले प्राचीन कालमा नेपाल ठूलो थियो भनेर सप्रमाण सिद्ध गर्नुभएको हो। वि. सं. २०११ मा छापिएको *नेपाली गद्य-संग्रह*को तेस्रो भागमा पिताजीको नेपाल शब्दको अर्थ भन्ने सुन्दर निबन्ध छापियो। वि. सं. २०१९ मा छापिएको हाम्रो *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा हामी संशोधन-मण्डलका सदस्यहरूले नेपाल ठूलो थियो भन्ने सिद्धान्तलाई पुष्ट पार्ने बढी प्रमाण जुटायौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पछि वि. सं. २०२१ मा *पूर्णिमा* २ अङ्कमा छापिएको, नेवारी भाषाको तामाङ भाषा तथा लिम्बू भाषासँगको सादृश्य भन्ने आफ्नो निबन्धमा श्रीगौतमवज्र वज्राचार्यले लिच्छविकालपछिको एउटा लिखतको भरमा यस सिद्धान्तलाई अझ पुष्ट पार्नुभयो। वि. सं. २०२६ मा छापिएको आफ्नो *लिच्छवि-संस्कृति*मा श्री जगदीशचन्द्र रेग्मीले यस विषयमा अरू प्रमाण जुटाउनुभयो। वि. सं. २०३० मा श्रीधनवज्र वज्राचार्यले अरू लिच्छविअभिलेखहरूको आधारमा यस सिद्धान्तलाई आफ्नो *लिच्छविकालका अभिलेख*मा फन् पुष्ट पार्नुभयो। पछि वि. सं. २०३२ मा छापिएको श्रीधनवज्र वज्राचार्यको र श्रीटेकबहादुर श्रेष्ठको *नुवाकोटको ऐतिहासिक रूपरेखा*मा र वि. सं. २०३४ मा छापिएको मेरो र श्रीऐश्वर्यधर शर्माको *द टू अर्लिएस्ट् कपर्-प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्* (नेपालका दुइटा सबभन्दा पुराना ताम्रपत्र) मा पनि नेपाल ठूलो थियो भन्ने सिद्धान्तलाई पुष्ट गर्ने थप काम भयो। हालै श्रीज्ञानमणि नेपालले आफ्नो *नेपालनिरुक्त*मा यस विषयका बढी प्रमाण सङ्ग्रह गर्नुभएको छ।

यहाँनिर एउटा कुरा भनिहाल्नुपरेको छ। त्यो के हो भने नेपालको राष्ट्रिय गौरव बढाउने विचारले प्रमाणाभासको आधारमा प्राचीन कालमा नेपाल ठूलो थियो भनी सिद्ध गर्न यो काम भएको होइन। ऐतिहासिक सामग्रीहरूको गहिरो अनुशीलनबाट यो निर्णय गरिएको हो। यस कारण प्रमाणाभासको आधारमा नेपाल भन्नु नै नेपालखाल्डो हो, नेपालभाषा भन्नु नै नेवारी भाषा हो भनी प्रचार गरेर हिंड्नेहरूलाई मर्का पर्न गयो र यस्ता मानिसहरू संशोधन-मण्डलको स्वभावतः विरोधी हुँदै गए।

यसरी, पुराना प्रमाणहरूमा चर्चा गरिएको "नेपाल" वर्तमान नेपाल राष्ट्रसँग कुनै तरहले पनि दाँजिन सक्ने ठूलो स्थायी राज्य थियो भन्ने विचारको सम्बन्ध तथ्यको अनुसरणसँग भन्दा सम्भवतः राष्ट्रिय उत्साहसँग जोडिनुपर्छ[३४] भनी *नेपाल् मण्डल*मा लेखिएको कुरा नेपालखाल्डो नै नेपाल हो भनी प्रचार गरेर हिंड्नेहरूलाई मन पर्ने नै भयो। त्यसैले तपाईंले श्रीमेरी स्लसरको पुस्तकको कडा आलोचना अरू अरू विषयमा गरे पनि यस विषयमा भने केही बोल्नुभएन। तपाईं प्राचीन कालमा नेपाल ठूलो थियो भनेर त अवश्य लेख्नुहुँदैन भन्ने मलाई थाहा थियो। कमसेकम श्रीमेरी स्लसरको पुस्तकको आलोचना गर्ने प्रसङ्गमा अर्को पक्षको विचारको चर्चासम्म त गर्न सक्नुहुन्थ्यो। तपाईंले त्यतिसम्म पनि गर्नुभएन। यसको कारण के हो, तपाईंलाई नै थाहा होला।

तपाईंले श्रीमेरी स्लसरले संस्कृत, नेपाली र नेवारी शब्द लेख्दा र तिनको अर्थ दिंदा बिगारेका निकै दृष्टान्त बडो परिश्रम गरी जुटाउनुभएको रहेछ। तर तपाईं पनि त्यस्ता गलती गर्दै हुनुहुन्छ भन्ने कुरा तपाईंका लेखका पत्रपत्रले हामीलाई बताइरहेछन्। नकारान्त वर्मन् शब्दबाट प्रथमाको एकवचनमा वर्मा रूप बन्छ। तर त्यही वर्मन् शब्द तपाईंको लेखाइमा कहिले वर्म बन्छ त कहिले वर्मा। धेरैजसो भने नकारान्त वर्मन् शब्दले चोला फेरी तपाईंको लेखाइमा त्यो शब्द अकारान्त वर्मन बन्न गएको छ। त्यस्तै वृजि वृज्जि बन्न पुगेको छ।[३५] प्रसिद्ध

---

३४. दस्, टु भ्यू द "नेपाल" मेनशन्ड इन् अर्लि सोर्सेज् इज् याज् ए लार्ज्, पर्मनन्ट् स्टेट् कम्पेरेब्ल् इन् एनि वे विथ् द प्रेजन्ट् नेशन् शुड् मेरइ लाइक्लि बी याट्रिब्युटेड् टु न्याश्अनल् इन्थूजियाज्म् रादर् द्यान् टु अड्हीरएन्स् टु फ्याक्ट्।

(*नेपाल् मण्डल*को ७ पृष्ठबाट)

३५. द लिच्छवि इन्स्क्रिप्शन्ज् वेर् अफिश्अल् यान्ड् रिलिज्अस् डकुमन्ट्स् इस्युड् बाइ द रुलिङ् एलीट्स् — द लिच्छवि किङ्ज्, द थकुरि वर्मणज् यान्ड् आभिर गुप्तज् याज् देर् भ्यास्अल्स्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[वि. सं. २०३८ मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश्* पत्रिकाको ८ वर्षका १–२ अङ्कका ६–२३ पृष्ठमा छापिएको लिङ्ग्विस्टइक् आर्कीअलअजि अफ् द नेपाल् भ्यालइ ए प्रेलिमइनरि रिपर्ट् (नेपालखाल्डोको भाषासम्बन्धी पुरातत्त्व– उठानको विवरण) भन्ने तपाईँको निबन्ध, सो अङ्कको ६ पृष्ठबाट :]

[लिच्छविअभिलेखहरू शासन गर्ने माथिल्ला वर्ग अर्थात् लिच्छवि राजाहरूले र तिनीहरूका सामन्तको हैसियतले ठकुरी वर्मणहरूले र आभीर गुप्तहरूले जारी गरेका शासनसम्बन्धी र धर्मसम्बन्धी लिखत थिए।]

सी. एक्सेप्ट् फर् फाइभ् अर् सिक्स् नन्–स्यान्स्क्रिट् पर्सनल् नेम्ज्, अल् द पर्सनल् नेम्ज् ट्रेस्ड् इन् दि इपिग्रफि आर् इन्डिक् यान्ड् स्यान्स्क्रिट्। सम टिपइकल् सर्नेम्ज् आर्: – गुप्त, – पाल, – जीव, – सेन, – दुत्त, – मित्र, – वर्म, – वर्मा, – वर्धन, – वर्मण, यान्ड् – गोमि।

(उही ७ पृष्ठबाट)

[ग. मानिसहरूका संस्कृतेतर पाँच छवटा नाउँबाहेक अभिलेखमा पाइने मानिसहरूका सबै नाउँ भारतीय र संस्कृतका छन्। केही ठेठ थर यस प्रकारका छन्– गुप्त, पाल, जीव, सेन, दुत्त, मित्र, वर्म, वर्मा, वर्धन, वर्मण र गोमि]

...द पीप्ल् सप्लाइड द प्लेस्–नेम्ज्, अन्लाइक् द वन्ज् सप्लाइङ द पर्सनल् नेम्ज्, मस्ट् ह्याभ् बीन् लिभ्इङ् इन् द भ्यालइ...

बी. इन् लार्ज् नमबरस, याट लीस्ट् इन् ग्रेटअर नमबरज् द्यान द लिच्छविज्, द आभिर गुप्तज् यान्ड द यकुरि वर्मणज्,...

(उही ७ पृष्ठबाट)

[मान्छेका नाउँ जुटाउने मानिसहरूभन्दा फरक, ठाउँका नाउँ जुटाउने मानिसहरूले नेपालखाल्डोमा धेरै सङ्ख्यामा, कमसेकम लिच्छवि, आभीर गुप्त र ठकुरी वर्मणहरूभन्दा धेरै सङ्ख्यामा बसोबास गरिरहेको हुनुपर्छ।]

अल्रेडइ बाइ द एन्ड् अफ् द फर्स्ट् मिलेनइअम् ए. डी., दि एनशन्ट् क्ल्यान्ज् अफ द पास्टोरल् नेप्लाज् (हर्ड्ज्मेन्), द किरातज्, द वृज्जिज्, द शाक्यज्, द कोलिज्, द मल्लज्, द रुलइङ् फ्यामइलिज् अफ् द लिच्छविज्, द आभिर गुप्तज्, यान्ड् द यकुरि वर्मणज्— अल् वेर् लस्ट् अमङ् दि याबअरइजइनअल्ज् अफ द भ्यालइ इन द मेकइङ् अफ् द नेवार्ज्।

(उही १८ पृष्ठबाट)

[विक्रमको एघाह्रौँ शताब्दीसम्ममा, गोठाला नेपाल (गोठाला), किरात, वृज्जि, शाक्य, कोलि, मल्लका प्राचीन वंश र लिच्छवि, आभीर गुप्त र ठकुरी वर्मणका शासकवंश यी सबै नेपालखाल्डोका आदिवासीहरूमा नेवार बन्दा हराए।]

अपार्ट् फ्रम् दीज् थ्री, देर् आर् एथ्निग्र्याफइक् इभ्इडन्स्इज् अफ् दि अदअर् इम्इग्र्यान्ट् क्ल्यान्ज् अफ् इन्डिअन् अरइजिन्ज् सच याज् द वृज्जिज, द मल्लज्, द शाक्यज, द कोलीज्।

(उही, ६ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

करणग्रन्थ ग्रहलाघव तपाईंको हातमा पुगेर गृहलाघव मात्र होइन, ग्रिहलाघव बन्छ।[३६] त्यति मात्र होइन, अलङ्कारशास्त्रको प्रसिद्ध ग्रन्थ दण्डीको काव्यादर्श तपाईंको दृष्टिमा नाटक ठहर्छ।[३७]

[यो तीन थरीभन्दा बेग्लै, वृज्जि, मल्ल, शाक्य, कोली जस्ता भारतीय मूलका बसाइँ सरेर आएका अरू वंशका अभिलेखका प्रमाण छन्।]

३६. ज्योतिष ...

५. ग्रिहलाघव एन्‌एस्‌ ८७६ (एडी १७५६)।

(*क्ल्यासिकल् नेवारी लिट्‌अरेचर् ए स्केच्*का ४६-४७ पृष्ठबाट)

[ज्योतिष

५. ग्रिहलाघव ने. सं. ८७६ (वि. सं. १८१३)]

३७. क्ल्यासिकल् नेवारी ड्रामा

द ट्रेडिशअन्

द मिड्-सेभेन्थ् सेन्चुरइ चाइनिज् रेफ्‌रन्सइज् इन् द ताङ यान्‌अल्ज् इन्डिकेट् द्याट् द नेवार्ज् वेर् "भेरइ फन्ड् अफ् सीन्इक् प्लेज्"। दिस् इज् अल्सो कन्फर्म्ड् बाइ द नेपालिज् सोर्स्इज् फर् एग्जाम्प्ल्, ए रेफ्‌रन्स् इन् गोपाल वंसावली (फोलिओ २१ बीः– लाइन् ३) मेन्शन्ज् द परफर्म्‌यान्स् अफ् ए फोर्-याक्ट् रामायन नृत्य सम्‌टाइम् बिट्वीन् शिव देव यान्ड् नरेन्द्र देव इन् द मिड्-सेभेन्थ् सेन्चुरइ। द ल्याट्‌अर् क्रनइक्ल्ज् अल्मोस्ट् इनभेरइअब्ल्लि याट्रिब्युट् ग्रेट् यान्टिक्‌विटि टु द डान्स्-ड्राम अफ् हरिसिद्धि। सिन्स् इट्स् सेन्ट्रल् फिग्अर् इज् उग्र तारा नीलसरस्वती, इन् इट्स् प्रेजन्ट् फर्म् इट्स् रिमाइन्अल् कुड् नट् बी अर्लिअर् द्यान् द १७थ् सेन्चुरइ। इन् द मेड्ईइभल् टाइम्ज्, कल्टिभेशन् अफ् लिट्‌अरअरि इनटरइस्ट्स् इज् एभ्इडन्ट् फ्रम् द नेचर् अफ् द म्यान्युस्क्रिप्ट्स् कप्इड् इन् द नेपाल् भ्यालइ। म्यान्युस्क्रिप्ट्स् सच् याज् दण्डिन्'ज् *काव्यादर्श* (कप्इड् इन् एन्‌एस् २३१/एडी ११११), हर्ष'ज् *नगानन्द नाटक*) (कप्इड् इन् एन्‌एस् ३४४/एडी १२२४, फर् कुमर् अनन्त मल्ल), क्लीर्‌लि शो द्याट् द कोर्ट् यान्ड् दि एलीट्स् टुक् इनटरइस्ट् इन् ड्राम।

(उसैको ६५ पृष्ठबाट)

[पुरानो नेवारी नाटक

परम्परा

ताङवृत्तान्तमा परेका आठौं शताब्दीका चिनिया सन्दर्भले नेवारहरू "नाटक खेलेको हेर्न खूपै मन पराउँथे" भन्ने कुरा देखाउँछन्। यसको पुष्टि नेपाली प्रमाणबाट पनि हुन्छ। उदाहरणको लागि, गोपालवंशावली (२१ ख पत्रको ३ पङ्क्ति) को एउटा सन्दर्भमा विक्रमको आठौं शताब्दीमा शिवदेव र नरेन्द्रदेवको बीचको कुनै समयमा चार अङ्कको रामायणनृत्य खेलेको कुराको चर्चा आएको छ। पछिल्ला वंशावलीहरूले हरिसिद्धिको नाच क्रण्डै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो त उदाहरण हुन्, कमलप्रकाशजी, खोजी पसे तपाईंका यस्ता गलती निकै नै देखाउन सकिन्छन् । यस्ता विषयको अन्वेषण गर्नको लागि चाहिने योग्यता नभई यस्ता विषयमा हात हाल्दा यस्ता गलती भई नै रहन्छन् । यसमा आश्चर्य पनि म मान्दिनँ ।

पब्लिश् अर् पेरिश् (कि छाप् कि मर्) भन्ने आजको जमानामा अन्वेषण पनि पेशा भनूँ कि फेशन बन्न पुगेको छ । त्यसै कारण चाहिने योग्यता नहुँदा नहुँदै पनि विवश भई तपाईंहरू त्यतातिर लाग्नुभएको छ ।

एउटा कुरामा त म तपाईंको तारीफ नगरी बस्न सक्दिनँ । जुन देशका प्रसिद्ध ऐतिहासिक एउटै मान्छे दुइ बाजि मरेको, एउटै मान्छे एउटै मान्छेको छोरा पनि नाति पनि भएको जस्ता कुरा लेख्छन् र मुलुकले विद्वान्‌लाई गर्ने सबभन्दा ठूलो सम्मानका पात्र बन्छन्; जुन देशमा मन्त्री भइसकेका ऐतिहासिक अरूहरूले निकै परिश्रम गरी खोजेर लेखेका कुरालाई सुटुक्क उल्था गरी आफ्नो नाउँमा छपाउन कति पनि गाह्रो मान्दैनन्; त्यस्तो देशमा भिन्नै विषय पढाई फुर्सदको समय प्राचीन विद्यामा दिई तपाईंले जो कुछ गर्नुभएको छ, देश काल परिस्थिति हेर्दा त्यसको महत्त्व त्यति कम पनि छैन ।

विद्यारक्षाको लागि कटु भए पनि सत्य बोलेको हुँ । चित्त नदुखाउनुहोला ।

आजलाई यति नै । सम्झना नछुटोस् ।

तपाईंको–

महेश्वरराज पन्त

वि. सं. २०४० चैत ३ गते शुक्रवार

फागुपूर्णिमा

काठमाडौं

□

एकनाससँग ज्यादै पहिलेदेखि चलेर आएको कुरा भन्छन् । यसको मुख्य पात्र उग्रतारा नीलसरस्वती भएकोले अहिलेको रूपमा यो खेलिन थालेको विक्रमको अठाह्रौं शताब्दीपहिलेको हुन सक्दैन । मध्यकालमा, साहित्यिक अभिरुचिको अभिवृद्धि नेपालखाल्डोमा सारिएका पुस्तकहरूको लक्षणबाट स्पष्ट हुन्छ । दण्डीको *काव्यादर्श* (ने. सं. २३१/वि. सं. ११६८ मा सारिएको), हर्षको *नागानन्द नाटक* (ने. सं. ३४४/वि. सं. १२८१ मा कुमार अनन्त मल्लको लागि लागि सारिएको) जस्ता पुस्तकहरूले दरबारले र माथिल्ला वर्गका मान्छेहरूले नाटकमा चाख लिएको कुरालाई स्पष्टसँग देखाउँछन् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ रणबहादुर शाहका नौवटा अप्रकाशित लालमोहर

– दिनेशराज पन्त

(१ सङ्ख्या)[1]

श्रीदुर्गा सहाय ७१

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराज-
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादू-
३. र्सम्सेर्जंङ्देवानाम् सदा समरविजयिनाम् ——————
४. स्वस्ति श्रीराजभारासामर्थ श्रीयोगनारायन मल्लके आसिषपूर्वकपत्रमिदं. इहा
५. कुसल. तांहां कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाको समा-
६. चार भलो छ. उप्रांत लासाबाट आयाका मानिसले सान्हो गरि सेपिराष्याछ-
७. न्. मोहरमहां लेषियाको सांध दिउ भन्या सर्कारको ढेरै बिरिन्याछ.
८. एक थोक सांध गरी काज छिन्या बढिया हुदो हो भनि बिति गरी पठाया-
९. छौ. त्यो मोहरको सहि भन्या हवैन. इहा पनि वारिका सुब्बाको मार्फत्-
१०. ले साक्या लामा गुङच्याराचन तुतुय वांग्यालहरुको चिठि आयाको
११. थियो. लासामा हिजोको धर्मपत्रमहा लेषियाको धर्मपत्र लिकन ला-
१२. सामा भला मानिस् पठांउछौ. ताहाबाट जउन् सांधसिमानाको ठेगा-
१३. न होइ आवला. तसैमाफिक साधसिमानाको ठोक गरौंला भनि ए-
१४. स्ता तरहसित लेषि पठाउ. तांहां पनि तस्तै तरहसित जबाफ देउ.

---

१. हरेक पत्रका शिरोभागमा श्रीदुर्गा भवानि भन्ने रातो छाप लागेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कउन्सांध गऱ्यादेषि हाम्रो सप्रंछ. सो आफनु बुझ्याको बिंति गरी पठाव. बांकि मुलुकमहा भन्या पैसा बेबाक् भयो. अझ सिपाहि पालनु छ मैन्हा छ. विना जागिऱ्याको पनि नभइ भयेन भनि बिंति गरी पठायाछौं. एस कुराका ठेगान गरी ति चार जामादारहरुलाइ पछिबाट लेषि पठाउला. बांकि पश्चिमतिरका समाचारका अर्थकन तनहुको देस मादिवार फत्य भयाको अधिका चिठिमहा लेष्याको हो. तनहुको ज्याम्रूकका ठानामा बली बानिआ बाभन्नानि रामकृष्ण कंवर एति थिया. वैरिले आइकन घेरा दियछ. तनहुबाट बं साह रर्णासं साह पारथ भंडारिहरु गुहार गयाछन्. ठानाका र इनहरु सामेल भै वैरिको आड हान्न गयाछन्. हाम्राले आड फोर्न सकेनछन्. हाम्रा बलि बानिआसमेत् जना १८ ठहर षस्याछन्. जना ४०।५० घायल भयाछन्. वैरिका जना ३५ ठहर पऱ्याछन्. जना ८०।१०० घायल भयाछन्. हाम्राले आड फोर्न नसकदा फर्किकन ज्याम्रूक आई पस्याछन्. गोर्षाका भारदारहरुले रागिनासतिरको पट्टि अंबल नगरी तनहु षांदा पाको पनि भयेन. पछिबाट आफ्नु चांजो सपारीकन काज गरौंला. आज र त्यो फौज उकासन्या हो भनि सल्लाह ठहरायाछन् र तनहु तऱ्याको हाम्रो फौज पनि उका(स्या)छन्. रागिनासका फेराका ठानाका फौज पनि उकास्याछन् र पुराना हाम्रा देशमहा आयाछन्. उप्रांत इहा किरांतका ठाना कुऱ्हंन्या आठ थुमलाइ ताहाबाट उकास्या गयछ. इहा ठाना षालि भैरहेछ. एस्तो भया कसो गरी मुलुकको संभार होला भनि बिंति गरी पठायाछौं. पश्चिमतिरको काज हुदा उमराहरु गयाका थिया र तस्तो भयाको हो. अब र ठिक गरीकन पठांउं छौ. संवत् १८३५ साल वैशाषवदि ४ रोज २ मुकाम काठमाडौं शुभम् =

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ सङ्ख्या)

श्रीदुर्गा सहायः

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्याविविविधविरुदावलीविराज-
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुर्साहबहादू-
३. रसम्शेरजङदेवानां सदा समरविजयिनाम् = = = = = =
४. स्वस्ति श्रीगगनगिरिराजेत्यादिराजभारासामर्थ श्रीजोगनारायण मल्ल श्री-
५. व्रजवासि पांडेके सलाम आशिषपूर्वकपत्रमिदं. इहा कुसल. तांहा कुसल
६. चाहिये. आगे इंहांको समाचार भलो छ. पत्र आयो. अर्थ मालूम भयो. उप्रान्त
७. सुषिमको अघिको पुरानु काजि र नया काजिको लडाइ भइरहेछ. नया का-
८. जिको छोरो १ लडाइमा पऱ्यो. पुराना काजिले धर्माकं न कमायको रहेछ.
९. र धर्माको फौज उठाइ सुषिममाथि चढाइ राषेछ. तस्तो देष्ता भोटचा-
१०. ले लिम्बुकन बहुतै दुष् दिन लागेछ र तमोरवार गोर्षाको सेमाना गर्छु. भो-
११. टचा हान्छु. काज परिआया गुहार पनि दिया भनि लिम्बुहरु भन्न आया र भो-
१२. टचा लिम्बु पाटचाको ता हाम्रो सबै हो भन्या जस्तो लाग्यो र हान भनि वचन
१३. दिजौ भनि लेष्याछौं. सुन्यौ. तिम्बु र भोटचा फोर्नु हाम्रो सब्यै हो. हान भन्याछौं ब-
१४. नायाछौं. निस्तुक् सुद्ध भैकन तमोरवार साध दिन्या भया गुहार पनि दिनु.
१५. उप्रान्त वीरभद्र राइलाइ पठाइदियाको छ. भलो मानिस् हो. तेसलाई ढा-
१६. ल तरबार सिरोपाउ जागिर निकं गरि राषिबक्स्या अरु सुब्बा किरांति षस्
१७. मगर झिकिन्याछन् फनि बिन्ति गरि पठायाछौं. भलो. जागिर ढाल तरबा-
१८. र सिरोपाउ दि खुसिसग राषौला. ताहाका अरु किरांति षस् मगर जो
१९. जो छन्. मिठो मसिनो गरि झिक्न्या गर. जान्या आउन्या मिहनत् ग-
२०. र्न्या मानिसलाइ तिम्रा बाटबाट केहि सिरोपाव बक्सौला बढाउला.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उप्रान्त धर्माका मुलुक्‌महा हजार १०/८ नागा फिरंगिको मुलूक् लुटि ताहा आइ दबिइ रह्याछन्. ताहादेषि बढता वंगिका मुलूक्‌महा अरु नागा भेला भैरह्याछन्. ति नागाहरु पनि धर्मका देस आइ सामिल हुन्छन् भनि सन्न्यासिहरुले फेंदाप आइकन नयर्नासि बानिञाछेउ कह्याछन् र तेहि समाचार बानिञाले बिंति गऱ्या. त्यो कसो हो. ति नागा धर्माले झिकाइकन आयाको हुन् कि फिरंगिका डरले आफै दबिन आयाका हुन्. परन्तु धर्माले झिकाइकनं आयाका भया त हाम्रो अलिक् असव्य छ. तस्‌अर्थ पूर्व दषिनतिर मानिस घालदै बुझदै जाहा बिन्ति गरि पठाउदै गर. बहुतै षबर्दारि सचेतसंग रहु. इति सम्वत् १८३५ साल वैसा(ष)वदि ४ रो ५ मुकाम काठ्माडौ शुभम् = = = = = = =

(३ सङ्ख्या)

श्रीदुर्गा सहायः ८

श्रीदुर्गा

भवानि

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली–विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्संम्सेर्जंङदेवानाम् सदा समरविजयिनाम्——— स्वस्ति श्रीसर्वोपमायोग्यत्यादि श्रीयोगनारायण मल्लके आशिषपूर्वकपत्रमिदं. इहा कुशल. ताहा कुशल चाहिय. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत लासाबाट आयाका भोट्यालाइ कसो गर्न्या हो भनि बिंति गरि पठायाछौ. एस्को उत्तरा अस्ति लेषि पठायाथ्यु. तसैमाफिक् गरि मुलुक्‌महा पैसा सकिया कम्पनि कस्ता तरहशित थाम्न्या हो भनि चार जामादारकन पठाइदियाछौ. जामादारहरु आइपुग्याका छैनन्. आयापछि सोधपुछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११. गरि ठेगाना पठाउला. बाँकि आफ्ना दाज्युभाइ काटियाको समाचार
१२. सुन्दा सरुप पुरनियां गै रहेछ. इछमन्साहेबले त सल्ला दि राषेछ. हा-
१३. मिले पनि उकिल सर्वत्र पठाञ्यु भनि बिंति गरि पठायाछौं. मानिस् प-
१४. ठायाछौं. बनायाछौं. सरुपको पनि इहा एस्तो भयापछि तहोका मानि-
१५. स् मात्र उठावन्या डबल छ कि अन्त जाइकन मानिस् उठावन्या डबल्
१६. छ. त्यो सरुपछेउ पुग्न्या मानिस् पठाइकन निस्तुक् बुझी बिंति गरि पठा-
१७. व. बाँकि विरभद्र राइकन ढेरै मानिस् झिक्नाको ठेगान गरि पठाया-
१८. को हो. विरभद्र राइको चिठि र बिजनिस्पत्र आइपुग्यो. एति कुरो गऱ्या आ-
१९. उंछ. एति कुरो नगऱ्या आउदैन भनि लेष्याको छैन. त्यो कुरो विरभद्र रा-
२०. इसंग बसिकन ठिक गरि बिंति गरि पठाव. जिउ अप्तालीको कुरोदे-
२१. षि डराइरह्याका छन् गरे. जिय अप्तालो त हांमि गर्न्याछौन. माफ् गरिबक्-
२२. सौंला. जो आउनान्. तनको धन जिय माफ् गरिदिन्यैंछौं. बलअनसा-
२३. रको जागिर पनि बकसन्यैंछौं. उप्रांत पोषरिका ठानाका उक्स्याको
२४. आठ् थुममध्ये मन्ढन् र विरभद्र राइ इहा बस्याको छ भनि बिंति ग-
२५. रि पठायाछौं. मन्डन् र विरभद्र राइकन तहि थाम. इति सम्वत् १८३५
२६. साल वैशाषवदि ७ रोज ५ मोकाम कान्तिपुर शुभम् =

(४ सङ्ख्या)

श्रीदुर्गा सहायः १

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव-
२. लीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेर-
३. णबहादूरसाहबहादूरसम्सेरजङ्गदेवानाम् सदा समरविजयिनाम्
४. स्वस्ति श्रीसर्वोपमायोग्य श्रीयोगनारायण मल्लके आसिषपूर्वकपत्र-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. मिदं. आहा कुशल. तांहा कुशल चाहिये. पत्र ३ आयो. अर्थ मालुम भयो.
६. आगे इहाको समाचार भलो छ. उप्रान्त ताहाको बन्दोबस्त सब २/४ दि-
७. नमहा ठिक गरि पठाउला. बाकि पश्चिमतिरका समाचारका अर्थकन
८. सबै राजा राजाको साभा नुवाकोट लाग्याको थियो. हिजो आज सबै घर-
९. घर गया. पर्वतका गनेस् मल र लम्जूग्या राजाका भाइ इहा कान्ति-
१०. पुर आउछन् भनि हाम्रा जेठाबुढा सर्वानन्द पाडे विस्वेस्वर पाध्याहरूले
११. बिन्ति गरि पठायाछन्. घायको बन्दोबस्त बढियँ छ. उप्रान्त तनहुको
१२. फौज हाम्रो वश्चि आउदा तनहुकोटचाले स्वमेस्वरसमेत लियोथ्यो. पछि
१३. हान्न भनि पठाञ्युं र वैशाषका दिन १२ जादो स्वमेस्वर हान्न बुढा दल-
१४. मर्दन साह बन्दु राना पारथ भडारि अम्बरसिं राना जयकृष्ण कंवर इति
१५. गयाछन्. ब्याहानदिषि बन्दुक कांड ढुंगाको जुरु भयछ. ब्यालुकिषेर
१६. भर माग्याछन्. सिव देसवाको भाइ १ दुवरि चौधरिको भाइ १ वांङः राइ १ स-
१७. मेत् बिस सात वैरि पक्रियाछन्. तिनै प्रगन्नाको आमिलदार मानिस्
१८. पक्रिया. प्रगन्ना पनि हाम्रो अम्बल होला भन्या जहि लाग्छ. स्वमेस्वर कुन्हं
१९. तिष्टुं पाल्हुं दुइ थुम र श्रीनाथ कोम्पनि एति राषि भरभारा ति पक्रीयाका
२०. मानिस लि आउछन्. स्वमेस्वर फत्त्य भयाको बढाइ ताहा सर्वत्र गराउ. बांकि
२१. इस्मेट साहेब र सरुप पुरनिआ गयी पुरनिआको साहेबसंग कौसल भ-
२२. याको हाम्रा वकिलसग जवाप सबाल भयाको हाम्रा दर्माहवाल सिपाहि-
२३. सग टटा भयाको बिस्तार बिन्ति गरि पठायाछौ. मालू(म) भयो. पुरनिआको साहे-
२४. बलाइ सरसौगातसंग चिठिपत्र लेषि पठायाछौ. बहुतै बनायाछौ. गुलि-
२५. यो मिठो गरि पठाउदै गरि पुरनिआको साहेब हामिसित अषलासि राष-
२६. न्या भया इस्मेट सरुपको उठाया उठैनन. भला मानिस् हालि मिठो
२७. मसिनु पनि गर. षैषबर पनि बुझ. परन्तु कलकत्ता बडासाहेबलाइ र पुर-
२८. नियाको साहेबलाइ हाम्रो षतपत्रसमेत् भला मानिस पनि आउछन्. परंतु
२९. सिपाहिहरूको ठेगाना र तिमीहरूको षायन्को ठेगाना पछिबाट गरि पठा-
३०. उला. हाम्रो बन्न्या सप्रन्या र तिमिहरूलाइ जस हुन्या काज सुरोपुरो भै गर.
३१. इति सम्वत् १८३६ साल वैशाषशुदि १५ रोज ६ मोकाम कान्तिपुर शुभं—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(५ सङ्ख्या)

श्रीदुर्गा सहायः १

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीवि-
२. राजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्सा-
३. हबहादूरसमसेरजङदेवानाम् सदा समरविजयिनाम्——————
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीयोगनारायण मल्लके आसि-
५. षपूर्वकपत्रमिदं. त्राहा कुशल. ताहा कुशल चाहिये. पत्र आयो. अर्थ मालूम भ-
६. यो. आगे इहाको समाचार भलो छ. उप्रान्त भोटगाउतिर लडाइ भयाको फि-
७. रंगितिरको सँसमाचार मुसद्दिहरूले रैयत पिरिकन षायाको रैयत
८. भाग्याको बिस्तार बिन्ति गरि पठायाछौ. मालूम भयो. बाकि भोटगा-
९. उ हान्न आउन्या को हो. भोट गाउ हान्न आउन्याले हाकिमको मतो-
१०. ले हान्न आयाको हो कि धर्माका मतोले हान्न आयाको हो कि ल्हासा-
११. को मतोले हान्न आयाको हो कि आफै मौवासि भै आयाको हो. त्यो
१२. ता भोटका हाकिमका मतोले आयाको भया हत्पत् भोटगाउ-
१३. ल्यालाइ पिछा लिनु छैन. दोहोरै कुरो माफ्र पर्न्या गरि गर. आफै मौवा-
१४. सि भै आयाको भया भोट गाउल्यालाइ बलियो गरि पिछा पनि लिनु.
१५. भोटगाउल्यालाइ आप्ना साथ बल राषि पर्गन्नामहा नालबन्दिको कु-
१६. रो बांधि आफ्नु पक्को पर्न्या गरिं भोटगाउलाइ गुहार दिनु. उप्रान्त मु-
१७. सद्दिहरूले मूलूकमहा बेजाइ गर्दा रैयत्हरू भाग्या भन्याका कुराका
१८. अर्थकन मूलूकमहा जाइ बेजाइ हुन्छ. भला मानिसलाइ दिया मुलू-
१९. क्को सम्भार हुन्छ भन्नानिमित्य तिमिहरूलाइ बकस्याको हो. कसो हो.
२०. दिन दिन गरि मुलूक अबाद होला भन्दा त दिर्नादिन मुलूक वैरान मात्र
२१. हुन्छ. तिमिहरू ताहा बसिकन पर्गन्ना कारोबार गर्न्याले बेजाइ गर्न पा-
२२. उन्या होइन. आजसम्म कसै भयो त पनि तेस्तो बेजाइ गरि मुलूक बिगा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३. ड् गर्न्यालाइ मानिस्माफिक डंड पनि गर. रैयत्लाइ तहला पनि गर.
२४. बाकि तिमिलाइ पनि ताहाको सुब्बाइ थामिबक्स्याको छ. ताहाको सर-
२५. सम्भार बलियो गरि गर. बाकि तिमिसग साथिका अर्थकन इहाबाट
२६. जगजित् पाडे कि मान साहि दुइमहा एककन काज छिनि पठाउछौं.
२७. सम्वत १८३६ साल आषाडशुदि १० रोज ४ मुकाम कान्तिपूर शुभम्--

(६ सङ्ख्या)

श्रीदुर्गा सहायः १

श्रीदुर्ग्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि-
२. विधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधि-
३. राजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्ज ङ्देवा-
४. नाम् सदा समरविजयिनाम् ——————————
५. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीयोगना-
६. रान् मल्के आसिषपूर्वकपत्रमिदं. इहा कुसल. ताहां
७. कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहा-
८. को समाचार भलो छ. उप्रांत वैरि १।२ क्रार जंगल
९. पस्याका घाटबाटमा चोरि साम्ल्या हान्न्यालाई चाहारि हा-
१०. न्न जाउं भन्या मधेसबाट सरुप तयार भयाको देष्ता विजैपू-
११. र षालि राषि जान्या होइन भनि गइउं न. विजैपूरका संभार्नि-
१२. मित्य बस्युं भनि लेष्याछौं. योग्यं हो. मुष्य संभार भन्याको म-
१३. धेसतिरको चाहिछ. बस्याछौं. बनायाछौं. भोटतिरको संभा-
१४. र त अरू मानिस मात्र पठाया पनि हुन्यें हो. तत्पर काजि सर्दा-
१५. र जति गयाका छन् त सभै संभार हुन्यैछ. सम्मतले गर्न्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६. गर. बाकि धर्मासित एस्तो एस्तो कुरो भयेथ्यो. उकिल जांदा
१७. एस्ता तरहसित पठायाथ्युं. फेर मानिस पठायाको छ. उत्त-
१८. रा आयाको छैन. ९ हजार धर्माको फौज भोटको बाटो आये-
१९. छ. अघि सुषिम्ले तेसै जगाबाट धर्मालाइ हटायाको रहेछ. आ-
२०. ज पनि ताहाको झोलंगो काटिदिंदा आयाको फौज फर्क्यो. फेरी
२१. तरीको बाटो गरी आव. तिमि हामि साह्मेल भै चढाइ गरौंला भ-
२२. न्याको हो. औलामा आउनु भोटचा गाह्रो मान्नन् भनि लेष्याछौ.
२३. भलो. भोट मधेसको षबर बुझ पनि लेष. धर्माबाट आयाको
२४. बुझ पनि लेष र बिंति गरी पठाउ. पर हेरि पक्को पारि काज गर्नु
२५. छ. तेसै बुझसंग आंट कांट पठाउंला. बाकि डालिम्कोट छोपो
२६. काजिले फौज राषन निजामतारादेषि पूर्व जगा देउ भनि २ उकिल २
२७. भला मानिस पठायाछन् र सोधि पठाउंदा फिरंगिका र हाम्रा सिमा-
२८. ना नराषोस्. हाम्रा गढिदेषि उत्तर नजिकै राषा भनि पठायां भ-
२९. नि लेष्याछौ. भलो. जगा दियाछौ. बनायाछौ. तनसित सलुकै राषनु
३०. योग्यै छ. जगा दियापछि पर आफनु हेरि काज गनुपर्ला. उप्रांत इ-
३१. गापुरको गोगुल साहेबको उकिल् बस्यैको छ. हाम्रो षत सौगात उन-
३२. का उकिल हाम्रा मानिस सामेल गरी पठाइउ. अमिर अमराउ अंतका
३३. साहेब बाटले सरुपको लागन्याछैन. अंतबाट उत्र्याको छ भनि ले-
३४. ष्याछौ. तसो भया बढिया हो. पश्चिमि ६ राजाको मानिस धोजविर से-
३५. न ऐना आफनु सिपारस इसमेट साहेब बितियार गरी कलकत्ता
३६. मानिस गयाको छ. फर्क्यापछि कफियत बुझियला भनि लेष्याछौ.
३७. भलो. तेसै काजनिमित्य भारि सरसौगातसुद्धा दिनानाथ उपाध्या
३८. महंत अजप गिरकन पटनाको बाटो गरी कलकत्ता पठायांथ्यु. पुग्या
३९. हुन्. तनैसम्म तेताबाट पनि मानिस पठाउ. उप्रांत गोगुल साहेबका
४०. उकिल बस्याका छन्. दर्वदेउको मुलुक् लुट्न्याको मुकाबला नगरी
४१. गंगाराम थापालाइ बिदा गर्न्या परेन र थाम्याको छ. मुकाबला गरी
४२. माल फर्काउ. गंगाराम थापाकन तागीर गर. हाम्रा तम्रा दुवै तरफबा-
४३. ट पछिपर्यंत बिगार नहवस् भनि लालमोहर आवस्. तुम्रा दस्तावेज उ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४४. किल देउ भंछन्. भीम कंवर पनि चाँडै आवस् भनि लेष्याछौ. भलो. लाल-
४५. मोहर पनि पठाउछौं. भिम कँवर बिदा गरी पठाँउछौ. ताहा सैसाबुत ग-
४६. री ज्या ठहर्छ. बिंति गरी पठाव. सोहिमाफिक गरी जुवाफ पठांउं ला.
४७. अंगरेजसित सलुक हामीले राषनु छ. संवत् १८३७ साल भाद्रपदव-
४८. दि ३ रोज ६ मोकाम कांतिपुर शुभम् = =

(७ सङ्ख्या)

श्रीदुर्गा सहाय ९

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणे-
२. त्यादिविविधविरुदावलीविराजमानमानोन्नत-
३. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरण-
४. बहादूर्साहबहादुर्समसेरजङ्गदेवानाम् सदा सम-
५. रविजयिनाम् = = =
६. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ
७. श्रीजोगनारायन मल्लके आसिषपूर्वकपत्रमि-
८. दं. इहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अ-
९. र्थ मालुम भयो. आगे इहाको समाचार भलो छ.
१०. उप्रांत सरुपको काज एस्ता एस्ता तरहसित
११. गर्नु भनि अघिका मोहरमा लेष्याको हो. काजि
१२. सर्दारलाइ पनि तेहि बुझ सुब्बाहरुका सम्मत-
१३. ले गर भनि लेष्याको हो. पछि तेहि काजको पु-
१४. रन् पनि वल्लो काजकन पनि अंबसि थापा-
१५. लाइ पठायाको हो. तेसै काजमा तिमिहरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६. ढिलाउन गयो. हरिनंद पाध्यालाइ प-
१७. नि सरुपको बुझ क्या छ. सेष् इसमेट साहे-
१८. बको पेट् क्या छ बुझन भनि मोहर पठाया-
१९. को हो. हरिनंद उपाध्याका बुझ्दा केहि क-
२०. बुलिएत दिया ता तेसलाइ उसै सौपन्या
२१. बुझ पनि गरिराष्याछन् गरे. तेस्लाइ सुलु-
२२. कैसँग सौपन्या भया मुगलानाका भला
२३. मानिसलाइ १।२ हाति १।२ हजार रुपैया क-
२४. बुलियत् पनि गर भनि तिमिहरुलाइ लेष्याके
२५. पनि हो. आजसम्म पुगि आयेन तपनि सलु-
२६. कैसंग तेस्लाइ मुगलाना भला मानिस्ले
२७. सौंप्या सुघऱ्याइ काज तेहि हो. कदापक्षे तेसो
२८. त पुगेन भन्या जबर्जस्तले पनि त्यो काज त गर्नै
२९. छ. तेस्कुराको मतोजतो बिस्तार काजि सर्दार्ला-
३०. इ लेष्याको छ. सम्मतले जसो गरि त्यो काज हात
३१. लाग्छ. सो अर्थ गर. उप्रांत लिंबुश्रृंग्याहरु
३२. मिल्न आउंछन् भन्न्या कुरो तिमीहरुले पनि
३३. लेष्याथ्यौ. काजि सर्दारहरुबाट पनि लेष्याछ-
३४. न्. हिजो मकुवानिका पाला पनि ति किराति-
३५. ले छल्कल बहुतै गऱ्या. हाम्रा पाला पनि
३६. तन्ले २।४ बेर मिल्न आउदै फट्टाउदै गऱ्या
३७. जस्तो गरी विरभद्र राइ आएथ्यो. तस्तै
३८. गरि निष्किन आया पिछा पनि लेउ. निक
३९. निका मानिस दर्बार पठाउन्या अर्थ पनि ग-

(अपूर्ण)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(८ सङ्ख्या)

श्रीदुर्गा सहायः ८

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधवी-
२. रुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्री-
३. श्रीमहाराजेरणबहादूर्साहबहादूर्समसेर्जङ्देवानाम् स-
४. दा समरविजयिनाम् = = = = =
५. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीजोग-
६. नारान् मल्लके आसिषपूर्वकपत्रमिदं. इहा कुसल. ताहा
७. कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहां-
८. को समाचार भलो छ. उप्रांत पाहाडमा आयाको वैरि ए-
९. स्ता एस्ता तरहसित हटाइउं. जंगल पसि वाढ वथानि सा-
१०. मल्या हान्न लागिरहेछ. ताहाबाट क्फाराको लोग कोंप-
११. नि आउला र जंगल चाहार्‍ि वैरि कत्तल गरौंला भन्याको हो. कोंपनि क्फा-
१२. राको लोग चाडो नआउदा र इसमेटले म आइ काज गरौंला भनि थामि पठा-
१३. उदा तेस औसरमा जंगलको वैरि धपाउन जांछौं. दोहोरो पऱ्या कठिन पर्ला.
१४. पृष्टिशुद्ध गर्नु छ. ताहापछि सांभासिरिले फेदावबाट पनि गुहार मागि प-
१५. ठायो. सुब्बा २।३ हामितिर भयाका छन्. प्रजा भोटचातिर छन् भनि लेष्याछौ.
१६. योग्यै हो. तिमिहरुलाइ दोहोरो पऱ्या संभार गर्नु गाह्रो होला भन्नानिमित्य
१७. काजि सर्दार कोंपनि क्फाराको लोग पठायाको हो. बाटमा ढिलाउनन् भनि चि-
१८. ठिपत्र मानिस् गरि चांडो जाउ भनि पठायाको हो. चौदंडी चयेनपूर पुग्या हुन्. सु-
१९. ब्बाहरूका सम्मतले ज्या परि आउला. सो काज गर भनि बारंबार लेषि पठायाको हो.
२०. बाकि क्फाराको फौज कति अरुनका छालबाट कति बाटैबाट फर्कन्छन् भनि बिति
२१. गरि पठायाछौ. तस्तं गरी क्फाराको लोग ढिलाउंदा दंड गर्न मोहरसमेत मानि-
२२. स पठाइउं. दंड तिर क्फारा जाउ भनि पठाइउं. बाकि काजि सर्दार कंपनि क्फाराको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३. लोग आयापछि त तमोरपार सुषिमलाइ चढाइको र्मजि आव भनि बिति
२४. गरि पठायाछौ. हुंदा त काजको उद्योग गर्नु मुलुक बढावनु भन्याको बढिया
२५. हो. तर तिमिहरू काज गर्न पसौला. मुगलानाबाट सरुपले चढाइ गऱ्या दो-
२६. होरो पर्न जाला. तस्कारण आज फिरंगिले सरुपलाइ काज दिंछन् दिदैनन्.
२७. सरुपले काज गर्न सक्छ सकतैन. त्यो बुझि धर्माबाट काज गऱ्यो भनि निश्च-
२८. य पायापछि प त्यो काज गर्नु छ. नबुझिकन सुषिमको काज गर्नु छैन. जो आफ्ना का-
२९. यम्का गरगौडा संधिसर्पन् बलियो गरि संभार गर. बांकि सरुपले फिरंगि-
३०. कन तिन् लाषको टिप दियेछ. गया साल मंजुर परेन. एस साल क्या पऱ्यो.
३१. क्या जानो चिन्ह बुझ भन्या हामिछेउ सौगातमाफिक्को चिज छैन. पठाउनै छ भन्या
३२. सरसौगात बकस्या कलकत्ता उकिल पठाउँछौं भनि लेष्याछौ. तसर्थकन कल-
३३. कत्ता पटना जाइ जुवाप सुवाल गर्न सरसौगातसमेत दिनानाथ पाध्या पठाइ-
३४. उं. गया. ताहाबाट श्रेष्टाचार मिठ्यासिसत हालहकिगत बुझन्या गर. बाकि दर्वदे-
३५. उको मुलुक गंगाराम थापाले लुटचो. तुम्रो हाम्रो अघिदेषिको अषलासि छदैछ.
३६. लुट्याको माल फर्काइदेउ. दिनु छैन भन्या तेहि जुवाप देउ. बुझिलिउंला भंछन् भनि
३७. लेष्याछौ. मुष्य गंगाराम थापाले लुट्याको हो होइन. हो भन्या निहुं षोजन्या फिरंगी.
३८. तेस्तो काज गर्न्या होइन. गरी हाल्या छन् त फिरंगिले सरुपलाइ मद्दद्दिछन्त आ-
३९. फनु काबु आयाको धन् क्या फिराउनु छ. आइलाग्याका दिन मारि हटाउन्या तर्जु-
४०. त् गरि राष. आयाका दिन हटाउला. सरुपलाइ मद्दद्दियनन्हामितिर प अषला-
४१. सि राष्या त तेति मालले फिरंगि चिह्लाउनुछैन. फिराउनुपर्ला. तेति बुझ नपाउं-
४२. ज्यासम्म फर्काउंछौ दिछौं भनि मिठो मसिनु गर. बुझ. बाकि एति थोक चिज
४३. सुषिमले फिरंगिलाइ पुऱ्यायो भनि लेष्याछौ. लैग्याको हो होइन. लैग्याको पुग्या-
४४. को भया फिरंगिले सुषिमको फिऱ्याद सुन्यो सुनेन. त्यो निस्तुक बुझि लेष. परंतु त्या
४५. दर्वदेउको मुलुक लुट्याको माल फर्दमा चह्लायाको हुंगमा गर्न्या बाटो मात्र हो कि
४६. तेति माल लुट्याको तहकित हो. लुट्याको भया गंगाराम थापाले हो कि जितपाल

(अपूर्ण)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(६ सङ्ख्या)

श्रीदुर्गा सहाय १

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराज-
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादू-
३. समसेरजङ्गदेवानाम् सदा समरविजयिनाम् = = = =
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीयोगनारायण मल्लके आसिष-
५. पूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो.
६. आगे इहाको समाचार भलो छ. उप्रान्त पालपाली साहेब र सरुपका साथका
७. जो मानिस रह्याका थिया. कलकत्ताको मद्दत नपाउदा र षर्चले हलाक हुदा
८. भागि भागि जान लाग्या भनि बिति गरी पठायाछौ. भलो. कलकत्ताका बडासाहेब-
९. ले गोर्षासित विचित्त गर्न ति मानिसले गराया गर्न्या छैनन्. यो कुरो केहि त
१०. अघि पनि बुझियैको हो. केहि कुराको मंजुर नपरोस् भन्नानिमित्त्य एताबाट दि-
११. नानाथ उपाध्या र अजप गिरलाई कलकत्ता पठायाको हो. पुग्या हुन्. आ-
१२. फ्ना गर्ना कुराकन भरिसष्य गर्न्यैछन्. परंतु सरुपका साथका मानिस फु-
१३. टफाट हुन लाग्याछन्. बहुतै बनेछ. अझ पनि केहि तरहले फुटफाट हु-
१४. न्या जुक्ति जस्तरहले हुंछ. गर. २।४ भला मानिस पनि हर्कारा हालि राष. स-
१५. रुप पनि काहा छ. क्या मनसुभ गर्छ. क्या षांछ. सो पनि बुझ. फिरंगिका मद्द-
१६. त्विना काज गर्न हुन्याछैन. काज नपाइ तहा कति दिन टिक्छ. निस्तुक बुझ.
१७. बाकि फिरंगिको उकिल आइरहेछ. तहाको प्रमाना र सरसौगात नपाइ जान्या
१८. छैन भनि बिति गरी पठायाछौ. भ्युं कवर्र गंगाराम थापाले लुट्याका अर्थ-
१९. कन तिमिहरुले पनि बढियै कुरो बाध्याछौ. बहुतै बनायाछौ. २ हज्जार ठहरेछ.
२०. ततिमा हाकिमसित घा फारनु केहि छैन. गोगुलसाहेबबाट आयाका मानिसले
२१. पनि एस्ता एस्ता तरहसित कुरो गर्छ भनि बिति गरी पठायाछौ. बहुतै बेस कुरो गरेछ.
२२. भ्यु कँवरलाइ पनि आफना काकासित मिलाइ घर गराइदिछौ. सरुपका अर्थ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कन तिम्रा घरको गुलाम हो. ज्यानको पिछा र यत्किंचित् षान दिया म सौं पंछु भनि कुरो गर्छ भनि बिंति गरि पठायाछौं. बहुतै बेस हो. भ्युं कवरको पनि केहि तरहसित घर बनाइदिउला भनि हामिले पिछा लियाको हो. सरुप हाम्रा हात पर्छ. भ्युँ कँवरको पनि घर बंछ भंदा एताबाट हामिले पठाउ. सरुप हाम्रा हात पर्‍यापछि तहा भ्युं कँवरलाइ सौपनु छ. सरुप हाम्रा हात नपरी भ्युँ कँवरकन सौपनु छैन. त्यो काज हाकिमबाट पुगछ भन्या बहुतै बढिया छ. बुझिकन काज गर. उप्रांत सुषिम्को काज तिमिहरुले गर्दा एक पलटन् तिलंगा मद्दतकन दिंछौ. सुषिमको फिराइद पनि सुंन्याछैनौं. तिम्रो तति काज बन्यापछि हामि असाम्को काज गर्छौं. तिमिहरुले पनि मद्दत् दिनुपर्ला भनि कुरो भयाको छ. जो मर्जि भनि बिंति गरी पठायाछौं. बढिया हो. सुषिमका अर्थकन हाकिमले हामिलाइ आग्या दिया हुंछ. सुषिम्कन त हाम्रा बलले नि मार्न सक्न्यैछौं. हाकिम्ले असाम्को काज गर्दाको दिन् सप्तरहसित हामि हाजिरै छौं. पुस्तपनाइ गरौंला. बाकि हामिले सुषिम् मार्दा गोर्षालाइ मद्दत् दिंदा क्या कारनले मद्दत मागेनन् भनि दोचित् पर्ला. मुष्य सुषिम्को काज छोटै छ. हाम्रा बलले पनि पुगिजान्या छ. आग्या मात्र चाहिंछ. तहापछि मधेसका तिलंगा बंदुक तेस् वर्फांदमा निभन्या छैन. तेसै तरहसित जबाफसाल गर. तहादेषि केहि बडो काज परि आया मद्दत् बिंति गरौंला. उपरांत सुषिमका अर्थकन पंढो भन्या वर्फांदिले काज गराइ हुन्या छैन. गरौं भन्या आजकाल पनि काज पुगन्याछ भनि बिंति गरी पठायाछौं. तेस्कुराका अर्थकन पश्चिमबाट भन्या दसैंको सायत् गरी चौबिसो हुंछ भन्न्या षबर छ. मकवानी साहेब पनि इहाबाट भागि गएर मुगलानामा पसेर हांगामा गर्न लागिरहेछ. पूर्वतिर पनि उत्तर भन्या लिबुभ्रुंग्या दषिन् भन्या सरुप ति छँदैछन्. हामिलाई अन्नेत्र काज प-

(अपूर्ण)

(अप्रकाशित यी पत्रका सकल परराष्ट्रमन्त्रालयको १६ सङ्ख्याको खाममा छन् । यी पत्र सङ्ग्रह गर्दा सार्ने कामममा मदत गर्ने श्रीरुक्मनाथ पौडेल र श्रीमती कमला प्याकुरेललाई धन्यवाद छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बूढाकाजी अमरसिंह थापा परलोक भएको कुरा परेका, पाँचवटा तात्कालिक अप्रकाशित पत्र

— महेशराज पन्त

अङ्ग्रेजसँग हारी फर्कका बूढाकाजी अमरसिंह थापा दोस्रो लडाईंपछि वि. सं. १८७२ फागुन २४ गते सन्धि भएपछि गोसाईंस्थानतिर बस्न गएका थिए; हिमालयको काखमा उनले प्राणत्याग गरे भनी श्रीसूर्यविक्रम ज्ञवालीले आफ्नो *अमरसिंह थापा*मा लेखनुभएको थियो। त्यहीं उहाँले अमरसिंह थापाको मृत्यु वि. सं. १८७२ को निगल्दो (सन् १८१६ ई. का प्रारम्भिक भागमा) भएको अनुमान हुन्छ भनेर पनि लेखनुभएको छ।[१]

१. १० फेब्रुअरी १८१६ ई. का दिन जर्नेल ओक्टरलोनीको पल्टन मिछाखोरी अर्थात् अमलेख गंजमा आई पुग्यो। ···

मकवानपुरका हारको समाचार पायेका यती छिटै हरिहरपुरका हारको समाचार सुन्दा काठमांडुमा ठूलो आतङ्क भयो। गुरु गजराज मिश्रले आफुले सही गरी अन्तिम स्वीकृतिका निम्ती जो सन्धि नेपालमा लगेका थिये तेसमा लालमोहर गरी त्यो जर्नेल ओक्टरलोनीका समीपमा पठाइयो। ३ मार्चका दिन सन्धिपत्र लियेर चन्द्रशेखर उपाध्याय जर्नेल ओक्टरलोनीका कँपमा उपस्थित भये।

भोली पल्ट नेपाल र कंपनी सरकारको सन्धि भयो। लडाईं समाप्त भयो। ···

अमरसिंह थापा पुराना युगका मानीस थिये। ...

सन्धि पछीको नेपालमा उनको कुनै स्थान थियेन। यो कारणले व्यवहारपटु औ कुशल राजनीतिज्ञ भीमसेन थापाका बलिया कांधमा राजकाजको जटिल भार हालेर भने झैं गरी आफु हिमालयका आश्रयमा गोसाईंथान तिर बस्न गये। हिमालयको स्वतन्त्र सन्तान फेरी हिमालयका शरणमा पर्न गयो। केही पछी हिमालयका काखमा उनले प्राण त्याग गरे। उनको मृत्यु सन् १८१६ ई. का प्रारम्भिक भागमा भयेको अनुमान हुन्छ अर्थात् यो सन्धि भयेका केही कालमा नै उनको मृत्यु भयो।[१]

(टिप्पणीमा)

१— अमरसिंहको मृत्यु भयेको यो समय स्केचेजमा पनी लेखिएको छ। स्केचेजमा उनी पहाडमा आफुले बनाएको मन्दिरमा लडाईं पछी बस्न गये औ वहीं केही कालमा मरे भनी लेखिएको छ। पृष्ठ– ३४। मैले उनका बंशजाहरु बाट उनी गोसाईंथान गयेको कुरा सुनेको छु। ···

(वि. सं. २००० मा दार्जीलिङ्गबाट नेपाली साहित्यसम्मेलनद्वारा प्रकाशित सुर्य्यविक्रम ज्ञवालीको *अमरसिंह थापा*का १७२, १७४–१७५, १७६, १७७–१७८ पृष्ठ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परराष्ट्रमन्त्रालयमा रहेका पुराना कागतपत्रहरूको खोजी गर्दै जाँदा अमरसिंह थापा परलोक गएको कुरा परेका, त्यसै बेलाका, पहिले नछापिएका पाँचवटा पत्र पाइए। गोसाईंथानमा दशहराको मेला भर्न भनी वि. सं. १८७३ जेठमा अमरसिंह थापा त्यहाँ गएका थिए, जनैपूर्णिमाको मेला भरी काठमाडौं फर्कने उनको विचार थियो र त्यसैले त्यहाँ उनी पाठपूजा गरेर बसिरहेका थिए। तर जनैपूर्णिमाको १० दिनअगाडि श्रावणशुक्ल चतुर्थीउपरान्त पञ्चमी, साउन १२ गते आदित्यवारको राति पौने बाह्र बजेतिर गोसाईंकुण्डमा उनी जलयोग पाई बिते; परलोक हुनुभन्दा १०/१२ दिन अगाडिदेखि उनी शूलको व्ययाल थलिएका थिए भन्ने कुरा ती पत्रबाट बुझिन्छ।

यताबाट गोसाईंथानतिर अमरसिंह थापा परलोक भए भनी श्रीज्ञवालीले लेख्नुभएको कुराको पुष्टि भएको छ भने अमरसिंह थापाको मृत्यु वि. सं. १८७२ को निगल्दो भएको अनुमान हुन्छ भनी उहाँले लेख्नुभएको कुरा गलत सिद्ध हुन गएको छ।

बघाटबाट बिहे गरेर ल्याइएकी उनकी कान्छी मुखिनी उनीसँग गोसाईंथान गएकीले आफ्ना पतिको लाशसँगै उनीले सहमरण गरिन्; डोटीबाट बिहे गरेर ल्याइएकी मुखिनीचाहिँ घर अर्थात् काठमाडौंमा भएकीले उनीले पछि आर्यघाटमा अनुमरण गरिन् भन्ने कुरा पनि त्यहाँबाट बुझिएको छ।

गङ्गाजीमा अस्थिक्षेपण गरे मुक्ति मिल्छ भन्ने धारणा भएकोले गोसाईंस्थानमा दाहसंस्कार भए तापनि अमरसिंह थापाको अस्थिक्षेपण ब्राह्मणहरू लगाई बाहिर लगेर गरिएको थियो भन्ने कुरा ३ सङ्ख्याको पत्रबाट बुझिन्छ।

त्यस बेलाको चलनअनुसार चिठी लेख्दा देवता, राजा र मान्यजनहरूको नाउँ जहाँ लेख्नुपर्छ, त्यहाँ केही ठाउँ छोडी अङ्क दिई सोही अङ्क साथ गरी सो नाउँ माथि शिरमा लेखिन्थ्यो। यो पत्र मसौदा भएको हुनाले यहाँ शिर-बेहोरा छैन। यसैले अस्थिक्षेपण कहाँ भयो भन्ने प्रश्न उठ्न जान्छ। तर पनि अस्थिक्षेपण काशीमा गई गङ्गाजीमा गर्ने चलन भएकोले र जसलाई पत्र लेखियो, त्यस मान्छेलाई ताहाँबाट दक्षिण पश्चिमको खबर केही आयां भन्या उडंती र ठेकानियां तहकीत गरी सांचो खबर लेषते रहनु भनी काठमाडौंबाट लेखिएकोले काठमाडौंबाट दक्षिण-पश्चिममा काशी पनि पर्ने हुनाले अस्थिक्षेपण काशीमै भएको देखिन्छ।

श्रीसूर्यविक्रम ज्ञवालीले अमरसिंह थापाकी एउटी मुखिनीको मात्र चर्चा गर्नु भए तापनि[२] उनका चारवटी मुखिनी भएको कुरा उनैले राखन लाएको अभिलेखबाट थाहा पाइन्छ। जेठीको नाउँ धर्मावती, माहिलीको नाउँ रुद्रा-वती, साहिँलीको नाउँ धर्मदेवी र कान्छीको नाउँ लालवती हो भनी त्यही अभिलेखमा लेखिएको छ।[३] श्रीज्ञवालीले

---

२. अमरसिंह थापाकी स्त्रीको नाम धर्मादेवी थियो। अमरसिंह थापाको इनै योटी स्त्री हुन् वा त्यो बेलाका चलन अनुसार इनका अरु पनी स्त्री थिये सो कुरा निश्चित रूपले भन्न न सके ता पनी अरु स्त्री भयेको कुनै प्रमाण न पाइएका कुरा बाट धर्मावती मात्र योटी स्त्री रहीछन् भन्ने कुरो बोध हुन्छ। इनी धर्मावती बडी धर्मपरायणा तथा दयाशीला थिइन्। (उसैको १८० पृष्ठबाट)

३. १ परिशिष्ट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धर्मादेवी भनी जुन मुखिनीको नाउँ दिनुभयो,[४] तिनको सच्चा नाउँ धर्मदेवी हो भन्ने कुरा त्यही अभिलेखबाट बुझिन्छ । श्रीज्ञवालीले जेठी मुखिनी धर्मावती र साहिँली मुखिनी धर्मदेवीलाई एउटै सम्झनुभएको रहेछ भन्ने कुरा उहाँको लेखाइबाट देखिएको छ ।[५]

त्यस्तै श्रीज्ञवालीले अमरसिंह थापाका नौजना छोराको नाउँ दिनुभए तापनि[६] चार गुँडबाट गरी उनका १० भाइ छोरा भएको कुरा उनको सोही अभिलेखबाट बुझिन्छ । तिनमा जेठी धर्मावतीतर्फबाट शूरवीर; माहिली रुद्रावतीतर्फबाट जगद्वीर; साहिँली धर्मदेवीतर्फबाट रणध्वज, रणभीम, रणजोर, भक्तवीर, रामदास, नरसिंह; कान्छी लालवतीतर्फबाट अर्जुन र भूपाल जन्मेका हुन् भनी त्यस अभिलेखमा लेखिएको छ ।

अब अमरसिंह थापासँग सहमरण गर्ने बघाटे मुखिनी र उनको अनुमरण गर्ने डोटेल्नी मुखिनीको विषयलाई लिएर केही लेख्नुपरेको छ ।

२ सङ्ख्याको पत्रमा डोटिबाट विवाह गरी ल्यायाका अर्जुन् थापाका महतारी घरबाट सहगमन् गऱ्या भनी पहिलेबाट लेखिएकोमा अर्जुन थापाका महतारीलाई केरी त्यसको ठाउँमा ,मुष्यानी लेखिएकोले यस वाक्यको पाठ डोटिबाट विवाह गरी ल्यायाका मुष्यानी घरबाट सहगमन् गऱ्या भन्ने बन्न गएको छ । राजाको नाउँबाट लेखिएको पत्रमा फलानाको आमा भनेर किटेर लेख्नु राम्रो नठहराएर हो कि किन हो, अर्जुन थापाकी महतारीलाई केरी मुष्यानि मात्र लेखिएको छ । यसो भए तापनि डोटीबाट विवाह गरेर ल्याइएकी मुखिनी भनेर अर्जुन थापा र भूपाल थापाकी आमा लालवतीलाई भनेको जस्तो लाग्छ । ३ सङ्ख्याको पत्रमा अर्थात् भीमसेन थापा र रणध्वज थापाले अनिरुद्ध उपाध्यायलाई लेखेको पत्रमा जाहाँ षबर आइपुग्यापछि डोटीमा विवाह गऱ्याका साझिला महतारीले पनि क्षार्यातीर्थमा सहगमन गऱ्या भनी लेखिएको छ । अमरसिंह थापासँगै गोसाईंथान गएर बसेकी र उहीं सहमरण गरेकी, बघाटबाट बिहे गरेर ल्याइएकी मुखिनीलाई यी पत्रहरूमा कान्छी भन्ने विशेषण लगाइएकोले अमरसिंह थापाका मुखिनीहरूमध्ये यिनी कान्छी हुन् भन्ने कुरामा त शङ्का भएन । तर डोटीबाट विवाह गरेर ल्याइएकी, क्षार्यघाटमा अनुमरण गर्ने मुखिनीलाई ३ सङ्ख्याको पत्रमा साझिला महतारी भन्ने विशेषण लाइएकोले एउटा झण्ठयारो पर्न गएको छ । अमरसिंह थापाको माथि चर्चा गरिएको अभिलेखअनुसार रणध्वज आदि ६ भाइ छोराको आमा धर्मदेवी साहिँली हुन् भन्ने कुरा स्पष्ट बुझिन्छ । तर मेरो विचारमा यहाँ साहिला महतारी भनेर डोटीबाट

---

४. २ सङ्ख्याको टिप्पणी ।

५. २ सङ्ख्याको टिप्पणी ।

६. अमरसिंह थापाका ९ जना छोराहरु भयेको कुरा जानिएको छ । तिनको नाम उमेरका क्रम अनुसार तल लेखे बमोजिम छ । (१) सुरवीर (२) रणध्वज (३) रणसिंह (४) रणजोर (५) भक्तवीर (६) रामदास (७) नरसिंह (८) अर्जुनसिंह (९) भूपाल ।

(अमरसिंह थापाको १८० पृष्ठबाट)

श्रीज्ञवालीले यहाँ जगद्वीरको नामै छुटाउनुभएको छ र रणभीमलाई रणसिंह भनी लेख्नुभएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवाह गरेर ल्याइएकी मुखिनीलाई जो भनियो, त्यो धर्मदेवीलाई भनेको हुनु सम्भव छैन। कति कारणले भने रणध्वज जस्ता नेपालको हालिमुहाली चलाउने छोराकी आमा धर्मदेवीलाई डोटिमा विवाह गऱ्याका साहिला महतारी भनी खुद उनकै छोराले समेत मिलेर लेखेको पत्रमा चिनारी गराउने जरूरत पर्ने थिएन। यस कारण यहाँ साहिला महतारी भनेर लेखियो तापनि डोटीबाट विवाह गरेर ल्याइएकी मुखिनी साहिंली नभएर काहिंली हुनु धेरै सम्भव छ र डोटीबाट विवाह गरेर ल्याइएकी मुखिनी भनेको अमरसिंह थापाको अभिलेखमा कान्छी भनी लेखिएकी, अर्जुन थापा र भूपाल थापाकी आमा हुनु पनि सम्भव छ। यस्तै बघाटबाट विवाह गएर ल्याइएकी कान्छी मुखिनी अमरसिंह थापाको अभिलेखमा नाउँ परेका चार जना मुखिनीभन्दा भिन्नै हुनु धेरै सम्भव छ। यसो भए तापनि विशेष प्रमाण नपाएसम्म यस विषयमा यसै हो भनेर किटेर भने भन्न सकिँदैन।

अमरसिंह थापाका एक जना छोरा भक्तवीर पहिल्यै परलोक भइसकेको कुरा श्रीसूर्यविक्रम ज्ञवालीले लेख्नुभए तापनि[७] उनी वि. सं. १८७२ सम्म मरेका थिएनन्, अङ्ग्रेजसँग लडाइं हुँदा पूर्वतर्फको मुहुडाको सेनापति उनी नै थिए, उनी कर्नेल भएका थिए भन्ने कुरा तात्कालिक पत्रबाट बुझिन्छ।[८]

(१ सङ्ख्या)

ज. भीमसेन थापा र काजी रणध्वज थापाले

सु. कर्णवीर अधिकारीलाई वि. सं. १८७३ साउन २९ गते लेखेको चिठीको मसौदा

श्रीः १

१. सं. १८७३ शा. भाद्रवदी २ रोज ७' जनरल काजीबाट सु. कर्नवीर अधिकारीके –

---

७. ई छोराहरूमा सुरवीर, रणसिंह, भक्तवीर र नरसिंहका विषयमा केही थाहा पाइयेन। जेठा सुरवीरको बालक कालमा नै स्वर्गवास भयेको कुरा मैले सुनेको छु। यो हिसाबले ठाहिला भक्तवीर हुन आउँछन्। तल लेखेका कुराबाट ई ठाहिला छोरा भक्तवीरको पनी मृत्यु भयेको कुरा बुझिन्छ। एक चोटी भज्जीका राजा रुद्रपालले केही अपराध गरे बापत इनलाई प्राणदण्डको आज्ञा भएर सिपाहीहरु लैजाँदै रहेछन्। अमरसिंह थापाकी स्त्री धर्मावतीको दृष्टि इन माथी परेछ। ठाहिला काजीको जसतो सुन्दर मुख देखेर धर्मावतीलाई आफ्ना मृत ठाहिला छोराको स्मरण भयेछ र उनले पति सँग यो कुरा भन्दा इनले प्राणदान पायेथे। (गुर्खा कोनक्वेस्ट आव अर्की)

(*अमरसिंह थापाका* १८०–१८१ पृष्ठबाट)

८. २ परिशिष्ट।

९. वि. सं. १८७३ भाद्रकृष्ण

गते	वार	तिथि	घडी	पला
साउन २९	शनि	द्वितीया	७	५१

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. श्रावणशुदी २ को[10] पत्र आयो. अर्थ मालुम भयो. उप्रान्त वकील भै जान्या गोसांइंले कह्याको दक्षिणतर-

३. फको षबर र मलासफेतुवासाउन्का जिमीदारले र आफ्ना मानीस्ले कह्याको अल्मोडाको षबर

४. आफुले पायाको लेष्याछौं. बढिया गऱ्याछौं. दषिन्तिरको नया षबर जो सुनिन्छ. सो तहकीकात्

५. गरी लेष्तै रहन्या गर्नु. आफ्ना निज कुराका अर्थ हाल भन्या जगा कहिँ देषिदैन.

६. तेस्तरफको बन्दोबस्त चौतरियाबाट लायाअह्रायाबमोजीम आफ्ना जिम्मा लाग्याका

७. जगाको षबर्दारी राषी बस्न्या काम बडियै गऱ्याका छौ. समयपरलाइ भारादारबाट संभार राष्न्या

८. काम ताहीं भयो भन्या बेसै हो. भयेन भन्या सोमाफीक संभार होला. बांकी रिषी-पुन्या नुहाउन्या गरि हजुरमा बिदा भै – – – जे-

९. ठदेषो – – – थानमा गई आफनु पाठपूजा गरो बस्नुभयाको प्रारब्धले दानापानी वां हीं छिन्न हुन्या

१०. रहेछ र श्रावणशुदी ५ रोज आदित्यवारका रात्री[11] १३ घरीमा – – – थानका कुंडमा जलयोग पाई

११. मुक्त हुनु भयेछ. शुभं————————————

(परराष्ट्रमन्त्रालयको १४ सङ्ख्याको पोकाको १०२३ सङ्खयाको पत्र)

---

१०. वि. सं. १८७३ श्रावणशुक्ल

	गते	बार	तिथि	घडी	पला
साउन,	१४	शुक्र	द्वितीया	४७	५७

(पात्रोबाट)

११. वि. सं. १८७३ श्रावणशुक्ल

	गते	बार	तिथि	घडी	पला
साउन	१६	आदित्य	चतुर्थी	३६	१०

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ सङ्ख्या)

श्री ५ गीर्वाणबाट चौतारा बम शाहलाई वि. सं. १८७३ साउन ३० गते गएको पत्रको मसौदा

श्री ९

१. सं. १८७३ शाल मिति भाद्रवदि ३ रोज १[12] श्री ५ बाट चौतारा बम्साहके मसौदा

२. श्रावणसुदि ६ रोज २ का मितिमा[13] लेष्याको अर्जि भाद्रवदी ३ रोज १ का दीन[14] दाषिल् भयो. अर्थ जा-

३. हेर भयो. उप्रांत मिर षां र रणजित्सिको छोरा षड्गसिले जयेनगरको राजालाइ मारि मुलुक्

४. अमल् गर्दा राजालाइ मान्या तपनि उन्को छोरालाइ गादीमा बसाल्नु भन्न्या मनसुवा राषि २

५. पल्टन् गोरा १ कंपु काला ५ रजबन्मथुरामा जम्मा गऱ्यो भंन्या षबर तिमिले चौतारा र

६. जनरललाइ लेष्याको रहेछ. चौतरा र जनरल्बाट हाम्रा हजूरमा जाहर भयोथ्यो. पश्चीम

७. दक्षिणतरफको षबर बुझ्नानिमित्त तिमोले पठायाको प्युठानी तिलकपुरि संन्यासि आ-

---

१२. वि. सं. १८७३ भाद्रकृष्ण

	गते	वार	तिथि	घडी	पला
साउन	३०	आदित्य	तृतीया	१२	३९

(पात्रोबाट)

१३. वि. सं. १८७३ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
साउन	१७	सोम	पञ्चमी	२९	५६

(पात्रोबाट)

पञ्चमी २९।५६ उप्रान्त षष्ठी लागेपछि सोमवारकै दिन बम शाहले अर्जी लेखेको देखिन्छ ।

१४. साउन ३० गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. इपुगि उस्‌ले जुमार्नी कह्याको षबर अर्जिमा लेषि बिंति गरी पठाउन्या काम् बढिया गऱ्याछौ.
९. पुना सिधिया हुल्‌कर नागपूर भर्तपूर गैह्र जाटसित कुरा भै रणजोर्त्‌सिले लुध्याना अ-
१०. मल् गऱ्याको कुरा सांचो हो भन्या त्यो पाठ बढिया भयेछ. तहकीत गर्नालाइ १ जोडी हल्-
११. कारा तिमीले पठायाकै रह्याछन्. तिन्हेरू आइपुगी थाहा होला. अरु पनि षंषबर र रणजोत्-
१२. सिं गैरहहरूको मन्सुबा क्या रहेछ. बुझि ल्याउनु भनी अह्राइ येक् दुइ जोडि पाका मानीस्
१३. षटाई पठाउं दै गऱ्या बढिया होला. बाहीरबाट नलेष्याको र औं उठीको छाप लाग्याको
१४. फार्सि चिठी पठायाछौ. दाषील् भयो. रादरफरद भन्याको डाक्‌दर मथुरा जांछ भन्या षबर सां-
१५. चो झुटो क्या रहेछ. सो पनि बुझनु. जो आयाको तहकीत् षबर बिंति गरी पठाउन्या काम् गर्दै रह-
१६. नु. बाँकि येक् फार्सिनबिस् नभै हुन्या रहेनछं. देस्‌बाट झिकाउं भन्या बढिया हुदैन. ताहांबा-
१७. ट पठाइदिनु भनी चौतारा र जनरल्‌लाइ लेष्याछौं र हाम्रा हजूरमा बिंति गऱ्या. जाहां भन्या यौ-
१८. टा मात्र छं. उपर छैनन्. लेषपऱ्हको काबेल् कुराकहनिमा विश्वासी डबल्‌को फार्सिनबि-
१९. स् ताहीबाट तलास् गरो झिकाइ राषन्या काम् गर. बाकि बुढाकाजी अमरसिंह थापाले दसह-
२०. राका[15] मेलालाइ - - -जांछु भनि बिदा भै जेठदेषि गयाका श्रावणी पूर्णमासो-

---

१५. वि. सं. १८७३ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी	पला	
जेठ	२५	बुध	दशमी	२५	१५	दशहरा १०

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्म[१६] बस्छु भ-

२१. नि वाहि बस्याका थीया. उस्तैमा शूलको बेथा भै १०।१२ दीन बेरामी भै श्रावण मैन्हा-

२२. को १६ दीन जांदा आदीत्त्यवारका रात्रीमा – – – जलयोग पाइकन बोल्दा बोल्दै सचे-

२३. तैसित उन्का प्राण मुक्त भयाछं. बुढापाका काम काज गरिआयाका जान्न्या मानिस् थिया. उन्को जीउं नु तांहीसम्म रहे-

२४. छ. – – का इछाले मुक्त भया. बघाटबाट विवाह गरी ल्यायाका कांछा मुष्यानि साथै ग-

२५. याका थिया. वांही सहगमन् भयाछन्. डोटिबाट विवाह गरी ल्यायाका मुष्यानो

२६. घरबाट सहगमन् भया. उपर रह्या. बांकि गारन् आइ-

२७. पुग्याको षबर अघि लेष्याको पुगी बुझ्याहौ. उपर षबर यथास्थितै छ. तेस्तरफ जो भया-

२८. को षबर बिंति गरी पठाउदै रहनु. शुभम् ——————

(परराष्ट्रमन्त्रालयको १४ सङ्ख्याको पोकाको १०१६ सङ्ख्याको पत्र)

(३ सङ्ख्या)

ज. भीमसेन थापा र काजी रणध्वज थापाले

अनिरुद्ध उपाध्यायलाई वि. सं. १८७३ साउन ३० गते लेखेको चिठीको मसौदा

श्रीः ८

१. सं. १८७३ शा. भाद्रवदी ३ रोज १[१७] जनरल् काजीबाट अनिरुद्ध प्राध्याके –

---

१६. वि. सं. १८७३ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला	
साउन।	२६	बुध	पूर्णिमा	६०	०	ऋषितर्पणी १५

(पात्रोबाट),

१७. साउन ३० गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पौषवदि १४ रोज ६ का[१८] मितिको पत्र भाद्रवदि २ रोज ७ का[१९] दिन आइपुग्यो. अर्थ मालुम भयो. उप्रान्त कुशलछेमपूर्वक -१- पुग्याछौं. बढिया भयेछ. चित्त स्थिर गरी -१- मा बसो -२- का चरणमा चित्त लगाउनु. -३- को शुभ चिन्तन् पनि गर्दै रहनु. बांकी कलकत्ता भन्न्याको फेद हो. फेद समायाको भया काम सबै उं ही आउँछ. घर संगाली मुठी बलियो गर्‍या काम पार लाग्न्याछ भनी लेष्याका अर्थ आफ्ना मनले देष्याको बढियं लेष्याछौं. जाहां पनी -३- को बन्न्या सप्रन्या कुरा सबैका मतसग सलाहैले बषतमाफीक हुन्यैछ. ताहाबाट दक्षिणपश्चिमको षबर केही आयो भन्या उडंती र ठेकानियां तहकीत गरी सांचो षबर लेष्तै रहन्या गर्नु. उप्रान्त --४-- जनैपूर्णिमासंम --५-- मा बसी स्नान गरी आउनाका इछाले सर्कारमा बिदा भै जेठंदेषी -५- मा गै पाठपूजा गरी बस्नुभयाको थियो. दानापानी घट्याको रहेछ र श्रावणशुक्ल ४ उप्रान्त पंचमी लागी आदित्यवारका रात्रिमा[२०] --- का कुंडमा जलयोग पाई देहत्याग गरी मुक्त हुनुभयेछ. बघाटमा विवाह गर्‍याका कांछा महतारी साथै थिया. उन्ले वांही सहगमन् गर्‍याछन्. जाहां षबर आइपुग्यापछि डोटीमा विवाह गर्‍याका साझिला महतारीले पनी आर्यातीर्थमा सहगमन गर्‍या. यो षबर अस्थिक्षेपण गर्न पठायाका ब्राह्मणहरुका मुषजवानी सुन्याहौं. वर्षासनका कुरालाइ बिन्ती गर्न्या काम होला. शुभं—

(परराष्ट्रमन्त्रालयको १४ सङ्ख्याको पोकाको १०१५ सङ्ख्याको पत्र)

---

१८. वि. सं. १८७२ पौषकृष्ण

	गते	वार	तिथि	घडी	पला
पौष	१६	शुक्र	चतुर्दशी	३०	५६

(पात्रोबाट)

१९. वि. सं. १८७३ साउन २९ गते ।

२०. साउन १६ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(४ सङ्ख्या)

काजी रणध्वज थापालगायत पांच भाइले
काजी बालनरसिंह कुँवरलाई वि. सं. १८७३ भदौ २ गते लेखेको चिठीको मसौदा

श्रीः १

श्री गोसाइं श्रीपशुपति श्रीगुह्येश्वरी श्रीमहाराजा
३ २
श्रीबाबाज्यु
१

१. सं. १८७३ भाद्रवदि ७ रोज ५[21] काजीहरु ५ भाइबाट काजी बालनरसिंह कवरके —
२. भाद्रवदि २ का दिन[22] लेषियाको चिठी एही ७ रोज ५[23] आइपुग्यो. अर्थ बिस्तार
३. मालुम भयो. उप्रान्त - १ - परलोक हुनुभयाको षबर सुन्दा मनमा अप-
४. सोस मानी हाम्रो चित्त सम्झाउनालाइ आत्मीयमा जस्तो चाहिन्या हो. सो
५. यथायोग्य लेषी आयेछ. एस् बषत्मा एस्तो परी आवला भन्न्या मनमा प-
६. नी थियेन. भावी मेटीसक्नु कसैले रहेनछ. एस् वर्षमा हुनिहार एस्तै रहेछ
७. र सतरुद्राका किनाराबाट आउनुभै - - २ - - को दर्सन् श्रीजनैल दा-
८. ज्युसित र अरु आप्त इष्टमित्र सर्बसित भेटघाट गरी हामीलाइ दर्सन् आशी-
९. र्वाद बक्सी केही दिन् हिमालयको उत्तम तीर्थ - ३ - कुंड उहां बसी जनैपूर्णिमाका मेलामा
१०. स्नान गरी आउंला भनी सर्कारमा बिदा भै जेठमा - ३ - थानमा गै बस्नुभया-
११. को थियो. दाना पनी उंहीं छुट्न्या रहेछ र - ३ - कुंड-

---

२१. वि. सं. १८७३ भाद्रकृष्ण

	गते	वार	तिथि	घडी	पला
भदौ	२	बृहस्पति	सप्तमी	३०	४०

(पात्रोबाट)

२२. साउन २९ गते ।

२३. भदौ २ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२. मा संसार छोडी स्वर्गारोहण हुनुभयेछ. हामीले चित्त समाधान राष्ना
१३. कुरालाइ आपंत इष्टमित्रले लेष्न्या समझाउन्या कुरा एस्तै हुन्. बढिया लेष्याछौं. सं-
१४. सारको गति एस्तै छ भन्न्या कुरा सज्जनदेर्षा सुनिन्छ तापनी बिर्सनु भन्या क-
१५. ठिनै हुन्या रहेछ. परंतु फिक्री गरी क्या लाग्न्या रहेछ. भावी मेटिन्या
१६. रहेनछ. सत्संग र षामिदको काज देषी कालक्षेपण गरी रह्याका छौं.
१७. ताहांबाट पनी आफनु कुशलछेम लेष्तै रह्या बढिया होला. शुभम्———

(परराष्ट्रमन्त्रालयको १४ सङ्ख्याको पोकाको १०१४ सङ्ख्याको पत्र)

(५ सङ्ख्या)

काजी रणध्वज थापाले
जहरसिंह अधिकारीलाई वि. सं. १८७३ भदौ २ गते लेखेको चिठीको मसौदा

श्री १

१. काजीबाट जर्हसि अधीकारिकै – सं. १८७३ भाद्रव ७[२४]
२. भाद्रवदी ३ मा[२५] लेष्याको एहो ७ का दोन[२६] आईपुग्यो. अर्थ मालूम भयो. उप्रांत
३. – – – मुक्त हुनुभयाको षबर पाउं दा तिमीलाई बडो अप्सोस् पर्‍यौं हो. संसा-
४. रगति जानीसकनु कसैले रहेनछ. हाम्रा दीनदशाले पार्दा यस्तै पर्‍यो.
५. क्या लाग्छ. उत्पति र पर्लय संसारमा हु ंछ भनी चित्त सावधान गर्न पर्‍या रहेछ.
६. मेरो क्या गती. लाटागाँडा दाज्यू भाई तपांइका पिछाभा छन् भनी लेष्या-
७. का अर्थ हाम्रा – – – मुक्त हुनुभयो तापनी तीमीहरुका ता हामी छदै-
८. छौं. आफना भरमा रह्याका मानीस्को संभार बषतमा गर्न्यैछौं. हाल र जस्तो छ
तिमीले पनि बुझ्याकै होला.

२४. भदौ २ गते।

२५. साउन ३०गते।

२६. भदौ २ गते।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. तिमीले पनी घरको अल्मल् छिनो आहां
१०. आउन्या काम गर्नु. शुभम्

(परराष्ट्रमन्त्रालयको १४ सङ्ख्याको पोकाको १०१२ सङ्ख्याको पत्र)

१ परिशिष्ट

पशुपतिको भित्री उत्तरद्वारको तोरणको रजताभिलेख

श्रीगणेशाय नमः ॥

स्वस्ति श्रीसम्वत् १८७१ श्रीशाके १७३६ आश्विनमासे शुक्लपक्षे तिथौ १० वासरे १ श्रीमन्महाराजाधिराजश्री ३ गीर्वाणयुद्धविक्रमभूपतिसेवकात्रेयगोत्रोत्पन्नश्रीअमरसिंहथापाभिधेयेन श्रीधर्मदेवीति विख्यातया धर्मपत्न्या श्रीरणध्वजनामधेयेनैतत्सत्कर्मकरणाग्रसरेण प्रख्यातपुत्रेण सह श्रीसाम्बशिवपशुपतिप्रितये श्रीरणध्वजसंज्ञकपुत्रद्वारा सर्मापितम् ।

अथैतत्पत्नीपुत्रपौत्राणां नामान्यभिधीयन्ते ।

धर्मावती ज्येष्ठपत्नी शूरवीरो हि यत्सुतः ॥
रुद्रावती मध्यमा च जगद्वी(र)स्तु तत्सुत(:) ॥१॥
ततोऽनु धर्मदेवीति ख्याता भर्तृपरायणा ॥
श्रेष्ठा सर्वगुणोपेता पार्वतीव महेशितुः ॥२॥
यस्यां जाता महात्मनः शौर्योदार्यदयान्विताः ॥
पुत्रास्तेषु गुणैर्ज्येष्ठो नामतः श्रीरणध्वजः ॥
रणभीमस्ततोनु श्रीरणजोर इति स्मृतः ॥३॥
भक्तवीरो रामदासो नरसिंह इति क्रमात् ॥
कनिष्ठा लालवत्यस्यामर्जुनः प्रथमः सुतः ॥४॥
कनीयानथ भूपाल(:) दशैते वीरवत्तराः ॥
आख्यायन्ते ततः पौत्रा रिपुमर्दनपूर्वकाः ॥५॥
गम्भीरो बदलश्चैव तथा मातवरः स्मृतः ॥
गजसिंहस्तथा चोक्त(ो) रणसिंहः सुदर्शनः ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उजीरसिंहस्तदनु रणदीपस्तथापरः ।।
रणगंज इति ख्यातो दश चैते यथाक्रमात् ।।७।।

(वि. सं. २०१३ मा काठमाडौंबाट इतिहास--प्रकाशक संघद्वारा प्रकाशित *इतिहास-प्रकाश* २ अङ्क २ भागका ३१४—३१५ पृष्ठबाट)[२७]

[गणेशजीलाई नमस्कार ।

स्वस्ति श्रीसंवत् (वि. सं.) १८७१ श्रीशाके १७३६ आश्विनशुक्ल दशमी आदित्यवारको दिन[२८] श्रीमहाराजाधिराज श्रीश्रीश्रीगीर्वाणयुद्धविक्रम राजाका सेवक, आत्रेय गोत्रमा जन्मेका श्रीअमरसिंह थापाले धर्मपत्नी धर्मदेवी र यो सत्कर्म गर्न अघि सरेका, प्रख्यात छोरा रणध्वजसँग तोरणसहितको यो चाँदीको ढोका बनाएर पार्वतीसहितका शिव पशुपतिको प्रीतिको लागि छोरा रणध्वजमार्फत चढाए ।

अब यिनका पत्नी, छोरा र नातिहरूका नाउँ लेखिन्छन् । जेठी पत्नी धर्मावती हुन् । तिनका छोरा शूरवीर हुन् । माहिली रुद्रावती हुन् । तिनका छोरा जगद्वीर हुन् ।। १ ।।

त्यसपछि महादेवकी पार्वती जस्तै पतिव्रता, श्रेष्ठ, सबै गुणले सम्पन्न धर्मदेवी हुन् ।। २ ।।

तिनमा महात्मा, शुन्याइँ, उदारता र दया भएका छोराहरू जन्मे । गुणले जेठा रणध्वज हुन् । रणभीम र त्यसपछि रणजोर हुन् ।। ३ ।।

अनि क्रमैले भक्तवीर, रामदास र नरसिंह हुन् । कान्छी पत्नी लालवती हुन् । यिनमा जन्मेका जेठा छोरा अर्जुन हुन् ।। ४ ।।

कान्छा भूपाल हुन् । यी दशै जना वीर छन् । त्यसै गरेर नातिहरूका नाउँ भनिन्छन् । रिपुमर्दन, गम्भीर, बदन, मातवर, गर्जसिंह, रणसिंह, सुदर्शन, उजीरसिंह, त्यसपछि रणदीप, अर्का रणगंज यी दश जना क्रमैसँग भएका हुन् ।। ५–७ ।।]

---

२७. वि. सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ९ अङ्कको ४८ पृष्ठमा यस अभिलेखको विषयमा लेख्दा मैले इतिहास-प्रकाश २ अङ्क २ भाग भन्नुपर्नेमा गलतीले २ अङ्क ३ भाग भनी छपाएको रहेछु ।

२८. वि. सं. १८७१ शाके १७३६ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी	पला
कार्तिक	९	आदित्य	दशमी	५६	२०

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(*इतिहास-प्रकाश* २ अङ्क ३ भागका ३१५-३१६ पृष्ठमा छापिएको उल्थामा हेरफेर गरी यो उल्था तयार गरिएको हो ।)

यस अभिलेखबाट अमरसिंह थापाको चार गुंडबाट जन्मेका छोराहरूको यस्तो विवरण बन्न आउँछ—

अमरसिंह + धर्मावती
।
शूरवीर

अमरसिंह + रुद्रावती
।
जगद्वीर

अमरसिंह + धर्मदेवी
।
रणध्वज, रणभीम, रणजोर, भक्तवीर, रामदास, नरसिंह

अमरसिंह + लालवती
।
अर्जुन, भूपाल

२ परिशिष्ट

(१ सङ्ख्या)

भक्तवीर थापाले काजी रणध्वज थापालाई वि. सं. १८७२ भदौ २ गते लेखेको चिठी··

श्रीदुर्गा सहाय

श्री ५ षामिद २

श्री ६ बाबाज्यू १

१. स्वस्ति श्रीसर्वोपमायोग्यत्यादिसकलगुणगरिष्ट राजभारासामर्थ श्रीश्रीश्रीकाजि दाज्यू रणध्वज थापाका चरणतल इत भक्तविर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. थापाको कोटिकोटिसेवासतमपूर्वकपत्रमिदम. इहा कुशल. ताहा पाव कुशलमंगलसे हमारो प्रतिपाल उद्धार होला. आगे इहा-

३. को समाचार भलो छ. उप्रांत तांहाको काजकाममा तपाजि रहि डोटिको मुहुडा हामिलाई लाग्न भयो भं न्या सल्ल्यान दैले-

४. ष दषिनको छेडो पर्न जान्छ भन्छन्. तांहां १ भाई र डोटिको मुहूडा हुन गया हाता-माला भै अगाडि पिछाडि बलियो राषि

५. दुवै मुहूडा गरि आयो भं न्या उहिमाफिक्को चांजो र यकै मुहुडा गरि आयो भं न्या दुवै मुहुडाको लस्कर कठा भै हटाउन्या

६. काम हुदो हो. यो सुत्र नबांधि डोटिको मुहूडा लाग्न गया कुह्माउ छेडि मुहुडाको उठा लगाया कै लगाउला कि भन्या

७. चित्तमा लाग्छ. आजकाल छाउनि पर्न्या याममा फौज उठाई पश्चिमैतरफ रमना गर्छ. यकातिर मुहुडा देषाई यका-

८. तरफ छेडि काजको सांध्ये गरिराषेछ! अबप्रांत पनि तेहि पाठ् गर्ला कि भन्या कै लाग्छ. यसतरफलाई श्रीजङ्ग अरु

९. कम्पनी पाडे काजि आया सम्भार रहन्यै थियो. गुरुबक्स गोरष र श्रीमेहेर श्रीनाथ भया डोटि सल्ल्यानको मुहुडा

१०. बलियै हुन्या थियो. सल्ल्यानमा रह्याको कंपुको फयर पालपा आई बस्या हुन्यैछ. मेरा अर्थलाई मुहुडाको मोण्तेयार

११. गरि हजार नाल साथ लगाई पठायाको हो. मिहिनत केहि गर्न सकेन भं न्या तपाजि-का मनमा पनि पर्न गयो हो. यो उ-

१२. मेरमा यत्रो मेहेरबानगि भयापछि केहि काम भै आयेन भन्या मलाई पनि षातिर रह्याको छ. मोण्य भन्या पश्चि-

१३. मको मुहुडामा गोलबोल जोरि रहन पाया बढिया थियो. सो पाठ् भयेन भन्या यस दुस्मनसितको यक् बिबस्ता न-

१४. बसि मलाई झिकि नेपाल राषन्या काम हर्कस नहवस. - १ - को भन्या झिकाई घर राषन्या मन छ. जन्मनु मर्नु

१५. सनिसारमा चल्यैको छ. निमष षाई - २ - को काज टहलमा मर्नु हांम्रो औलादै हो. बाकि षानु केहि छैन भनि क-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६. बर कपदानका घरबाट लेषछन्. १०।८ षेत कबदानि षानगिमा नेपालैमा पारिदिनु भया कपिलाको जिविका

१७. भै काजमा सोमना रहदा हुन्. सम्सेर राना भन्या आउन्याछँन. श्रीजङ मिलाउनाको लेषत अघि आयोथ्यो. ते-

१८. स्को क्या पाठ् हुन्छ. सिक्षापत्र आउदैं रह्या बढिया होला. इति सम्वत् १८७२ साल मिति श्रावणसुदि १२ रोज ४[२९] मो–

(फट्केमा) काम धनकुटा शुभम्

(यो चिठी वि. सं. २०२३ मा काठमाडौंबाट वोरपुस्तकालयद्वारा प्रकाशित, श्रीशङ्करमान राजवंशीद्वारा सम्पादित *शाहकालीन ऐतिहासिक चिठ्ठीपत्र संग्रह* (१ भाग) का १४०–१४२ पृष्ठमा छापिएको छ। यसको मूल प्रति नेपाल राष्ट्रिय अभिलेखालयमा छ र यसको खामसङ्ख्या ३५२ हो। यहां मूलसँग भिडाई शुद्ध पाठ छापिएको छ।)

(२ सङ्ख्या)

ज. भीमसेन थापा र काजी रणध्वज थापाले
कर्नेल भक्तवीर थापालाई वि. सं. १८७३ वैशाख ४ गते लेखेको अप्रकाशित चिठी

श्री ५

१. सं १८७२ साल वैशाषवदी २ रोज १[३०] जनरल काजीबाट कर्नेल भग्तवीर थापाके

---

२९. वि. सं. १८७२ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
भदौ	२	बुध	द्वादशी	४३	५८

(पात्रोबाट)

३०. वि. सं. १८७३ वैशाखकृष्ण

	गते	वार	तिथि	घडी	पला
वैशाख	४	आदित्य	द्वितीया	६	३९

(पात्रोबाट)

सं. १८७३ लेख्नुपर्नेमा यहां भूलले सं. १८७२ लेखिन गएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. चैत्रशुदी १२ रोज ३ का[३१] दीन लेष्याको पत्र एहि शुदि १५ रोज ६[३२] का दीन आईपुग्यो.

३. अर्थ मालुम भयो. उप्रांत सुब्बा जयन्त षतृलाइ जगा छाडीदेउ भनी राहा रस्ता

४. बन्द गरो बसिरहेछ. जो माफिक्को काम गर्न्या हो. हुकूम र आग्या आया लेष-

५. न्या काम् गर्दा हुं भनि लेष्याका अर्थ जगा छाडोदेउ भनि राहा रस्ता बन्द गरी उ-

६. स्ले बस्ता सुबा जयन्त षतृले बढिया लेषी पठायाछन्. ञाहां आउनालाइ कप्-

७. तान बायलु साहेब ञांहा आइपुग्यो.

८. सिवानाको बात्चीत् गरी लेष्न्या कुरा लेषी पठाउंला र सोईबमोजीम ताहां-

९. बाट लेषी पठाउन्या काम् गर्लास्. धनकिष्न मेघवर्न रानाको पट्टाको नक्कल् र

१०. लिम्बुहेरुका रुक्का पठाईछस्. आइपुग्या. हेरी मोहर गराइ पठाउन्या काम

११. पछि होला. सुबेदार रणवीर कार्किको कुरा लेष्याका अर्थ जगा तेही

१२. हो. रुपैया दीनलाइ अंत जगा काहां छ. तेस् जगाले थामन सक्छं भं-

१३. न्या छदेछ. सक्तिन भंछं भन्या छाड भन्नु. बाकि चैत्रशुदी १५ रोज

१४. ६ का दीन काजी रणध्वज थापाले कारबार थामी कजायी येकौटी गरी द-

१५. र्सन् गर्‍यो. बाकि काजी धोकल् षतृ र सर्दार रामसुन्दर थापाले सर्कारला-

१६. इ लेष्याका अर्जिमा आउछौं भनि लेष्याको रहेछ. तिन्हेरु दुवै जनाला-

१७. इ ताहो थामन्या काम गर्नु. शुभं

(यो पत्र नेपाल राष्ट्रिय अभिलेखालयको ३५३ सङ्ख्याको खाममा छ।)

---

३१. वि. सं. १८७२ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	३०	मङ्गल	द्वादशी	३४	२

(पात्रोबाट)

३२. वि. सं. १८७२ चैत्रशुक्ल

		गते	वार	तिथि	घडी	पला
वि. सं. १८७३	वैशाख	२	शुक्र	पूर्णिमा	१६	२३

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ गीर्वाणको स्वर्गवास भएको कुरा परेको तात्कालिक अप्रकाशित पत्र

- महेशराज पन्त

[श्री ५ राजेन्द्रबाट वि. सं. १८७३ माघ २९ गते पद्मपाणि पण्डितलाई गएको पत्रको मसौदा]

श्रीः १

श्रीबुबाज्यु १ [श्रीबज्याज्यू ४[1]] श्रीजेठामुमाज्यु २ श्रीईश्वर ५.

श्रीमुमाज्यु ३

१. सं १८७३ शा फागनवदी ८ रोज[2] श्री ५ बाट पद्मपाणि पंडितके

२. उप्रान्त जर्नॅल काजीलाई तिमीले लेष्याका पत्रको अर्थ हाम्रा हजुरमा जाहर भयो.

३. बढिया लेष्याछौ. आहांका अर्थ दुर्दैवका इछाले एस सालका मार्गशुदी १ बुधवारका

४. दिन[3] - १ - बिफरका व्यथाले शान्त हुनुभयो. - २ - ले सहगमन गर्नुभयो. थोरै वि-

---

१. कोष्ठभित्रका पद केरिएका छन् ।

२. वि. सं. १८७३ फाल्गुनकृष्ण

	गते	वार	तिथि	घडी	पला
माघ	२९	आदित्य	अष्टमी	२२	१

(पात्रोबाट)

३. वि. सं. १८७३ मार्गशुक्ल

	गते	वार	तिथि	घडी	पला
मार्ग	८	बुध	प्रतिपद्	१८	३२

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. नपछि सोही व्यथाले - ३ - पनी शान्त हुनुभयो. [मलाई का-
६. षमा लि - ४ - देस दुनियाको रक्षा र भर्भारादारमाथीको हुकुम चलाउनुहुंछ.]
- ५ -
७. का इछाले ञाहां एस्तो पऱ्यो तपनी तिमीलाइ जौन. काजमा पठायाको हो. हो अह्रायामा-
८. फीक [श्रीमन्त] सेनाध्यक्षप्रभृतिको चित्त बुझाइ एकत्वले कर्तव्य कार्यमा चांडो उद्युक्त हु-
९. न्या काम गराउनु. तिम्रो मिहिनत् बुझी बक्सन्या हामी छँदैछौं . ज्यादा बिस्तार जर्नेल काजी-
१०. का पत्रले बुझौला. शुभम् ————————————

(परराष्ट्रमन्त्रालयको १४ सङ्ख्याको पोकाको १०४७ सङ्ख्याको पत्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रा प्रकाशित कृति

संशोधन–मण्डलतर्फबाट

१. पूर्णिमा १ देखि ५६ अङ्कसम्म २९६।५०

२. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म ७।५०

३. इतिहास–संशोधन ५०।

४. सावधान–पत्र २५।

५. विद्या–रक्षा २०।

६. व्याकरण–संशोधन ३।५०

७. पञ्चाङ्ग–संशोधन १५।

८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर २।

९. रत्नदीप २।५०

१०. वृत्तशतक ३।

११. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य ५।

१२. श्री ३ महाराज पद्मशमशेरका कुरा १२।

नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

१. जयरत्नाकरनाटक ८।

३, त्रिरत्नसौन्दर्यगाथा १०।

३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) ४।५०

४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) ३।५०

जगदम्बा–प्रकाशनतर्फबाट

१. गल्लीमा पर्याँकिएका कसिङ्गर ६।२५

२. इतिहास–संशोधनको प्रमाण–प्रमेय १८।

३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) ४९।

त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

१. गोलबोध १३।७२

२. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) १०२।५०

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानतर्फबाट

१. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति १६।४०

२. प्राचीन र नवीन गणितको तुलना १५।

३. त्रिकोणमिति (ज्योत्पत्ति)

४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

का. मे. अ. द. नं १५५/२३६

कार्यालय—

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४० चैत्र

यस अङ्कको मूल्य रु. १७।–

मुद्रक—

लुष प्रेस

ख१, ३७२ काठमाडौं—१